# पहिलो अध्याय

# शोध – परिचय

## १.१. शीर्षक – परिचय

संसारमा विभिन्न जाति–प्रजातिका प्राणीहरू अवस्थित छन् । विविध प्राणीहरूमध्ये मानव एक विशिष्ट, प्राणी हो जो अन्य जातिभन्दा भिन्न किसिमले आजसम्म यस धर्तीमा विराजमान छ । मानवका अनेकन आवश्यकताहरू क्रमिक रूपमा बढ्दै जानु स्वाभाविकै पनि हो । मानिसलाई खानु, बस्नु, घुम्नुले मात्र नपुगेर कलासाहित्यको विकास गर्न उसले लोककला र लोकसाहित्यको सहारा लियो । लोककला र लोकसाहित्य मानव जातिको आफ्नो आवश्यकताको पूर्ति गर्ने परिवेशमा पनि सहज र सरल रूपमा आर्जन गरिएका उसका सम्पत्ति हुन् । यिनीहरूकै आधारबाट आज लिखित कला र लिखित साहित्यको पनि विकास भएको छ , तर अलिखित रूपमा रहेका लोककला र लोकसाहित्य आज पनि उत्तिकै जीवन्त र महिमाशाली प्रतीत छन् । लोक संस्कृतिका प्रमुख अङ्गका रूपमा रहेका लोकसाहित्यका सन्दर्भमा कुरा गर्दा लोकगीत, लोककविता, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का आदिका रूपमा लोकसाहित्यका विधाहरू फैलिएका छन् र जीवनलाई सहजता प्रदान गर्दै भाषिक अभिव्यक्ति तिखारेका छन् । यसै प्रयोजनमा लोकसाहित्यको महत्त्व छ र नेपाली लोकजीवनमा पनि नेपाली लोकसाहित्यले त्यही भूमिका सम्वहन र निर्वहण गरेको छ ।

मान्छे संसारको सबैभन्दा चेतनशील प्राणी हो । चेतनशील प्राणी भएको नाताले मान्छेलाई गास, बास र कपास जस्तै मनोरञ्जनको पनि आवश्यकता पर्दछ । त्यही आवश्यक मनोरञ्जन परिपूर्तिका लागि भन्ने र सुन्ने परम्पराको विकास भएको साहित्यलाई मौखिक साहित्य वा लोक साहित्य भनिन्छ । लोकगीत मानव विकासको सँगसँगै उनीहरूको विविध पक्षहरू सामाजिक, साँस्कृतिक, चालचलन दुःख-सुख, हर्ष-पीडा, आशा-निराशा, उत्साह, उमङ्ग, प्रेमप्रसङ्ग, मनोविज्ञान आदि अभिव्यक्त गर्ने सशक्त माध्यम हो । साहित्यमा प्रमुख रूपमा रहेको विधा लोकगीतलाई लिखित साहित्य र लोक साहित्यको पुरानो विधा र स्तम्भका रूपमा लिइन्छ । नेपाली लोकसाहित्यमा नेपाली लोकगीतको व्यापकता छ । अनपढ, अशिक्षित, ग्रामीण महिला तथा पुरुषबाट गाइने ती गीतहरूमा छन्द, अलङ्कार र रसजस्ता शास्त्रीय नियमहरू पनि स्वतः स्फूर्तरूपमा उच्छलन घुलन भई आएका हुन्छन् । जसले गर्दा यहाँका लोकगीतहरू साहित्यिक आस्वादनका दृष्टिले पनि महत्त्वपूर्ण रहेका छन् । मिश्रित बसोबास क्षेत्र भएका कारण यहाँ विभिन्न किसिमका लोकगीतहरू प्रचलनमा छन् । हालसम्म कुनै निकायबाट पनि यस कार्यमा अनुसन्धान हुन बाँकी रहेकाले यस कास्की जिल्लाको तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको अध्ययनमा प्रस्तुत शोधकार्य केन्द्रित गरिएको छ ।

## १.२. शोध शीर्षक

यस शोधकार्यको शीर्षक **'कास्की तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन'** रहेको छ ।

## १.३. शोध प्रयोजन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५४०) को प्रयोजनका लागि यो अनुसन्धानकार्य प्रस्तुत गरिएको छ ।

## १.४. शोध समस्या

प्रस्तुत शोधकार्य देहायक समस्यासँग सम्बद्ध रहका छन् :

क) कास्की तप्राङ क्षेत्रमा के कस्ता लोकगीत प्रचलित छन् ?
ख) यस क्षेत्रका प्रचलित लोकगीतहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?
ग) लोकगीतहरूको अध्ययन कसरी गर्न सकिन्छ ?

## १.५. शोधको उद्देश्य

माथि उल्लेखित शोध समस्यामा देखिएका समस्याहरूको निरूपण गर्नु नै यस शोध कार्यको प्रमुख उद्देश्य हो । अतः शोधका उद्देश्यलाई पनि निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क) कास्की तप्राङ क्षेत्रमा प्रचलित लोकगीतहरूको खोज गरी परिचय दिनु,
ख) लोकगीतहरूको वर्गीकरण गरी प्रकारहरू चिनाउनु,
ग) यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन गर्नु,

## १.६. पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यको इतिहासलाई कोट्याउने हो भने नेपाली लोकगीतको अध्ययन परम्परा धेरै लामो भए तापनि बौद्धिक रूपबाट अध्ययन गर्ने, यसका विधाहरूबारे बोल्ने र चिन्तन मनन गर्ने काम धेरै पछिमात्र भयो । प्रजातन्त्रको आगमनले जनतामा शिक्षाको प्रभाव परेपछि

नेपाली क्रमिक रूपमा शिक्षित बन्दै आए र चेतनाका विकासले लोकसंस्कृति, लोकसाहित्य जस्ता साँस्कृतिक पक्षका कुरामा पनि चासो राख्ने भए । लोकसाहित्यका विधा–उप विधालाई पगालेर हेर्ने काम अझ पछिमात्र भयो भने विधाभित्रका उपविधाहरूको छानबिन गर्ने काम भर्खरभर्खर हुँदैछ । यस्ता परिवेशमा नेपाली लोकगीतको अझै खोज र अनुसन्धान हुन आवश्यक देखिन्छ ।

धर्मराज थापाको …गण्डकीका सुसेली' (२०३०) मा गण्डकी क्षेत्रका गण्डकी लुम्बिनी र धवलागिरीका लोकगीतहरूको अध्ययन गरिएको छ । यसै क्रममा धर्मराज थापा र हंसपुरे सुवेदीको …नेपाली लोक साहित्यको विवेचना' (२०४१) मा नेपाली साहित्यलाई ६ खण्डमा विभाजन गरी अध्ययन गरिएको छ । यसै क्रममा यस कृतिको खण्ड दुईमा नेपाली लोकगीतका बारेमा चर्चा गरिएको छ भने संस्कार गीत, ऋतु गीत, पर्व गीत, कर्म गीत, लोकनृत्य वा नृत्य गीत र विविध गरी सात भागमा वर्गीकरण गरिएको छ ।

कुसुमाकर न्यौपानेको …पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०४४) मा त्रिभुवन विश्वविद्यालय नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको शोधपत्रमा पर्वत जिल्लाअन्तर्गत पैयुँखोलामा प्रचलित लोकगीतको सङ्कलन गरी वर्गीकरण र विश्लेषण गर्दै यस क्षेत्रमा प्रचलित लोकगीतहरूलाई विषयात्मक आधारमा कर्म गीत संस्कार गीत, पर्व गीत र बाह्रमासे गरी चार भेदमा उल्लेख गरेको पाइन्छ ।

हीरादेवी गुरुङको तप्राङ गाउँसँगै जोडिएको पार्चे र नामार्जुङ गाउँका गुरुङ बस्तीमा प्रचलित लोक साहित्य नामक शोधपत्र (२०७०) नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, त्रि.वि.मा नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको छ । त्यसमा पार्चे र नामार्जुङ गाउँका गुरुङ बस्तीका घाँटुका बारेमा मात्र चर्चा गरिएको छ तर तप्राङ क्षेत्रको बारेमा केही उल्लेख गरिएको पाइएको छैन ।

यसै गरी सविता अधिकारीको … लम्जुङ भोर्लेटार क्षेत्रमा प्रचलित लोकगीत (२०७०) नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, त्रि.वि.मा नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको शोधपत्रमा पनि भोर्लेटार क्षेत्रमा प्रचलित लोकगीतको मात्रै अध्ययन र विश्लेषण गरिएको छ भने तप्राङ क्षेत्रको बारेमा केही उल्लेख गरिएको पाइएको छैन ।

अतः तप्राङको वरिपरिका गाउँहरूमा कतैकतै नेपाली लोक साहित्यको केही विधामा नगन्य मात्रामा भए पनि खोज र अनुसन्धान भएको पाइन्छ, तर हालसम्म यस क्षेत्रमा भने कुनै विधामा पनि खोज र अनुसन्धान गरिएको तथ्य फेला पार्न सकिएको छैन । यस क्षेत्रमा अझै पनि योजनाबद्ध अनुसन्धानको अति आवश्यकता देखिन्छ । यसै कार्यलाई केही मात्रामा भए पनि निरन्तरता दिनको लागि तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन नामक शोधपत्र

तयार पारिएको छ ।

## १.७. अध्ययनको औचित्य

लोकगीतमा लोकजीवनका विविध पक्ष धर्म, समाज, सुख दुःख र तीतामीठा अनुभवहरू व्यक्त गरिएका हुन्छन् । आजको समाजमा पश्चिमी संस्कारको प्रवेशले आधुनिक गीतहरूको नाममा स्थानीय मूल्य मान्यतालाई प्रतिविम्बित गर्ने लोकगीत ओझेलमा पर्न आँटेको कतिपय लोप भइसकेका र कतिपय लोपोन्मुख अवस्थामा छन् । केही मात्रामा लोकगीतलाई जोगाउने प्रयत्न गरिए तापनि समग्र अध्ययन भने हुन नसकेको कारण तप्राङ क्षेत्रका लोकगीतको अध्ययन, अनुसन्धान र सम्वर्द्धन गर्नु आवश्यक छ । यसै सन्दर्भमा यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गर्नु नै यस शोध कार्यको मुख्य औचित्य हो । आगामी दिनमा यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र अनुसन्धान गर्न चाहनेहरूलाई केही मात्रामा भए पनि सहयोग पुग्ने हुँदा यसको थप औचित्य र महत्त्व स्वतः देखिन्छ ।

## १.८. क्षेत्र र सीमा

प्रस्तुत सन्दर्भमा कास्की तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन भन्नासाथ कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ६ तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण भन्ने बुझिन्छ । नेपाली लोकसाहित्यको क्षेत्रमा लोकगीतको क्षेत्र व्यापक रहेको छ । सबै विधाको अध्ययन नहुनु यसको सीमा अन्तर्गत पर्दछ । यस शोध पत्रको मुख्य अध्ययन क्षेत्र भनेको तप्राङ क्षेत्र नै हो । यस क्षेत्रमा प्रचलित प्रतिनिधिमूलक लोकगीतहरूलाई सङ्कलन गर्नुका साथै प्रकार्यमूलक अध्ययनलाई केन्द्रविन्दु बनाएर वर्गीकरण गरी तिनलाई निश्चित सिद्धान्तका आधारमा विश्लेषण गरी निष्कर्ष निकाल्नु यसको क्षेत्र हो । यस क्षेत्रका लोकगीत सिद्धान्त बाहेक अन्य विधामा खोज र अनुसन्धान गर्न नसकिने भनी सीमाङ्कन गरिएको छ ।

## १.९. सामग्री सङ्कलन विधि

लोकगीतको सङ्कलन गर्न क्षेत्रकार्य विधिको प्रयोग गरिएको छ । पूर्वकार्यको समीक्षा गर्दा सम्बन्धित विशेषज्ञ, ज्ञातासँग सल्लाह र परामर्श गरी पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ । सम्बन्धित विभिन्न पत्र पत्रिकाका र कृतिका माध्यमबाट शोधकार्य सम्पन्न

गरिएको छ ।

## १.१०. शोध विधि

प्रस्तुत अनुसन्धान कार्य क्षेत्रकार्यका आधारमा सम्पन्न गरिएको हुँदा यसमा आगमनात्मक विधिको प्रयोग गरेर तथ्यको जानकारी गराइएको छ । कतिपय सैद्धान्तिक आधारमा निगमनात्मक विधि प्रयोग कार्य गरेर सिद्धान्तको स्वरूप चिनाइएको छ । वर्णनात्मक र विश्लेषणात्मक पद्धतिबाट शोधको प्रस्तुत गरिएको छ ।

## १.११. शोधको रूपरेखा

शोध कार्यका गतिविधिलाई व्यवस्थित गर्नका लागि तल उल्लेख गरिएका अध्याय र मूल शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । यस अन्तर्गत अध्यायका मूल शीर्षकमा उपशीर्षक, उप उपशीर्षक आदिका माध्यमले स्पष्ट पारिएको छ । शोधपत्रको मूल रूपरेखा यस प्रकार रहेको छ :

क) पहिलो अध्याय : शोध परिचय
ख) दोस्रो अध्याय : लोक साहित्यको सैद्धान्तिक परिचय
ग) तेस्रो अध्याय : कास्की तप्राङ क्षेत्रको परिचय र यहाँ प्रचलित लोकगीतको वर्गीकरण
घ) चौथो अध्याय : कास्की तप्राङ क्षेत्रका लोकगीतको अध्ययन
ङ) पाँचौं अध्याय : उपसंहार वा निष्कर्ष
च) सन्दर्भ कृति सूची
छ) परिशिष्ट

**दोस्रो अध्याय**

# लोक साहित्य र लोकगीतको सैद्धान्तिक परिचय

## २.१ लोक साहित्यको चिनारी

**'लोकृ दर्शने'** धातुमा **घञ्(अ)** प्रत्यय (लोक् + घञ् (अ) लागेर **लोक** शब्द निर्मित भएको हो । यहाँ प्रयुक्त **लोकृ** धातुको अर्थ **देख्नु** वा **हेर्नु** हो *(न्यौपाने कुसुमाकर : २०६६ विद्यावारिधि शोधप्रबन्ध) ।* यही धातुबाट बनेको अन्य पुरुषको वर्तमानकालिक एकवचन रूप **लोकते** हो । यसरी **लोकृ** धातुबाट निर्मित **लोकते** शब्दका सन्दर्भबाट हेर्दा लोकको अर्थ देख्नेवाला वा हेर्नेवाला भन्ने स्पष्ट हुन्छ । त्यसैले देख्ने वा हेर्ने जनसमुदाय नै लोक हो *( कुसुमाकर, २०६६ : ४, विद्यावारिधि शोधपत्र )* ।

शब्दकोशका अनुसार ब्रह्माण्डको कुनै भाग अथवा खण्ड, संसार, जगत् दुनियाँ भन्ने बुझिन्छ । लोक शब्दको प्रयोग स्थान र लोक व्यवहारमा रमाउने सामान्य जनताका रूपमा आएको छ भने ...सहित' शब्दमा ...य' प्रत्यय जोडिएर बनेको साहित्य शब्दको अर्थ लोकहितकारी भावनाले युक्त लालित्यमय वा भावपूर्ण अभिव्यक्ति हो *(गौतम, २०६०: २४३) ।* "

अंग्रेजी शब्द (Folk Literature) को समानार्थी शब्द लोकसाहित्य हो । युगौंदेखि मौखिक वा श्रुति परम्पराबाट आउने अलिखित साहित्य नै लोकसाहित्य हो । व्यक्ति विशेषको स्थापना भएर पनि सामूहिक हुन अलिखित रूपमा हुर्केर जनमानसमा रहिरहनु हो *( पराजुली, २०५१:२६) ।*

अंग्रेजी भाषाका "Folk" को समानार्थी शब्दको रूपमा ...लोक' शब्दको प्रयोग गरिएको छ भने Literature को समानार्थी ...साहित्य' भएर दुवै मिली Folk Literature वा लोक साहित्य बनेको हो । आदिकालदेखि नै मौखिक वा श्रुति परम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको अपठित जनताको मौखिक अभिव्यक्ति र

अलिखित साहित्य नै लोकसाहित्य हो (गैरे, २०६०:५) ।

मौखिक परम्पराबाट विकसित भएको लोक साहित्यलाई चिनाउने क्रममा विभिन्न विद्वान्हरूले आ–आफ्नो मत प्रकट गरेको पाइन्छ । विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरु :

## २.२. लोकसाहित्यका परिभाषाहरू :

लोकद्वारा निर्मित भई लोकमा मौखिक रूपमा प्रचलित लोकहितकारी निर्वैयक्तिक साहित्यलाई लोकसाहित्य भनिन्छ *( कुसुमाकर, २०६६ : ४, विद्यावारिधि शोधपत्र )*।

“लोकले सजिलै बुझ्न सक्ने र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो (थापा र सुवेदी, २०४१:३) ।” “लोक साहित्य भनेको मुख्यत : अपठित समुदायको मौखिक रूपमा व्यक्त लोकज्ञान हो । यस अन्तर्गत लोक साहित्यको उत्पत्ति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरू (लोकगीत, लोककथा, लोकनाटक, पौराणिक एवम् नीतिकथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि) को अध्ययन र सङ्कलन दुबै पर्दछन् । ”

“वास्तवमा लोक साहित्य त्यो हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ, आफ्नैपनको शैली छ । अझ यस नेपाली साहित्यमा सत्यम् शिवम् सुन्दरम्को रूपमा नेपाली नृत्य, नेपाली लय, नेपाली सुर र नेपाली भावमा ढालिएको छ (जोशी,२०४१:१९०) । ”

त्यस्तै चूडामणि बन्धुको नेपाली लोक साहित्य नामक पुस्तकमा लोक साहित्य सम्बन्धी विभिन्न विद्वान्ले आफ्नो मत यसरी प्रकट गरेका छन् :

“लोक साहित्य त्यो हो जसका रङ्गढङ्गको व्याख्या र नियन्त्रण तथा बन्धन कुनै

पुस्ताले नगरेको होस् र आफ्नोपनमा हास्य, व्यङ्ग्य शब्द, वाक्य र उक्तिहरूले युक्त होस् ( बन्धु,२०५८:१२) । ”

“लोकसाहित्यमा निर्माता अज्ञात छन् र धर्तीका अनेकौँ व्यक्तिहरूको लगानी यसमा लागेको छ । सामूहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालाई आफूतिर खिच्न लोकसाहित्य सक्षम छ । यसमा न औपचारिकताको झन्झट छ, न त परिमार्जनको चक्कर छ, न पाण्डित्यको क्लिष्टता नै । सहजता, सजीवता र प्रवाहमयता लोक साहित्यका विशिष्ट गुण हुन् (बन्धु, २०५८:६७) । ”

यसरी लोक साहित्यलाई परिभाषित गर्दा लेखक अज्ञात रहेको एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने मौखिक साहित्य लोक साहित्य हुन्छ । लोक साहित्य सरल प्रकारको साहित्य हो । यसमा लोक जीवनका हाँसो, पीडा आदिको झझल्को पाउन सकिन्छ । परम्परादेखि चल्दै आएको लोक साहित्य आज पनि उत्तिकै चर्चित र जीवित रहेको पाउन सकिन्छ ।

## २.३. लोकसाहित्यको विधागत वर्गीकरण

...लोक' शब्दले सामान्य वा लोकको साहित्य भन्ने बुझाउँछ । यसको अङ्ग्रेजी समानार्थी शब्द फोक् लिटरेचर (Folk Literature) हो । फोक् (Folk) को अर्थ ग्रामीण अपठित, असंस्कृत र अशिक्षित जाति हो भने 'Lore' को अर्थ ज्ञान वा सिक्नु पर्ने कुरा हो । यसरी (Folk Lore) शब्दको अर्थ ग्रामीण समाजको अर्थात् असंस्कृत जातिको ज्ञान हो ( बन्धु,२०५८:१३) ।

**डा. चूडामणि बन्धुका अनुसार लोक साहित्यको वर्गीकरण यसप्रकार छ :-**

१) लोकगीत

२) लोककविता

३) लोककाव्य

४) लोकनाटक

५) लोकगाथा

६) लोककथा

७) उखानटुक्का ।

**अर्का अनुसन्धानकर्ता कृष्ण प्रसाद पराजुलीका अनुसार लोक साहित्यका प्रकार :**

१) लोककथा

२) लोकगीत

३) लोकगाथा

४) लोकनाटक

५) उखान

६) टुक्का

७) गाउँखाने कथा ।

उनले अभिव्यक्तिका आधारमा पद्यमूलक, गद्यमूलक र चम्पूमूलक भनी समेट्ने काम गरेका छन् । प्रस्तुतिका दृष्टिमा चार रूपमा गेयतत्त्व, श्रव्यकाव्य र लोकोक्ति वर्गीकरण गरेर सोही अन्तर्गत अन्य विधालाई समेट्ने काम गरेका छन् (पराजुली, २०५०:४२) ।

## २.४. नेपाली लोकगीतको परिचय र परिभाषा

लोकगीत एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने चुड्किलो गेयात्मक विधा हो । लोकगीतमा लोक जीवनका दुःख, पीडा, हाँसो, खुसी आदि झल्किएको पाइन्छ । लोकगीतका रचनाकार अज्ञात नै हुन्छ । यो लोक साहित्यको एक उत्कृष्ट र लयात्मक पद्य विधा हो । लोकगीतलाई चिनाउने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नो परिभाषा प्रस्तुत गरेका छन् । ती परिभाषाहरू निम्न छन् :

"लोकले मौखिक रूपमा जीवित राखेको अनि लोकहृदयको स्वतस्फूर्त लयात्मक गेय

अवैयक्तिक अभिव्यक्ति लोकगीत हो *( कुसुमाकर, २०७०:३ र १९३ )*। ”

“लोकगीत लोकले गाउने परम्परामा प्रचलित गीत हो । जुन अङ्ग्रेजी भाषाको फोक्सङ (Folk song) को पर्याय रूपमा आएको पाइन्छ । लोकगीतलाई ग्रामगीत, जनगीत आदि भन्ने गरिएको पाइन्छ (पराजुली, २०५०:६६) । ”

“जीवनका आइपर्ने समस्या र उत्सव जेमा पनि लोकगीतले नै आफ्नो भित्री हृदयलाई बहलाउँछन् । अतः लोकगीत जीवनको हरेक क्षेत्रमा निकटमात्र नरहेर स्पर्शमा नै आइरहेको हुन्छ (पोखरेल, २०४०:२१) । ”

“लोकगीत साहित्यको सबैभन्दा व्यापक र प्रिय अङ्ग हो । समसामयिक प्रसङ्ग होस् वा आफ्नो भावुकतावश उद्गारित होस्, स्वच्छ, सहज आत्माबाट प्रष्फुटित कुनै पनि लोकको लय लोकगीत हो (थापा र सुवेदी, २०५८:४७) । ”

“काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयपूर्वक शैली र कोमल पद रचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन्” (पराजुली,२०४६:८६) ।

“लोक साहित्यरूपी पारिजातमा कुसुमित फूलको वरदान भनौँ प्रचुर गुदी भएको स्वादिलो, मधुरो र रसिलो फल लोकगीत हो (बन्धु, २०५८:११४) । ”

“लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मातृभाषाका नाताले मानव समाजमा नैसर्गिक रूपले सुख, दुःख प्रमोद, हर्ष आदिबाट उद्यृत बाहिर प्रस्तुत हुने लयात्मक अभिव्यक्तिलाई लोकगीत भनिन्छ (बन्धु, २०५५:११३) । ”

लोकगीतको परिभाषा दिने क्रममा विभिन्न स्रष्टाहरूले आ-आफ्नै पाराले लोकगीतलाई चिनाएका छन् । कसैले लोकगीतमार्फत जीवनका जुनसुकै समस्याहरू पनि सहज ढङ्गले व्यक्त हुन सक्छ भनेका छन् भने कसैले प्रचुर गुदी भएको स्वादिलो रसिलो फल र पारिजात फूलको बास्नासँग लोकगीतलाई तुलना गर्न पुगेका छन् । ज-जसले जे जसरी लोकगीतको परिभाषा दिए पनि सबैको परिभाषालाई समष्टिगत

रूपमा  हेर्दा लोकगीत लोक हृदयबाट निस्केको सरल सहज अभिव्यक्ति हो । यसबाट जीवनका जुनसुकै समस्याहरू पनि सहज रूपमा उद्घाटन हुन्छ लोकगीत मीठो र स्वादिलो फल जस्तै हो । लोकगीत पारिजात फूलको सुगन्धसँग तुलना गर्न योग्य रहेको छ ।

लोकगीत लोकजीवनका सरल हृदयको सहज अभिव्यक्ति हो । यसमा लोक जीवनका सुख, दुःख,  पीडा, व्यथा आदि प्रस्तुत गरिएको हुन्छ । लोकगीत स्वतन्त्र रचना हो । यो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने गर्दछ जसले लय र तालका माध्यममा लोक जीवनका विविध पक्षको उद्घाटन गर्दछन् ।

## २.५. लोकगीतका तत्त्वहरू

लोकगीत बन्नका निम्ति चाहिने उपकरणहरूलाई लोकगीतका तत्त्व भनिन्छ । ती तत्त्वलाई लोकगीतका उपकरण, अङ्ग, अवयव, संरचक घटक आदि नामले पनि चिनिन्छ ।  जे नामले पुकारे पनि आफ्ना तत्त्व अर्थात् अङ्गका अभावमा लोकगीतको स्वरूप बन्दैन । लोकगीत बन्नका लागि चाहिने तत्त्वका बारेमा पनि अध्येताहरूले आ-आफ्ना धारणाहरू अगाडि राखेका छन् । ती धारणाहरूलाई अवलोकन गर्दा लोकगीतका तत्त्वका बारेमा एकरूपता पाइँदैन । जानकारीका निम्ति अध्येताले उल्लेख गरेका लोकगीतका केही तत्त्वहरू यस प्रकारका छन् :-

### २.५.१. संरचना

"संरचना भनेको बनोट हो । कुनै पनि वस्तुको बाहिरी सिङ्गो बनोट र भित्री बुनोटको समष्टि नै संरचना हो ( *बस्याल, २०५३: ५६* ) । "  मौलिक रूपमा गेयात्मकता आउने गरी सहज र स्वतस्फूर्त हुने गरी भनिने प्रक्रिया नै संरचना हो । संरचना आन्तरिक र बाह्य गरी  दुई तहमा रहेको भेटिन्छ । संरचना गीतको आवरण वा पहिरन हो । यसमा वर्ण, शब्द, वाक्य, अनुच्छेद हुँदै सङ्कथनसम्म पुग्छ । आन्तरिक  संरचनामा वस्तुको

सिलसिलाबद्ध संयोजित गरिएको सारपूर्ण समापन हो, बाहिरी संरचना रूप हो भने आन्तरिक संरचना गीतको सार हो । त्यसैले भाषिक सङ्कथनका रूपमा चिनिएको लोकगीत पनि एक किसिमको संरचना नै हो ।

### २.५.२. लय

कुनै पनि लोकगीत एउटा निश्चित लयमा बाँधिएको हुन्छ । " लय भनेको भाका हो । लोकगीतको गेयात्मक छन्दलाई लय भनिन्छ ( *गौतम, २०६६ : ५६६* ) । " लयविना लोकगीतको कल्पना पनि गर्न सकिंदैन । लयविना लोकगीत सुवास विनाको फूलजस्तै हुन्छ । लयमा आबद्ध पदावलीद्वारा नै गीतलाई भावनात्मक गहिराइमा पुऱ्याएर रागात्मक अनुभूति प्रदान गर्ने काम गरिन्छ । लय द्रुतलय, मध्यमलय र विलम्य लय गरी तीन प्रकारका हुन्छन् । जति लोकगीत छन् त्यति नै लोकगीतका लयगत विभेद पाइन्छन् । विषयवस्तुलाई भाषाले व्यक्त गरे पनि अभिव्यक्ति लयबद्ध हुन सकेन भने त्यो लोकगीत हुँदैन । नेपाली लोकगीतमा सालैजो, यानिमयाँ, सुनिमयाँ, भैली, भैलो, देउसी, असारे लगायतका विविध लय छन् ।

### २.५.३. गेयता

गेयता भनेको गाउन मिल्ने गुण हो । लयलाई गतिमयतामा पुऱ्याउने शैलीलाई गेयता भनिन्छ । यो लौकिक कण्ठद्वारा प्रकट हुन्छ । साधारण रूपमा लय र गेयता समान जस्तै देखिए पनि लय भनेको चरणबद्ध बनौट हो भने गेयता चाहिँ त्यसलाई श्रुति मधुर बनाउने सुरिलो कथन शैली हो ।

"गीतको चरणबद्ध बनोटलाई भाका भनिन्छ भने गीतलाई सुरिलो र मनोहारिता बनाउने गेयता हो ( *शर्मा र लुइँटेल, २०६३:७३* ) ।" लोकगीतमा छन्द वा लयलाई निर्वाह गर्दा वर्गहरूमा प्रयोजनअनुरूप गाउने, गति दिने कलात्मक प्रक्रिया भाका हो । भाका नै लोकगीतको गेयता हो । भाका द्रुत, मध्यम, विलम्ब कुनै पनि हुन सक्छ । त्यसैले लोकगीतको प्रमुख तत्त्व गेयतालाई मानिन्छ ।

### २.५.४. कथन पद्धति

मानिसलाई आफ्नो अनुभूति, विचार वा ज्ञानको सम्प्रेषण गर्नु आवश्यक हुन्छ । आफ्नो मनमा अनुभूति वा विचार जस्तोसुकै तरिकाबाट व्यक्त गर्न सकिन्छ । यसरी आफ्नो विचार अनुभूति अरूसामु व्यक्त गर्न वा ल्याउनुलाई कथनपद्धति भनिन्छ । वर्णनात्मक आख्यानात्मक, नाट्यात्मक आदि कुनै किसिमले आफ्नो अभिव्यक्ति दर्शकसामु राख्न सकिन्छ । लोकगीत एक्लै गाइने एकल वा दोहोरी रूपमा गाइने संवादात्मक कथन दुईथरी मिलेर गाइन्छ । यसैले समूह गायन वा एकल गायन जुनसुकै गीत भए पनि त्यहाँ कथनपद्धतिको आवश्यकता हुन्छ ।

### २.५.५. भाषा

"भाषा भनेको अभिव्यक्तिको माध्यम हो ( *आचार्य गोविन्द, २०६०:१३२* ) ।" लोकगीत पनि एक प्रकारको भाषिक अभिव्यक्ति हो । लोक साहित्यका अन्य विधाका माध्यम भाषा भएजस्तै लोकगीतको माध्यम पनि भाषा हो । लोकगीतको भाषिक अभिव्यक्ति लयात्मक हुन्छ । लोकगीतमा लोकभाषाको प्रयोग गरिएको हुन्छ । त्यसैले यसमा झर्रा, स्थानीय र सग्ला शब्दको बढी प्रयोग हुन्छ । लोकगीतमा अलङ्कृत र काव्यात्मक नभई भावानुकूल, सरल, सहज र सरस भाषाको प्रयोग गरिएको हुन्छ । यसमा लाक्षणिकता र व्यञ्जनात्मकता नभई अभिधा अर्थयुक्त शब्दको बढी प्रयोग भएको पाइन्छ । भाषा भावलाई साकार पार्ने तत्त्व भएकाले यसलाई लोकगीतको तत्त्व मानिन्छ ।

### २.५.६. शैली

लोकगीतको शैली भनेको मुख्यतः लोकगीतको गायन वा कथनको तरिका हो । त्यसै गरी कुनै विषय वा विचारको कथन गर्न अँगालिएको ढङ्ग पनि लोकगीतको शैली नै हो ( *न्यौपाने, कुसुमाकर, २०६६ शोधप्रबन्ध* ) । वास्तवमा लोकगीत सरल शैलीमा व्यक्त हुन्छ । यसमा स्थायी र अन्तराको विन्यास हुन्छ, निपात तथा थेगाहरूको प्रयोग हुन्छ साथै अलङ्कारको प्रयोग पनि स्वाभाविक रूपमा गरिएको हुन्छ । यस्तै कतिपय

गीतमा विम्ब तथा प्रतीकको प्रयोग पनि गरिएको भेटिन्छ । यी सबै कुराका सन्दर्भमा विचार गर्दा लोकगीतको शैलीमा एकल, युगल वा सामूहिक गायन, वर्णनात्मकता, आत्मालाप वा वार्तालाप, सरलता-सरसता, आलङ्कारिकता, लाक्षणिकता र प्रतीकात्मकता जस्ता प्रवृत्तिहरू रहन्छन् । कतिपय तीजे गीत संवादात्मक हुन्छन् । अहिलेका कतिपय दोहोरी गीत वादविवादात्मक छन् । अझ कुनै गीत मनोवादात्मक पनि हुन्छन् । यसैले लोकगीतमा आलङ्कारिक, वर्णनात्मक, विवरणात्मक, संवादात्मक, वादविवादात्मक, मनोवादात्मक शैली पाइन्छन् । यस्ता शैलीमध्ये कुनै एकको वा अनेक शैलीको प्रयोग लोकगीतमा हुने गर्दछ ।

### २.५.७. भाव

भाव भनेको लोकगीतको अन्तर वस्तु वा मूल कथ्य हो । लोकगीतमा लोक भावना र लोक विचारको अभिव्यक्ति पाइन्छ । यसमा लोक समुदायका दुःख-सुख, हर्ष-विस्मात, प्रेम-पीडा, उज्यालो-अध्यारो, विजय-पराजय, संयोग-वियोगजस्ता भावहरूको सहज र स्वाभाविक भाव व्यक्त भएको पाइन्छ । लोकगीतमा प्रायः एउटै मूलभावको विस्तार सशक्त रूपमा गरिएको हुन्छ । भाव वा विचारको अभावमा लोकगीतले मूर्त रूप लिन सक्दैन । त्यसैले भावलाई यसको अनिवार्य तत्त्व मानिन्छ ।

लोकगीत लोकमानसका अन्तर हृदयबाट निस्किएको सहज एवम् स्वाभाविक अभिव्यक्ति हो । यसलाई मनोरञ्जनात्मक र आकर्षक बनाउन विभिन्न अवयवहरूको आवश्यकता पर्दछ । त्यसलाई नै लोकगीतको तत्त्व भनिन्छ । कुनै एक तत्त्वविना लोकगीतले आफ्नो पूर्ण रूप प्राप्त गर्न सक्दैन ।

## २.६. लोकगीतका विशेषताहरू

प्रत्येक अभिव्यक्तिका जस्तै लोकगीतका पनि आफ्नै विशेषता छन् । लोकगीतहरू असीमित भएकाले लोकगीतका विशेषतालाई सीमाबद्ध गरेर भन्न सकिँदैन । पहिले एक प्रकारका लोकगीत प्रचलित थिए भने अहिले अर्कै प्रकारका लोकगीत चलनचल्तीमा आएका छन् अनि पछि अर्कै प्रकारका लोकगीतहरू देखिनेछन् । लोकगीत लोक जीवनको अन्तरहृदयबाट निस्केको स्वत-स्फूर्त अभिव्यक्ति हो । यसमा लोकजीवनका सुख, दुःख, हाँसो, पीडा, खुशी आदि चित्रित हुन्छन् । कठोर हृदयलाई पनि छुन सक्नु यसको विशेषता हो । यसका विशेषतालाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

### २.६.१. अज्ञात सर्जक

लोकगीत कसले र कहिले रचना गरेको हो भन्ने जानकारी पाँइदैन । लोकगीत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ । लोकगीतका सन्दर्भमा लोकगीतको सर्जक भनेको लोकगीतको गायक हो । लोकस्तरमा लोकगायकले लोकगीत सिर्जना गर्दा अर्थात लोकगीत गाउँदा त्यसमा आफ्नो व्यक्तिगत अधिकारको दाबी गर्दैन । उसले आफ्ना मनका सुखदुःखका भावलाई लयमा बाँधेर व्यक्त गर्दछ अनि त्यसलाई लोकसामु सुम्पेर अगाडि बढ्छ । जुन कुरा आफूले व्यक्त गरेको हो त्यो आफ्नो हो भनेर लोकगीत गाउने प्रतिभाले जिकिर गर्दैन । प्राचीन कालदेखि नै चल्दै आएको हुनाले यसको तिथिमिति र रचनाकार अज्ञात हुने गर्दछ ।

### २.६.२. सामूहिक भावभूमि

कुनै पनि लोकगीत कुनै एकजना व्यक्तिले सिर्जना गर्दछ अनि व्यक्तिसिर्जित त्यो लोकगीत व्यक्तिमा सीमित नभई समाजमा फैलिन्छ । लोकगीतको निर्माण व्यक्ति विशेषबाट नभई लोकसमूहबाट गरिन्छ र यसमा सामूहिक भाव वा विचार तथा सामाजिक मूल्य मान्यताको अभिव्यक्ति हुन्छ ।

जस्तै :

धन कमाउन जान्छु पियारी
बस तिमी बाल बच्चा सियारी

## २.६.३. सरल र सहज प्रकृति

लोकगीतको परिचायक एउटा विशेषता सरलता हो । लोकगायक आफैमा सरल हुन्छन् । त्यस्ता लोकगायकले लोकगीत गाउनका निम्ति कुनै औपचारिक व्यवस्था गर्नुपर्दैन । निश्चित समयमा विधि पुऱ्याएर गाइने लोकगीतमा जे–जस्तो व्यवस्था मिलाउनुपर्छ त्यसका निम्ति पनि सरल उपाय अपनाइएको हुन्छ । लोकगीतमा प्रयोग हुने शब्द लोकव्यवहारमा प्रचलित सरल खालका हुन्छन् । अझ लोकगीतमा लोकमा प्रचलित सरल र कोमल भाषाको प्रयोग हुन्छ । लोकगीतमा भाषाको शब्दप्रयोग र वाक्यप्रयोगका तहमा सरलता हुन्छ र त्यसले गर्दा यसमा अभिव्यक्ति अर्थ वा भाव सरल एवम् सम्प्रेष्य हुन्छ । लोकगीतमा कुनै प्रकारको कृत्रिमता नभई वास्तविकता हुन्छ । यसमा लोक जीवनमा प्रयोगमा ल्याइएका भाषाको प्रयोग हुनाले यो सरल र सहज प्रकृतिको हुन्छ । जस्तै :

दाइ त मेरो लाहुरै जानी
म बैनी त सम्झेर रोइरनी

## २.६.४. लयगत विविधता

लोकगीत भनेको लयात्मक अभिव्यक्ति हो अनि यो अभिव्यक्ति ललित एवम् रागात्मक हुन्छ । लोकगीतका विभिन्न प्रकार भए जस्तै प्रत्येक प्रकारका लोकगीतका भिन्नभिन्न लय हुन्छन् । ती प्रत्येक लोकलयका पनि भेदोपभेद हुन्छन् । एउटै लयको लोकगीत जाति एवम् स्थानका भिन्नताका कारण फरक लयका रूपमा प्रवाहित हुन्छ । लोकगीतमा प्रयुक्त लयको आफ्नै प्रकारको छन्द हुन्छ । त्यो छन्द काव्यशास्त्रीय छन्दयोजनाका कट्टरताबाट मुक्त रहे पनि उच्चार्य श्रव्यसङ्गीतका नियमितताबाट चाहिँ अनुप्राणित नै रहन्छ

।

## २.६.५. उपदेशात्मकता

लोकगीतमा लोकव्यवहार झल्किन्छ । यसमा लोक समाजमा विद्यमान नीति नियम, अर्ती उपदेश आदि कुराहरू पाउन सकिन्छ ।

जस्तै :

नखेल्नु जुवा र तास
धनको नास जीवनको बनिबास
गरे पौरख यहीँ फल्छ सुन
नजाउ विदेश पराइको दास हुन *(नीतिशास्त्र: २०१७)*

## २.६.६. सङ्गीतात्मकता

लोकगीतमा गायन, वादन तथा नृत्य तीनै पक्षको सन्निवेश हुन्छ । प्रायः सबै लोकगीतमा गायन पक्षको प्रबलता हुन्छ, तर वाद्यवादन तथा नृत्यको भूमिका भने सबैमा अनिवार्य हुँदैन । लोकगीत गाउँदा बाजाका साङ्गीतिक रमझम र नृत्यको चालढालसमेत भयो भने त्यस्ता लोकगीतको प्रस्तुति आकर्षक हुन्छ । यसरी सङ्गीतकै कारण लोकगीत प्रभावात्मक एवम् लोकप्रिय हुन पुगेका हुन् । सङ्गीतकै कारण लोकगायकले लोकगीत गाउँदा आफू पनि रमाएका हुन्छन् अनि श्रोतालाई पनि मोहित पारेका हुन्छन् । गेयता र सङ्गीतलाई लोकगीतको अनिवार्य पहिचान मानिन्छ । यो श्रुतिमधुर हुन्छ । लोकगीतले सङ्गीतको समूचित प्रयोग गर्दछ ।

जस्तै :

जाम त भने वनको बाटो
न जाम भने मायाले बोलाको

### २.६.७. स्वच्छन्दता

लोकगीत लोकगायकको स्वतन्त्र अभिव्यक्ति हो । यसमा अभिव्यक्तिगत स्वतन्त्रता र स्वच्छन्दता हुन्छ । मुक्त मनको स्वतन्त्र र स्वच्छन्द अभिव्यक्ति हुने हुँदा यसमा शास्त्रीय बन्धन हुँदैन । लोकगीत यहाँबाट यसरी गाउने भन्ने पनि हुँदैन । लोकगीत जहाँ जसरी पनि गुनगुनाउन सकिन्छ । हुन त कतिपय लोकगीत निश्चित अवसरमा गाइन्छन् तर यसले कुनै प्रकारको बन्धन स्वीकार्दैन र स्वतस्फूर्त ढङ्गमा प्रकट हुन्छ । प्रायः सबै लोकगीत स्वतन्त्र हुन्छन् । छन्द, लय सङ्गीतका नियमलाई नमानेर यसले सामान्य लोक व्यावहारको अनुसरण गर्दछ ।

जस्तै :

घर ता मेरो पातीले बारेको
रून मलाई कर्मले पारेको ।
ढुङ्गे साउँमा
चिठी पठाउँला
तिम्रै नाउँमा । *(अधिकारी, शोधपत्र : २०७०)*

### २.६.८. मौखिक परम्परा

लोकगीत मौखिक रूपमा गाइन्छ । लोकगीतको अस्तित्त्व मौखिक परम्परामा जीवित हुन्छ । यसका गायकले आफ्ना मनका कुरा लयमा बाँधेर समाजमा प्रस्तुत गरेपछि त्यो गीत अर्को लोकगायकले सुनेर मौखिक रूपमै प्रस्तुत गर्दछ । आफूले गाएको गीत समाजमा अर्पित भएपछि लोकगायकले त्यो आफ्नो गीत हो भनेर जिकिर गर्दैन । यसरी लोकका गलागलामा बसी एक ठाउँबाट अर्को ठाउँमा पुग्दै त्यहाँको स्थानीयता ग्रहण गर्दै त्यो गीत त्यहीँको हुन्छ । समाज र स्थानअनुसार मौखिक रूपमा परिवर्तन हुँदै त्यो गीत प्रवाहित हुन्छ । लोकगीत मौखिक परम्पराबाट नै विकसित भएको हो । यसलाई अशिक्षित लोक समुदायले नै जीवित राखी एक पुस्ताबाट अर्को पुस्तासम्ममा हस्तान्तरण गर्दै आएको छ ।

जस्तै:

मेरा बाबा आए लिनलाई -हम्क्याइलो
फर्सी र खसी पनि ल्याए- हम्क्याइलो
राम्रोसँग खान दिए सासू- हम्क्याइलो *( हरिदेवी कोइराला : युट्युब)*

## २.६.९. लोकतत्त्वको प्रयोग

लोकगीतमा लोकजीवनको चित्रण हुन्छ । त्यस क्रममा लोकप्रचलन, लोकविश्वास, लोकधर्म, लोकआभूषणलगायतका लोकपक्षलाई देखाइएको हुन्छ । यस्तै लोकगीतमा लोकभाषाको प्रयोग गरिएको हुन्छ । लोकगीतका कतिपय ठाउँमा लोकभाषाका कतिपय त्यस्ता निरर्थक शब्दको प्रयोग पनि गरिएको हुन्छ जसलाई लोकगीतको एउटा लोकलक्षण मानिन्छ । यसै सन्दर्भमा स्मरण गर्नुपर्ने अर्को पक्ष यसमा प्रयोग हुने लोकबाजा र नृत्य पनि हुन्, जसको प्रयोगले लोकगीत प्रभावकारी बन्दछ । यी-यस्ता लोकतत्त्वको प्रयोग हुनु पनि लोकगीतको परिचायक विशेषता हो ।

जस्तै :

जिम्माल बाको आँगनीमा नारन पूजा लाको
फूलमायाको हातबाट नैवेद खान पाको ।
मन परेरै हो कि सबलाई दियौ हातैमा
मलाई सालको पातैमा ।

## २.६.१०. पुनरावृत्ति

लोकगीतको गायनमा प्रस्तुतिगत पुनरावृत्ति धेरै हुन्छन् । ...हा', ...हे', ...बरिलै' जस्ता थेगोहरू लोकगीतमा पुनरावृत्ति हुन्छन् । यस्तै लोकगीतमा स्थायीको पुनरावृत्ति पनि प्रशस्त भइरहन्छ । गीतको एउटा पङ्क्ति पटकपटक दोहोऱ्याएर प्रस्तुतिलाई लामो बनाउने प्रवृत्ति पनि लोकगीतमा पाइन्छ । यसरी प्रस्तुतिगत पुनरावृत्तिको ढङ्ग र त्यसको आकर्षण लोकगीतको छुट्टै विशेषता हो ।

माथि प्रस्तुत गरिएका विशेषताबाट पनि लोकगीत सम्पूर्ण लोकमानवको हृदयमा बस्न सफल छन् भन्ने कुरा स्पष्ट हुन्छ । लोकगीत लोकजीवनको ढुकढुकी हो । यसमा नेपाली लोकजीवनका हाँसो, पीडा, बाध्यता, विवशता, जीवन भोगाइका अनुभूति, लोकसंस्कृति आदिलाई वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ ।

## २.७. लोकगीतको वर्गीकरण

लोकगीत लोकसाहित्यको एक उत्कृष्ट गेयात्मक विधा हो । लोकगीत लोकमानसको हृदयबाट निस्केका सुमधुर आवाज हो । लोकगीत विभिन्न प्रकारका छन् । यसको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नो धारणा व्यक्त गरेको पाइन्छ । विभिन्न विद्वान्का आधारमा लोकगीतको वर्गीकरण यसरी गरिएको छ :

चूडामणि बन्धुले …नेपाली लोक साहित्य' मा लोकगीतलाई सहभागिताका आधारमा, लय र भावका आधारमा, प्रकार्यका आधारमा वर्गीकरण गरेका छन् भने प्रकार्यको आधारलाई प्राथमिकता दिएका छन् । यस अन्तर्गत निम्नलिखित लोकगीतहरूको उल्लेख गरिएको छ :

१) धार्मिक गीत

२) अनुष्ठानमूलक तथा संस्कार गीत

३) ऋतुकालीन तथा पर्व गीत

४) श्रम गीत

**लोक साहित्यविद् सत्यमोहन जोशीले लोकगीतलाई आठ भागमा वर्गीकरण गरेका छन् :**

१) भजनका रूपमा गाइने लोकगीत

२) नृत्यसँग उनिएका लोकगीत

३) प्रेममय जीवनसँग गाँसिएका लोकगीत

४) चाडपर्वसँग समन्वय राख्ने लोकगीत

५) सामाजिक लोकगीत

६) युद्ध क्षेत्रमा पात्र सञ्चार गर्ने लोकगीत

७) कथासँग गाँसिएका लोकगीत

८) उत्सवमा झिकिने लोकगीत

(जोशी, २०१४:१४५)

त्यस्तै

**धर्मराज थापा र हंसपुरे सुवेदीले पनि लोकगीतलाई ७ भागमा वर्गीकरण गरेका छन :**

१) सामान्य गीत

२) संस्कार गीत

३) ऋतु वा व्रतसम्बन्धी गीत

४) कर्म गीत

५) पर्व गीत

६) लोक वा नृत्य गीत

७) विविध

(थापा र सुवेदी, २०४१:९४)

**कालीभक्त पन्तले लोकगीतलाई नौ प्रकारमा वर्गीकरण गरेका छन् :**

१) राष्ट्र स्तरीय गीत

२) जिल्ला स्तरीय गीत

३) ग्राम स्तरीय गीत

४) जाति स्तरीय गीत

५) जाति भाषा स्तरीय गीत

६) पर्व स्तरीय गीत

७) लोकनाट्य स्तरीय गीत

८) कार्य स्तरीय गीत

९) ऋतु स्तरीय गीत

**माथि प्रस्तुत वर्गीकरणलाई हेर्दा लोकगीतहरूको विभाजन यसरी गर्दा बढी उपयुक्त हुन सक्छ :**

१) पर्व गीत

२) कर्म गीत

३) संस्कार गीत

४) धार्मिक गीत

५) प्रेम गीत

६) नृत्य गीत

७) विविध

## २.७ निष्कर्ष

लोकगीत लोक समाजको साझा सम्पत्ति हो । सर्जकले साहित्य सिर्जनाकै माध्यमबाट संसारको चित्रण गर्न सक्छ । साहित्य त्यति बलियो हुन्छ कि जसको माध्यमबाट सिधै कसैलाई भन्न नसकिने कुराहरू साहित्यको माध्यमबाट भन्न सकिन्छ । साहित्य भावना र कल्पनामा बहकिने पनि गर्दछ । त्यसैले प्लेटोले साहित्यलाई सत्यभन्दा दुई गुणा टाढा छ भन्ने आरोप लगाएका छन् । आवेग र संवेगमा साहित्य सिर्जना गर्ने हुनाले यो आरोप लगाएको हुन सक्छ । रचनाकार र रचनाकाल अज्ञात हुनु, लयात्मक हुनु, मौखिक परम्परामा जीवन्त चल्नु, मौलिक र सरल हुनु, स्वच्छन्दता, सामूहिकता आदि लोकगीतका विशेषताहरू हुन् । यथार्थ धरालतमा टेकेर सिर्जना गरी पाठकको मन छुन सक्नु नै लोकगीतको सार्वभौमिक महत्त्व हो ।

## तेस्रो अध्याय

# तप्राङ क्षेत्रको परिचय र यहाँ प्रचलित लोकगीतको वर्गीकरण

## ३.१ कास्की तप्राङ क्षेत्रको परिचय

प्रदेश नं. ४ (गण्डकी प्रदेश) गण्डकी अञ्चल, कास्की जिल्लामा पर्ने मादी गाउँपालिकाको वडा नं. ६ मा अवस्थित तप्राङ गाउँ, कास्की जिल्लाको पर्यटकीय नगरी पोखराको उत्तरी सीमानामा रहेको छ । समुन्द्री सतहदेखि करिब १००० देखि १४०० मिटरको उचाईमा यो गाउँ अवस्थित छ । कतैकतै **तप्राङ्ग** पनि लेखिएको पाइएको छ **तप्राङ्ग**को शुद्ध रूप **तप्राङ** मानिन्छ । नेपाली शब्दकोशमा पनि तप्राङसँग मिल्दाजुल्दा शब्दहरू ङ हल ग वा ङ ग सयुक्त अथवा ग नभएको पाइएको छ । अतः यहाँ पनि तप्राङ नै राखिएको छ । यो गाउँ उत्तरमा सिक्लेस, पूर्वमा ताङ्तिङ र नामार्जुङ, पश्चिममा ठूलो लेक छिचोल्दै लाचोक, घाचोक र पुरन्चौर, दक्षिणतर्फ थाक र मौजा गाउँले घेरिएको छ । यस गाउँको उत्तर तर्फ विश्व प्रसिद्ध अन्नपूर्ण हिमशृङ्खला पर्दछ । अन्नपूर्ण, धौलागिरि र माछापुच्छ्रे हिमाल पनि यसैका ताज बनेका छन् भने मादी नदी, चिप्ली खोला, थाक खोलाको जलप्रवाह रहेको छ । यस गाउँमा २३३ को सङ्ख्यामा घरधुरी रहेको छ भने १,३४० जनसङ्ख्या रहेको छ *( मादी गाउँ पालिका वस्तुगत विवरण, कास्की – २०७५: ११३ )* । यस ठाउँलाई चारैतिरबाट हेर्दा हरिया डाँडाकाँडाहरू र उत्तरतिरबाट हिमशृङखलासमेत देखिने हुँदा यो ठाउँ प्राकृतिक सौन्दर्यका दृष्टिले पनि रमणीय रहेको छ । विश्व मानचित्रमा यो ठाउँ २८ं १८' उत्तरी अक्षांशमा ८४ं ०४' पूर्वी देशान्तरमा पर्दछ ।

**तप्राङ क्षेत्रमा बस्ती अनुसार पारिवारिक विवरण**

| | तप्राङ क्षेत्रभित्र पर्ने बस्तीको नाम | जम्मा परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | जम्मा महिला सङ्ख्या | जम्मा पुरुष सङ्ख्या | महिला घरमुली भएको परिवार | पुरुष घरमुली भएको परिवार | औसत परिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| मादी वडा नं. ६ तप्राङ क्षेत्र | चाँसु गज्की टोल | ५७ | ३१९ | १५८ | १६१ | १२ | ४५ | ५.६ |
| | चिप्ली टोल | २२ | १४८ | ६७ | ८१ | ८ | १४ | ६.७३ |
| | तप्राङ भुमे टोल | ५१ | ३१२ | १६६ | १४६ | २१ | ३० | ६.१२ |
| | तप्राङ माझगाउँ सुजक टोल | ४६ | २५० | १२१ | १२९ | ९ | ३७ | ५.४३ |
| | तप्राङ राम्चे टोल | १९ | १२९ | ६४ | ६५ | २ | १७ | ६.७९ |
| | थाक सयपत्री टोल | ३८ | १८२ | ९४ | ८८ | १६ | २२ | ४.७९ |

(मादी गाउँपालिका वस्तुगत विवरण, कास्की – २०७५: ११३ )

अन्नपूर्ण र माछापुच्छ्रे हिमालको काखमा रहेको गाउँ तप्राङ प्रकृतिक सम्पदाले भरिभराउ छ । केही समथल भूमि, डाँडाकाँडा, भीरपाखा, हिमाल, हरिया वनजङ्गल प्रशस्त मात्रमा रहेका छन् । यहाँका वनजङ्गलमा विशेष गरी चाप, सिमल, बाँस, कटुस, चिलाउने, उत्तिस, आदि जस्ता रूख भेटिन्छन् भने घर वरिपरि खनायो, दूधिलो, चुलेत्रो, धुर्सेली, बेडुलो, जस्ता डाले घाँसहरू सार्ने गरेको पाइन्छ । पशुपालनका लागि यस्ता डाले घाँसहरू उपयोगी मानिन्छन् । जडिबुटीको हिसाबले पनि यो क्षेत्र धनी नै मानिन्छ । जस्तै : निरमसी, सतुवा, पाँच औंले, काउसो, हाडजोर, चौटाजोर, सिल्टिमुर, आँखेटिमुर, जटामसी, चिराइतो, वनलसुन, यार्सागुम्बा जस्ता जडिबुटीहरू यस क्षेत्रमा उपलब्ध छन् । सुन्तला, आरू, आरुवखडा, अम्बा, मेवा, निबुवा, गाउँघरमा उपलब्ध हुने फलफूल हुन् भने काफल, चुत्रो, ऐंसेलु, अंगेरी, गुँहेली, तिजु, किम्बु, गोफ्ला जस्ता फलफूल वनमा पाइन्छन् ।

यसै गरी यस क्षेत्रमा पाइने जङ्गली जनावरहरू बाँदर, भालु, लङ्गुर, दुम्सी, वनबिरालो, बाघ ( चितुवा ) मृग, रहेका छन् भने सारस, काग, भगेरा, ढुकुर, गौंथली, गिद्ध, चिल, कोइली, भ्याकुर, वनकुखुरा, जुरेली, आदि यस क्षेत्रमा पाइन चराचुरुङ्गी हुन् । यसरी यस क्षेत्र प्राकृतिक सम्पदाको दृष्टिले हराभर भएको मान्न सकिन्छ ।

कास्की जिल्लाको पर्यटकीय क्षेत्र तप्राङ गुरुङ बस्तीले भरिभराउ, सिक्लेससम्म दूधपोखरी ग्रामीण सडक ( पोखरा काहुँखोला – सिक्लेस *(४५ किलोमिटर)* ) यातायातको सुविधा पुगेको छ । काभ्रेडाँडाबाट विभाजित भएर गाउँको फेदी मादी नदीको किनारा चाँसु हुँदै ताङतिङसम्म, काभ्रेडाँडाबाट थाक हुँदै सिक्लेससम्म र चाँसुबाट गाउँसम्म सडक सञ्जालले जेलिएको छ । पोखराबाट १८ - २० किलोमिटरको दूरीमा रहेको यस क्षेत्रमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको सक्रियतामा एक घर एक धारा ( खानेपानी ) को राम्रो सुविधा रहेका छ । १ इलाका हुलाक, १ इलाका हेल्थपोस्ट, १ सहकारी संस्था, १ माध्यमिक विद्यालय, ३ प्राथमिक विद्यालय रहेको कारण यो क्षेत्र शैक्षिक विकासका दृष्टिले पनि सम्पन्न मानिन्छ । स्थानीय स्तर ( २५ मेघावाटको मादी हाइड्रो पावर ) भरखर सम्पन्न भएको छ भने सिक्लेसमा उपर मादी हाइड्रो पावर र सप्लाङ ( सेती खोला ) मा गरी २ हाइड्रो पावर निर्माणाधीन अवस्थामा रहेका छन् ।

पहाडी भूभागमा पर्ने यस क्षेत्रमा पाखाका समथर भूभागमा मानव बस्ती र खेतीबाली गरिन्छ

। कमजोर र भिरालो ठाउँको कारण यो क्षेत्र निकै संवेदनशील मानिन्छ । समशीतोष्ण खालको हावापानी रहेको र हिम शृङ्खला नजिकै पर्ने हुँदा यस क्षेत्रमा गर्मीको आभास भने त्यति पाइँदैन । गुरूङ, ब्राह्मण, क्षत्री, मगर, घर्ती, कामी, दमाई, सार्की, ठकुरी, आदि विभिन्न जातजातिहरू रहेका छन् । यी विभिन्न जातिहरूमध्ये यहाँ गुरूङ र ब्राह्मणहरूको बाहुल्यता रहेको पाइन्छ । यहाँका मानिसहरूको प्रमुख आय स्रोत भनेको कृषि नै हो । यहाँबाट पोखरा नजिकै पर्ने भएको कारण अधिकांश मानिसहरू रोजगारीका लागि पोखरा झर्ने गरेको पाइन्छ भने कतिपय युवाहरू वैदेशिक रोजगारीका लागि विदेशको विभिन्न ठाउँमा गएका छन् । धार्मिक दृष्टिले हेर्दा यहाँ सम्पूर्ण गाउँलेहरुले मान्दै आएका "**भूमे देवता**" रहेका छन् । हिन्दू, बौद्ध, क्रिस्चियन धर्मावलम्बी रहेको यस क्षेत्रमा हिन्दूको सङ्ख्या बढी रहेको छ । धर्मअनुसारका संस्कृति एवम् चाडपर्व मध्ये हिन्दू धर्मावलम्बीहरूले दसैं-तिहार बुद्धिष्टहरूले ल्होसार र बुद्ध पूर्णिमा तथा क्रिस्चियनहरूले क्रिष्मस विशेष उल्लासका साथ मनाउने गरेको पाइन्छ ।

आर्थिक अवस्थाको पाटोबाट हेर्दा यो क्षेत्र पूरै ग्रामीण भेगमा पर्दछ । यहाँका अधिकांश मानिसको आर्थिक आम्दानीको स्रोत भनेको कृषि र पशुपालनमा नै आधारित रहेको पाइन्छ । यसका साथसाथै होटेल, व्यापार, कुखुरा पालन जस्ता काम पनि गरेर आफ्नो जीविकोपार्जन गरेको भेट्न सकिन्छ । दलित जातिका मानिसहरूमा दमाईले कपडा सिलाउने, कामीहरू फलामका भाँडाकुँडा र औजार बनाउने जस्ता काम गरेका पाइन्छन् । यसै गरी आजकल तरकारी खेतीतर्फ पनि अग्रसर भएको देखिन्छ । यहाँको मुख्य बालीका रूपमा धान बाली रहेको छ भने अन्य वालीमा कोदो, मकै, तोरी, आलु, गहुँ आदि रहेका छन् । यहाँ सिचाइको राम्रो व्यवस्था भएकाले कृषिबाट पनि राम्रै आम्दानी गर्न सकिन्छ ।

**तप्राङ क्षेत्रमा परिवारको वार्षिक आम्दानीका स्रोतहरु र आम्दानी रु. हजारमा**

| तप्राङ क्षेत्र | कृषि तथा पशु पालन | व्यापार तथा उद्योग | नोकरी तथा पेन्सन | बैदेशिक रोजगार | ज्याला मजदुरी | अन्य | जम्मा आम्दानी |
|---|---|---|---|---|---|---|---|
| | १४८५३ | ३१५० | १७६९१ | ३३८५५ | ७६५९ | ४४३० | ८१६३८ |

(मादी गाउँपालिका वस्तुगत विवरण, कास्की – २०७५: ११७ )

लोकगीत मानव हृदयबाट निस्कने वास्तविक आवाज हो । यसले एकैछिन भए पनि मानिसका पीर, मर्का, पीडा, व्यथा आदिलाई भुलाउने गर्दछ । यसमा लोकजीवनका विभिन्न पक्षको चित्रण गरिएको हुन्छ । लोकगीत सुन्दैमा मन आनन्दित हुने सुरिलो कण्ठबाट उद्गार हुने

एक गेयात्मक विधा हो । विशेष गरी नेपालका धौलागिरी र गण्डकी अञ्चल लोकगीतको लागि प्रसिद्ध छन् । त्यसमाथि कास्की जिल्ला झनै लोकगीतको लागि प्रसिद्धि कमाएको क्षेत्र हो । कास्की जिल्लाको एक क्षेत्र तप्राङ पनि लोकगीतको लागि अत्यन्त चर्चित स्थान मानिन्छ ।

सरल हृदय भएका ग्रामीण नरनारीका मनका विविध क्षणमा अनायासै जन्मेर जनमानसमा विविध भावको प्रतिनिधित्व गर्दै स्वतःस्फूर्त रूपमा प्रकट हुने रागात्मक र लयात्मक अभिव्यक्ति नै लोकगीत हो *( पृथ्वीवाङ्मय – २०६० : ३४६, पृथ्वीनारायण क्याम्पस )*। लोकगीत जीवनका जस्तोसुकै घटना, उत्सव आदिमा गाइने गीत हो । तप्राङ क्षेत्रमा पनि विभिन्न उत्सव, परिस्थिति आदिमा परिस्थितिअनुसारका लोकगीत गाइने गरेको पाइएको छ । यस क्षेत्रमा गाइएका गीतलाई गीतको विषयवस्तु, गीत गाइएको समय परिस्थितिअनुसार निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ :

## ३.२. तप्राङ क्षेत्रमा गाइने गीतहरूको वर्गीकरण

क) **बाह्रमासे गीत**

अ ) बाल गीत

आ ) झ्याउरे गीत

इ ) ठाडो भाका

ई ) भजन गीत

उ ) एकोहोरी गीत

ऊ ) दोहोरी गीत

ए ) रोइला

ऐ ) गोठाले गीत

ओ ) कीर्तन, सालैजो, सिलोक

**(ख) कर्म गीत**

अ ) जेठे गीत

आ ) असारे गीत

इ )  दाइँ गीत

ग ) **पर्व गीत**

**अ** ) तीजे गीत

आ ) भैला

इ ) देउसी

ई ) भजन

उ) मालसिरी

**घ ) संस्कार गीत**

क ) रत्यौली

## ३.३. बाह्रमासे गीत

जुनसुकै समय, स्थानमा जस्ता सुकै व्यक्ति, समूह आदिले लय हालेर गाउने गीतलाई बाह्रमासे गीत भनिन्छ । यस गीतअन्तर्गत निम्न गीतहरू पर्दछन् :

### ३.३.१ बाल गीत

बालवालिकालाई फकाउन र भुलाउन ठूलाले वा बालबालिकाले मनोरञ्जनका निम्ति आफैले नै गाउने गीतलाई बाल गीत भनिन्छ । बालबालिकाको मनोविनोदका निम्ति गाइने बालस्तरका लोकगीतलाई बाललोकगीत भनिन्छ *( कुसुमाकर न्यौपाने, नेपाली लोकगीत २०७० : ६५ )* । बालगीतलाई बाल गीत, शिशु गीत पनि भनिन्छ । यो गीत सवै जातिका मानिसले गाउने गर्दछन् । यस गीतको गायनमा निश्चित ठाउँ तोकिएको हुँदैन । गायनमा बालबालिकाको सहभागिता भने हुनुपर्दछ । मनोरञ्जन गर्ने उद्देश्यले गाइने यस गीतको गायनमा बाजा र नृत्यको अनिवार्यता हुँदैन । यस्ता गीतमा प्रायः अभिनय गरेर गाउने गीत हुने गर्दछन् । बाल गीत प्रायः लघु आकारका हुने गर्दछन् । यसमा भावगत जटिलता हुँदैन । यस्ता गीतमा बालमनोविज्ञानअनुरूप बालसुलभ भाषा, भाषा र शैलीको प्रयोग गरिएको हुन्छ ।

जस्तै :

ताराबाजी लै लै

मामा आए घोडा

माइजू आइन् डोली

पापा ल्याउलिन् सोली

खान देलिन् भोलि

बुबु माम सुपुक्क

काफल गेडी कुटुक्क

निदाइ जाऊ लुपुक्क । *(नेपाली किताब : कक्षा १)*

बाल गीत प्रायः हाउभाउ अनुकरण खेलकुद र नाचका माध्यमवाट प्रस्तुत गरिन्छ । बाल गीत एक र सामूहिक दुवै हुने गर्दछन् । बाल गीतलाई झोलुङ्गे, कोर्के, लटलौरी वितलौरी चचहुइ, घुगुवी बासुती आदि नामकरण गरिएको पनि पाइन्छ ।

जस्तै :

चिँ मुसि चिँ चिँ आइज हालौँ तान

धान खाने मुसाको काटीहालौँ कान

तेरो दाजु मेरो दाजु माछा मार्न गए

माछा मारी ल्याए

ढुङ्गामा सुकाए चिलले लग्यो जा । *(बैखरी किताब : कक्षा यु.के.जी. )*

## ३.३.२ झ्याउरे गीत

बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय र मनोरञ्जनात्मक गीतको नाम झ्याउरे लोकगीतको साथ मादलको तालमा झ्याउरे नाच पनि नाचिन्छ र निश्चित कार्यसँग सम्बद्ध नभएको सबैजसो मनोरञ्जनप्रधान गीतलाई झ्याउरे गीत भनिन्छ (बन्धु २०५८:१२१) ।

नेपाली सर्वसाधारणको स्थिति एवम् अवस्थाको छनक दिने खालको झुम्रेझाम्रेको मुखैमा झुन्डिएको गीतलाई झ्याउरे भनिन्छ । झ्याउरे गीत खास गरी नेपालको

पश्चिमी क्षेत्रबाट गाउन थालिएको मानिन्छ । त्यसैले यसको उद्‌गम स्थलका रूपमा धौलागिरी अञ्चललाई लिन सकिन्छ । भाकामा नेपाली गीत गाएर राङ्‌खानीका पाखा पखेरा र तामाखानीहरूमा धन्काउन थाले । त्यहींबाट झ्याउरे गीतको विस्तार भयो (बन्धु, २०५८:१०२) ।

“झ्याउरे गीतको उत्पत्ति बाग्लुङबाट भएको हो र मादलको तालमा गाइने चुड्‌कालाई झ्याउरे गीत भनिन्छ (लोहनी, २०१३: १५६) । ” “झ्याउरे गीतको उत्पत्ति बाग्लुङको राङ्‌खानीबाट भएको हो (थापा, २०३०:२६२) । ”

कालिभक्त पन्तका भनाइ अनुसार, बाग्लुङ राङ्‌खानीका गोऱ्या सिरस र मानवीर खत्री नेपाल अग्रेज युद्धका बेला कुमाउ–गढवालमा सिपाही थिए । वि.सं. १८७४ मा सुगौली सन्धि भएपछि फक अनि कुमाउ गढवालबाट ल्याएका भाकामा नेपाली गीत गाएर राङ्‌खानीहरूमा घन्काउन थाले । त्यहींबाट भ्याउरे गीतको विस्तार भयो (बन्धु, २०५८:१०२) ।

झ्याउरे गीत र छन्दका बारेमा विद्वानहरूको एकमत पाइँदैन । यो गीत एक्लै वा दोहोरीका रूपमा गाउन सकिन्छ । यो लामा या छोटो भाका प्रयोग गरेर गाइन्छ ।

नेपाली लोकगीतको झलकमा ४, ५ वा ४, ६ अक्षरमा विराम हुने छन्दलाई झ्याउरे ४, ४, २, २२ मा विराम हुने पाखे छन्द र ३, २, ३, २, ३३ मा विश्राम हुने जङ्‌गली छन्द भनेका छन् ( बन्धु, २०५८:९८) ।

जस्तै :

**झ्याउरे छन्दः**

मेरो माया चौतारी पेटीमा, मैले रमन घुमदा नि भेटिन । *(धनप्रसाद गुरुङको भनाइ)*

केटी : हा..., चलन छ बिहे गर्ने, झ्याउरे जिते टुङ्‌गो लाइदेउ माया के गर्ने,

केटा : हा..., मर्दालाई के को डर, हारे हलि बसौँला माया तिमरो घर ।

केटा : हे..., ठोक मादल झरेनि खरी, मन मिल्ने आरैछिन दौतरी ,

फूल फुल्यो बामरी, मेरो माया नाचिदेऊ रामरी ।

केटी : हे..., मेटिदैन करिम मेटेर, खुसी भाछु सोल्टीज्यू भेटेर,
फूल फुल्यो बामरी, मेरो माया नाचिदेऊ रामरी ।

हा..., हातै काट्यो चालिसे चुराले, माया फाँट्यो गाउँघरका कुराले ।
हा..., घर त मेरो पातीले बारेको, रून मलाई कर्मैले पारेको । *( युट्युब)*

### ३.३.३. ठाडो भाका

गण्डकी अञ्चलको कास्की जिल्लाको ज्यादै लोकप्रिय ठाडोभाका रूखो स्वभावका लय वा भाका भएको एक प्रकारको लोकगीत हो । यसमा एउटाको भनाइ सिध्याउन नपाउँदै अर्काले जवाफ दिन सुरु गर्ने गर्दछन् । "रूखो स्वभाव र बानी भएका ठर्रो झटपट दिएको उत्तर कोरा जवाफ दिने लय वा भाका नै ठाडो भाका हो (पोखरेल, २०४०:५५२) । "

रूखो स्वभावको लय वा भाका भएका गीतलाई ठाडो भाका भनिन्छ । जसमा एक भनाइ सिध्याउन नपाउँदै अर्को भाका सुरु गरिने ठाडो भाका गण्डकी अञ्चलमा ज्यादै लोकप्रिय रहेको छ । "रूखो बानी ब्यहोरा भएको ठर्रो, ठाडे, अनियमित भनाइ सकिन नपाई तुरून्तै दिएको जवाफको लय वा भाकालाई ठाडो भाका भनिन्छ ( नेपाल,२०५०:५७०) । " तप्राङ क्षेत्रमा प्रसिद्ध ठाडो भाका हिजोआज लोप हुनै लागेको अवस्थामा रहेको छ । तप्राङ क्षेत्रको प्रख्यात धार्मिक स्थल शिवालय मन्दिरमा पनि शिवरात्रीमा ठाडो भाका गाउने गरिन्छ । नाइकेले गीत झिकेपछि अरूले छोप्ने गर्दछन् ।
जस्तै :-
नेपालको ठूलो शहर हेरूँला म कैले नौतले धरहरा
माया लाय पापै लाग्यो को भन्छ पीरले मलाई बिचरा ।

गरिबको खेती नानी हुन्छ यति यति
एकै ठाउँमा मकै रोप्यौ एकै ठाउँमा मेथि । *( अधिकारी शोधपत्र : २०६८)*

## ३.३.४ भजन गीत

धर्मकर्म, भक्तिभाव, देवस्तुति, ईश्वरस्तुति आदि विषयवस्तु बनाई गाइने धार्मिक गीतलाई भजन भनिन्छ। भजन प्रायः खैँजडी, मुजुरा आदि बजाएर गाउने गरिन्छ। "धार्मिक पूजाका अवसरमा गाइने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवदेवीहरूको गुण शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ" (बन्धु, २०५८:१५३) । "आराध्य देवी देवताको र गुरु आदिको नाम र महिमा बारबार लिने र गाउने काम नामकीर्तन गुणगान, कुनै देवदेवीको गुण वर्णन गरिएको गीतलाई भजन भनिन्छ" (पोखरेल र अन्य २०४०:४) ।

कुनै पर्व उत्सव तथा व्रतादिमा देवता वा ईश्वरप्रति अनुरक्त बनी भक्तिभावनाका साथ ईश्वरको गुणगान गर्दै गाइने लयात्मक अभिव्यक्तिलाई भजन गीत भनिन्छ । दैनिक जीवन एवम् संसारको निःसारता पारलौकिक जीवनको महत्ता जीवनको अनित्यता, सुख सम्पत्तिको क्षणभङ्गुरताका साथै ईश्वरका गुण र क्षमताको सुन्दर प्राप्त यी गीतले गर्ने गरेको पाइन्छ (गौतम, २०५५:१६३) ।

भजन विभिन्न देवीदेवता, रामायण र महाभारतका साथै सगुण र निर्गुण भक्तिका बारेमा गाउने गरिन्छ। भजन चुड्कात्मक हुन्छ। पहिला एउटाले भट्याएपछि अरूले छोप्दै भजन गीत गाउने गरिन्छ। भजन महिला र पुरुष दुवै मिलेर गाउने गरिन्छ। भजन प्रायः मङ्गलकार्य वा व्रतहरूमा गाउने गरिन्छ। यो लम्बरी र चुड्के दुवै लयबाट गाइन्छ। जस्तैः

रामलाई अघि लाउँला
रामकै पछि मै जाउँला
जपिदैन हरि मनमा पीर नपरी
बर्बर आँसु नझरी

भगवान्कै नाममा
तीन ताल बजे खैँजडी

मलाई यसै जाती
देउरालीलाई फूलपाती *(पोखरेल २०४०:१०)*

### ३.३.५. एकोहोरी गीत

आफ्ना मनमा लागेका कुरालाई कुनै सवालजवाफ नगरीकन एक्लै गाइने गीतलाई एकोहोरी गीत भनिन्छ । "एक्लै गाउने वा समूहका माझमा नगरीकन एकोहोरी किसिमले गाइने गीत एकोहोरी गीत हो (न्यौपाने, २०४४:१५) । "

"जुवारी नखेलीकन एक्लै वा एकोहोरी किसिमले गाइने गीतलाई एकोहोरी गीत भनिन्छ । यो गीत बाह्रै महिना गाइन्छ । यसमा गायक गायिका आबाल वृद्ध वनिता हुन्छन् । यसका पनि विभिन्न भेद छन् । कुनैमा बाद्यको प्रयोग हुन्छ भने कुनैमा हुँदैन । खेतबारीमा काम गर्दा ढिकी जाँतो गर्दा, पँधेरामा पानी भर्दा, गाई वस्तु चराउँदा यो गीत गाइन्छ ( गौतम, २०५४:११७) । "

एक्लै वा सवाल जवाफ नगरीकन गाइने गीतलाई एकोहोरी गीत भनिन्छ । एकोहोरी जीवन गायक वा गायिकाले आफ्ना मनमा लागेका कुराहरू गीतमार्फत प्रस्तुत गरेका हुन्छन् । यसमा सुख, दुःख, हर्ष, आँसु आदिका कुराहरू प्रस्तुत हुन्छन् । यो मेलापात घाँस दाउरा पानी पँधेरो जाँदा प्रायः गाउने गरिन्छ । यस ठाउँका मानिसहरू पनि घाँस दाउरा मेलापात गर्दा एकोहोरी गीत गाउने गर्दछन् । यहाँ एकोहोरी गीतका विभिन्न प्रतियोगितात्मक कार्यक्रम हुने गर्दछन् ।

जस्तै

हा भेट्ने रहर मनभरि पालेर
हो हो तिम्रै नामको साँझ बत्ती बालेर
रुने मन छ धोको फेरेर
बसेकी छु टोलाउँदै टोलाउँदै
तिमी आउने बाटो हेरेर *( मनमाया ठकुरी )*

### ३.३.६. दोहोरी गीतः

दुई पक्ष दुई समूहका बीचमा ठोकान हुने गरी प्रथमत : परिचयबाट सुरु गरी गाइने गीतलाई दोहोरी गीत भनिन्छ । "पक्ष विपक्षका रूपमा हुने गीतको सवालजवाफ, जुवारीलाई दोहोरी गीत भनिन्छ (पोखरेल र अन्य, २०४०: ६४६) । " "लोक गायकका सरल हृदयबाट निःसृत भावुक उदारलाई लयमा बाँधेर प्रश्नोत्तरका रूपमा गाइने गीत दोहोरी गीत हो (न्यौपाने,

२०४४:१६) । ”

यसमा दुई समूह हुन्छन् प्रायः “यस गीतमा एउटा समूह केटाहरूको हुन्छ भने अर्को समूह चाहिँ केटीहरूको हुन्छ । समूहको एकजना गीत झिक्ने हुन्छ । उसले त्यो एकपटक भनेपछि त्यस समूहका अरूले त्यसलाई पुनरावृत्ति गर्दछन् । यो गीत प्रायः दुई वा तीन पटक पुनरावृत्ति हुन्छ । यसरी पुनरावृत्ति गर्दासम्म अर्को पक्षको नाइकेले त्यसको जवाफ गीतैमा ठीक पार्छ र आफ्नो पालो आउना साथ त्यो गीत गाउँछ (बन्धु, २०५८:१४०) । ”

दुई व्यक्ति वा समूहका बीच गीतबाटै गरिने सवालजवाफलाई दोहोरी गीत भनिन्छ । दुई व्यक्तिबाट सुरु हुने यो दोहोरी परिचयबाट सुरुवात गरिन्छ र दुई पक्षबीच ख्याल ठट्टा गर्दै सवाल जवाफ चर्किदै जान्छ । दोहोरी गाउँदा समूहको एक जना नायक हुन्छ । उसले गेडा झिकेपछि सबैले त्यसलाई छोप्दै गाउने गर्दछन् । निश्चित समयमा प्रतिस्पर्धी समूहले त्यसको उत्तर गीतबाटै दिनुपर्ने हुन्छ । हारजीत नभएसम्म दोहोरी गाउनेले जवाफ दिँदै दोहोरी समापन गर्नु पर्दछ । यस्ता दोहोरी गीत प्रतियोगिता तप्राङमा लाग्ने मेला र चाडपर्व साथै पूजाआजामा गाइने गरिन्छ । दोहोरीगीत गाउँदा प्रायः मादल, खैंजडी, मुजुरा आदि वाद्यवादनका साधन बजाउँदै त्यसैको तालमा गाउने गरिन्छ ।

जस्तै :

केटा : तिमी उस्तै म पनि उस्तै
उस्तै उस्तै मिलेर जाम सुस्तै सुस्तै

केटी : जाउँ भने जाउँ त नि
दुई चार महिना घुमेर आउँ त नि *( भट्टराई शोधपत्रः २०६२)*

## ३.३.७. खेली गीत / रोइला गीत

“ख्यालख्यालमा गाइने अनि खेलका रूपमा गाइने एक प्रकारको गीत ख्याली गीत हो ” ( कुसुमाकर, २०७०:५६) । चुड्काबाट विकसित भएको हुनाले यसको विषयवस्तु, संरचना, सङ्गठन चुड्कासँग मिल्दोजुल्दो रहेको हुन्छ । आँधीखोला क्षेत्रमा अति प्रचलित रोइला गीत हो । आँधीखोलाले रोइलाको नाम लिन पुगेको छ” (थापा, २०३०:१७९) ।

स्याङ्जाको आँधीखोलाको बाटो भारी बोक्ने रूवानीहरूले गाउने गीत नै रोइलाको प्राचीन

स्वरूप थियो भन्न सकिन्छ । यी रूवानी जातिहरूले भारी खेपेर जीवन गुजारा गर्थे । रूवानी जातिले गाउने गीत रूवानीबाट रोइले हुँदै रोइला भएको हो" (शर्मा, २०६५:३८) ।

पश्चिमाञ्चलमा लोकप्रिय रहेको रोइलाको विशेष प्रचलन गण्डकी धौलागिरी तथा लुम्बिनी अञ्चलमा रहेको पाइन्छ । सुरु- सुरुमा क्षत्री बाहुनमा बढी प्रचलित रहे पनि अहिले यो जुनसुकै जातिमा पनि लोकप्रिय रहेको छ । चुड्का विकसित भएको हुँदा यसको विषयवस्तु, संरचना, लय, आकार पनि चुड्कासँग मिल्दो-जुल्दो हुन्छ । यसको उदय स्थान गुल्मी जिल्ला हो भन्ने मत पाइन्छ। स्याङ्जाको आँधीखोला परिवेशमा विशेष प्रचलनमा रहेको र त्यहाँबाट कास्की जिल्ला हुँदै अन्य जिल्लामा पनि प्रसारित भएकाले यो आँधीखोले रोइला गीत नामले चर्चित नै रहेको छ । यसलाई धार्मिक कार्य व्रतादिमा भजनको रूपमा गाउने गरेको पनि पाइन्छ ।

जस्तै :

जपिदैन हरि
मनमा पीर नपरी ।

तिम्लाई जति मयाँ
अरुलाई त लाछैन
भन्दै हिन्न भाछैन । *( कुसुमाकर, लोकगीत : २०७० )*

छोप मायालुले
फूल बगायो नदीले ।

चुड्के लयमा गाइने यो गीत छिटो, छरितो तरिकाले गाइन्छ । यसका दुई पाउ हुन्छन् ।

### ३.३.८. गोठाले गीत

गोठाले गीत पनि लोकगीतको एक प्रकार हो । यो गीत घाँस दाउरा गर्दा, गाईवस्तु चराउँदा गोठालाले वनपाखामा गाउने गीत हो । यसमा आफूले जीवनमा भोगेका भोगाइलाई गीतमार्फत व्यक्त गर्ने गर्दछन् । यसबाट उनीहरूको मर्म पनि स्पष्ट रूपमा

झल्किएको हुन्छ । गोठाले गीत एकोहोरी र दोहोरी दुवै हुने गर्दछ । एक पाखाबाट अर्को पाखामा भएका गोठालेहरू मिलेर दोहोरो रूपमा गीत गाउने गर्दछन् । प्रायः अशिक्षित वर्गले गाउने हुनाले यसमा अशिष्ट भाषाको प्रयोग हुने गरेको पनि पाइन्छ । हालको परिवर्तित समयमा आएर सबै शिक्षित हुन थाले, केटाकेटी विद्यालय जान थाले, गाईवस्तु पाल्नेको सङ्ख्या पनि घट्दै जान थाल्यो । त्यसैले गोठाले गीत गाउने प्रचलन पनि विस्तारै घट्दै गइरहेको पाइन्छ । यस क्षेत्रमा पनि पहिलेभन्दा अहिले यो गीत गाउने प्रचलनको कमी हुँदै आइरहेको पाइन्छ । प्राय : यो गीत लोप हुँदै हुँदै गएको छ ।

जस्तै :

आज मेरो गाई हेर्ने पालो
राधिकालाई पठाइदेऊ गोठालो

गोठाले दाइले भैँसीमा दुहे
खै मलाई कुराउनी, सोध रामलाई
एउटालाई होइन दुइटालाई होइन
कतिलाई पुऱ्याउने, सोध रामलाई
हा हा कति लाई पुऱ्याउने सोध रामलाई । *(रेडियोमार्फत )*

## ३.३.९. सालैजो

'सालैजो' थेगो प्रयोग गर्दै गाइने एक प्रकारको गीत सालैजो हो । नेपालका चर्चित गीतमध्येको एउटा गीत सालैजो गीत हो । सालैजो थेगो प्रयोग गर्दै गाइने यस गीतको सालैजो शब्द साली र ज्यू ( साला + ज्यू ) शब्दको मेलबाट निर्मित भएको हो *( कुसुमाकर न्यौपाने, नेपाली लोकगीत २०७० : ४१ )* । यसमा सालैजो थेगोको पटक-पटक आवृत्ति हुन गएको हुँदा यसको नाम सालैजो सार्थक रहन्छ । यो गीत खास गरेर गुरुङ र मगर जातिमा बढी प्रचलित छ । यी जातिमा पनि बढी मात्रामा पुरुषको सक्रियता रहने यस गीतमा स्त्रीहरू सहयोगीका रूपमा सहभागी बनेका हुन्छन् । घर, गोठ, आँगन, चहुर, वन, पाखा आदि ठाउँमा गाइने यो गीत मनोरञ्जन गर्ने उद्देश्यले गाउने गरेको भेटिन्छ । यो गीत गाउँदा मादललाई बाजाको रूपमा प्रयोग गरिएको हुन्छ

। लयका आधारमा हेर्दा यसका विभिन्न भेद पाइन्छन् । तीमध्ये छिटो लयमा गाइने सालैजो गीत गाउँदा कतिपय व्यक्ति निकै फुर्तिका साथ नाचेका हुन्छन् ।

यो मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चलका लुम्बिनी, धौलागिरि एवम् गण्डकी भेकमा विशेष रूपमा प्रचलित छ । सालैजो सदाकालीन गीत भएकाले बाह्रैमास गाइन्छ । चाडपर्व, उत्सव, मेला, जात्रा, घाँस, दाउरा गर्दा गोठालो जाँदा जुनसुकै बेला पनि यो गाउन सकिन्छ । यो एकोहोरी र दोहोरी दुवै प्रकारको भाकामा गाउन सकिन्छ । यो गीतमा मादल, खैंजडी, मुजुरा पनि बजाइन्छ । यसलाई नाच्दै रमाइलो गर्दै गाउन पनि सकिन्छ । यस क्षेत्रमा पनि यस्ता प्रकारका गीतहरू पाइन्छ ।

जस्तै :

हा, हेर्दामा राम्रो पोखरा बजार सालैजो तल सेती दोभान
हा, अन्त मन छैन देऊ मलाई बैना सालैजो मायाको जोवान
हो निर माया ख्याल हैन साँचो सालैजो मायाको जोवान *( युट्युब)*

## ३.४. श्रम वा कर्म गीत

उत्पादन, निर्माण अथवा जीवननिर्वाहका निम्ति गरिने कामलाई श्रम भनिन्छ । काम वा श्रम गर्दा गाइने भएकाले यस्ता गीतलाई श्रम गीत भन्ने गरिन्छ । यस्ता गीतलाई अर्को शब्दमा कर्मगीत पनि भनिन्छ । मानिसले आफ्नो जीवन धान्नका निम्ति थरी–थरीका कामहरू गर्नेगर्दछ । यहाँको कृषिकार्यको प्रचलनअनुसार यहाँ महिना एवम् मौसमअनुसारका खेतीका काम गर्ने गरिन्छ । यस्तै कतिपय मानिसले खेती नलगाए पनि अन्न आर्जनका निम्ति खेती आर्जन गर्ने कार्यसमानकै काम गर्दछन् । यस्तै कतिपयले सङ्कलित अन्न कुट्नेपिस्ने काम पनि गर्दछन् । यस्ता काम गर्दा गाइने गीतलाई श्रम गीत भनिन्छ *( न्यौपाने कुसुमाकर– २०६६ : १६९, शोधप्रबन्ध विद्यावारिधि )* । तप्राङ क्षेत्रमा निम्नप्रकारका श्रम गीतहरू गाउने गरेको पाइन्छ ।

## ३.४.१ असारे गीत

संस्कृतको 'असार' शब्दले सार एवम् गुदी नभएको बेकम्मा भन्ने अर्थ बुझाउँछ तर 'आषाढ' शब्दको तद्भव रूप 'असार' शब्दले आषाढ महिनालाई बुझाउँछ । अर्थात असारे शब्द द्वयर्थक हुन्छ ।  असार शब्दमा ए प्रत्ययको योग गर्दा असारे शब्द बन्दछ । लोक साहित्यको सन्दर्भमा असारेको अर्थ असार महिनामा धान रोपाइ गर्दा गाउने गीत भन्ने हुन्छ । "असार महिनामा धानको रोपाइ गर्दा गाउने एक प्रकारको गीतलाई असारे गीत भनिन्छ ( पोखरेल र अन्य २४०:६४) । " बाह्र महिनामध्ये असार  बढीमात्रामा महिना खेतीपाती लगाउने महिना हो । यस  महिनामा खेतीपाती लगाउँदा गीत गाउने प्रचलन छ । "असार  महिनामा गाइने  र असार महिनाको वर्णन गरिएको गीतलाई असारे गीत भनिन्छ (बन्धु, २०५०:१७६) । "

धान रोपाइ हुने सबै ठाउँमा असारे गीतको प्रचलन पाइन्छ । पूर्वी र पश्चिमी क्षेत्रमा स्थान भेदका कारणले असारे गीतको भाव र भाकामा फरक तथा विविधता देखिन्छ । वर्खे झरीमा भिज्दै, हिलो, माटो खेलाउँदै खेतका गरामा धानको बीउ रोप्दै असारे  गीत गाइन्छ । यो वाद्यरहित कथ्य गीत हो । असार महिनामा गाइने हुँदा यो समसामयिक गीतअन्तर्गत ऋतु गीतमा पर्छ भने रोपाइको काम गर्दा गाउने हुनाले यो  कर्म गीतअन्तर्गत पर्दछ । यो मुख्यतः भाव प्रधान हुन्छ ।
जस्तै :

असारमासमा कुटेको च्यूरा म कति साँचौँला
टोकसे सासू, त्यसमाथि सौता म कति बाँचौँला ।

असारे मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छबिसे ऋण लाग्यो । (छविलाल, रुपाताल)

## ३.४.२. दाइँ गीत

'गीत' शब्दसँग जोडिएको 'दाइँ' शब्दले रहलपहल धान झार्न मियोमा गोरु लस्करै नारेर परालमाथि हिँडाल्ने कार्यलाई बुझाउँछ । यस्तो कार्यलाई दाइँ गर्ने वा दाइँ हाल्ने पनि भनिन्छ

। खलामा दाइँ गर्दा गोरु धपाउँदै गाइने गीत 'दाइँ गीत' हो । धानको राससित सम्बन्धित भएकाले यस गीतलाई राशि गीत र मङ्सिर महिनामा दाइँ हाल्ने चलन भएकाले यसलाई मङ्सिरे गीत पनि भनिन्छ (न्यौपाने, २०७० : ९१) । यस्तै कतिपय ठाउँमा यस गीतलाई दाइँबरादो (अधिकारी, २०४४ : ४८) त कुनै ठाउँमा दएँरे गीत *(भट्टराई, २०५२ : ६५)* पनि भनेको भेटिन्छ । यही "दाइँबरादो" शब्दमाथि विमति राख्दै दाइँ गीतलाई "दाइँमाडो" शब्दले चिनाउनुपर्ने तर्क पनि प्रस्तुत गरेको पाइन्छ *(भट्टराई, २०५२ : ६६)* । दाइँ गीतका यी नामगत विविधताले यस गीतका नामका स्थानगत विभेद छन् भन्ने कुराको पुष्टि गरेको छ ।

"धान काटेर खलामा फिँजारी गोरूले धान दाउने बेलामा गाइने गीतलाई दाइँ गीत भनिन्छ । यसलाई दासी गीत पनि भनिन्छ ( बन्धु, २०५८:१७७, १७८) । " नेपालका विभिन्न ठाउँमा गाइने यो गीत दाइँ गर्दा सह ल्याउनका लागि गाइन्छ भने पनि यसका अन्य उद्देश्य मनोरञ्जन गर्नु र थकाइ बिर्साउनु पनि हो । यो गीत गाउँदा गाउने अनि सुन्ने सबैले आनन्द लिएका हुन्छन् । धेरै पहिल्यैदेखि दाइँ गर्दा गाइने प्रचलनसँग आबद्ध यस गीतमा प्रार्थना, प्रशंसा र हाँसोलाई विषय बनाइएको भेटिन्छ । यो गीत पुरुषले गाउने गीत हो (जोशी, ने.सं.१०७५ : ४४) । यस गीतको गायनमा बाजा र नृत्यको प्रयोग हुँदैन । गोरुलाई रिँगाउने शक्ति भएको अनि मध्यम लयमा गाइने यस गीतमा गोरुलाई "बरादो" र दाइँ हाल्ने खेतालालाई "दएँरा" भनी पुकारिन्छ (जोशी, २०१४ : २०-२१) । दाइँ गर्दा गोरु धपाउनेलाई दएँरो (न्यौपाने, २०४४ :४०) एवम् गोठालो भनिन्छ अनि दाइँगीत गाउँदा कहिलेकाहीँ यिनै दएँरा र गोरु धपाउनेका बीच दोहोरी पनि चल्छ । यसरी नेपाली लोकगीतका क्षेत्रमा यो दाइँ गीत चिनिएको छ ।

जस्तै :

हो हो मियाको टुप्पोमा बसिहाल्यो कोइली<br>
गोरू खेद्ने केटोलाई घीउको चोइली<br>
हो हो बरादो, हो हो ।

मियाको टुप्पामा, परालको तान्द्रो<br>
आजका दयँरालाई, मुसाको आन्द्रो<br>
अहहहहहह ह । (छविलाल, रुपाताल)

## ३.५. पर्व गीत

पर्वविशेषमा गाइने लोकगीतलाई पर्व गीत भनिन्छ ( अधिकारी, २०४४ : ४८) । 'पर्व' शब्दका अनेक अर्थ छन् । धार्मिक, सांस्कृतिक एवम् सामाजिक दृष्टिले महत्त्वपूर्ण मानिने समय वा दिन पर्व हो । यस्तै कुनै काम हुने वा गरिने विशिष्ट दिन पनि एक प्रकारको पर्व हो । यस्ता पर्वहरूमध्ये धार्मिक, सांस्कृतिक एवम् सामाजिक दृष्टिले महत्त्वपूर्ण मानिने विशेष खालको दिनलाई सांस्कृतिक रूपमा पर्व मानिन्छ भने यस्तो पर्वमा मात्र गाइने गीतलाई पर्व गीत भनिन्छ । पर्व गीत यस प्रकार छन् :

### ३.५.१. तीजे गीत

"वर्ष दिनमा एकपटक आउने चाडपर्वमध्ये एउटा चाड तीज पनि हो । यस चाडमा गाइने गीतलाई तीजे गीत भनिन्छ ( कुसुमाकर, २०७०:१०६) ।"

नेपालमा हिन्दू धर्म परम्परामा विभिन्न चाडपर्वहरू मनाइन्छन् । ती चाडपर्वहरूमध्ये महिलाहरूको महान् चाड तीज पनि एक हो । प्रत्येक वर्ष भाद्र तृतीयाको दिन यो चाड मनाइन्छ । विवाहित नारीहरू आफ्नो पतिको दीर्घायु र अविवाहित महिलाहरू योग्य वर पाऊ भन्दै व्रत बस्ने चलन रहेको छ । यस चाडपर्वमा विवाहिताले नारीहरू आफ्नो जन्मघर वा माइतघरमा गएर रमाइलो गर्दै मीठा मीठा खानेकुरा (दर) खाँदै रमाइलो गर्दै यो चाड मनाउँदछन् । तीजमा मनोरञ्जनका लागि गीत गाइने गरिन्छ । त्यही गीतलाई तिजे गीत भनिन्छ । तीजे गीतमा नारी मनका हर्ष, उमङ्ग, दुःख, वेदनालाई पोखिने गर्दछ ।

तीजका गीतहरूले चेलीका आमाबावु दिदी बहिनी र दाजुभाइप्रतिको प्रेम, बाल्यकाल र जन्मस्थानका सम्झना मात्र प्रस्तुत गर्दैनन् सामाजिक यथार्थहरूलाई पनि राम्ररी देखाउँछन् *(बन्धु, २०५८: ११६-१७०) ।*

जस्तैः

वर्ष दिनको तीज आयो सबै जान्छन् माइत

आफ्ना माइती मुग्लान पारि छैन साइत

बाबा मेरो बिती हाले आमा थलिन् रोगले
भात खाने मनै छैन मरैँ शोकले

तीजको बेलामा छोरी घर पठायौ
अँधेरी खोलाले लयो बरिलै

तिजको बेलामा सबै चेली मेलामा
मै चेलीको आँसु झऱ्यो दैलो ठेलामा । (तुल्सी, बेगनास)

यस तप्राङ गाउँमा पनि तिजे मेला लाग्ने गर्दछ । यस मेलामा तिजे गीत प्रतियोगिता पनि हुने गर्दछ । यस प्रतियोगितामा महिलाहरू आफ्ना सुख दुःख वेदनालाई विषयवस्तु बनाएर गीतका माध्यमबाट प्रस्तुत गर्ने गर्दछन् । आजकल देशको समसामयिक स्थितिलाई पनि तिजे गीतको विषय वस्तु बनाइएको पाइन्छ ।

### ३.५.२. देउसी/भैलो

कार्तिक महिनामा पर्ने नेपालीहरूको दसैं पछिको ठुलो चाड तिहार हो । तिहार असत्यमाथि सत्यको विजय भएको विश्वासमा मनाइन्छ । तिहारमा औँसीका दिन झिलिमिली बत्ती बाली लक्ष्मी पूजा गरिन्छ । त्यसै दिनबाट देउसी/भैलो खेल्न थालिन्छ । देउसी गीत युवतीहरूले गाउने गर्दछन् भने भैलो गीत पुरुषहरूले गाउने गर्दछन् । देउसी औँसीका दिनदेखि भाइटीकाको दिनसम्म खेल्ने गरिन्छ । देउसी भैलोमा एकजनाले भट्याउँछ र अरू सबैले त्यसको पछि भैलो वा देउसुरे भन्ने गर्दछन् । "लक्ष्मी पूजाको भोलिपल्ट साँझको बत्ती बालेपछि गाउँका प्रौढ किशोरहरू देउसी गीत गाउँदै घर-घर डुल्ने गर्दछन् । देउसी खेल्न निस्केका किशोर प्रौढहरूलाई देउसी पनि भनिन्छ *(बन्धु, २०५८:१६-१७०) ।* "

देउसी भैलोमा देउसी वा भैलोगीतमार्फत घरबेटीलाई विभिन्न आशिक पनि दिने गर्दछन् । सुनको छाना सुनको धुरी, राजा, राजकुमार आदि भन्दै आशिक दिन्छन् ।
जस्तै :
जसले दिन्छन् मुरी उसको सुनको धुरी
जसले दिन्छन् मानो उनको सुनको छानो

भन भन भाइ हो–देउसु रे
स्वर मिलाइकन–देउसु रे
झिलीमिली झिलीमिली–देउसु रे
के को झिलीमिली ?–देउसु रे
हे बत्तीको झिलीमिली–देउसु रे

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
हे औँसी बारो गाई तिहार भैलो ( नारायण वराल, पोखरा)

## ३.५.३. मालसिरी

नेपालमा हिन्दू धर्मावलम्बीहरूको महान् चाड बडादसैं वा महादुर्गा हो । बडा दसैँ दश दिनसम्म मनाइने गरिन्छ । बडा दसैँमा नौ दिनसम्म दुर्गा भजन गाइने गरिन्छ त्यसैलाई मालसिरी भनिन्छ । मालसिरी रागयुक्त धुन भएको एक प्रकारको गीत हो । मालसिरी प्रायः कोत वा मन्दिरमा गाउने गरिन्छ ।

नेपाली बृहत् शब्दकोश मालश्री, सङ्गीत शास्त्रका अनुसार सायङ्कालमा गाइने रागिनीको एक प्रकार, सोही रागमा रचिएको गीत मालसिरी दसैँमा बिहान र बेलुकी गाइने दुर्गा देवीको स्तुति भएको गीत, भनेर मालसिरी शब्दलाई अर्थ्याइएको छ *(पराजुली, पुनर्मुद्रण २०५०:१७४) ।*
जस्तै :
जयदेवी भैरवी दर्शन देऊ भवानी !

असुर विनासिनी, जगतकी हितकारिणी

श्रीदेवी भगवती दुर्गा भवानी !

जयदेवी गोरखकाली दर्शन देऊ भवानी

हे हृदय जननी हे चण्डिके त्रिलोकको,

जगत्को प्रतिपाल गर माई (पराजुली, २०४०)

## ३.६. संस्कार गीत

अवगुण एवम् दोष पखालेर शुद्ध तुल्याउने कार्यलाई संस्कार भनिन्छ । संस्कार जन्मदेखि मृत्युसम्मका हुन्छन् । ती संस्कार वैदिक विधिअनुसार गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह, अन्त्येष्टि गरी सोह्रवटा मानिएका छन् (पोखरेल, २०४० : १२८०) । यस्ता संस्कारहरू विभिन्न धर्म र जातिका फरकफरक छन् । ती संस्कार गर्दा गाइने गीतलाई संस्कार गीत भनिन्छ ।

### ३.६.१. रत्यौली

“विवाहका अवसरमा दुलाहाका घरमा बालिएको शुभसूचक बत्ती कुर्न भनी जम्मा भएका महिलाहरूले गाउने सामूहिक गीत रत्यौली हो ( कुसुमाकर, २०७०:१४३) ।”

विवाहको अवसरमा दुलही लिन जन्ती गएपछि दुलाहाको घरमा महिला समूह मिलेर रमाइलो गर्नका लागि गीत गाउने गर्दछन् । त्यसै अवसरमा गाइने गीतलाई रत्यौली भनिन्छ । रत्यौलीमा खास गरी ख्याल ठट्टा गर्ने प्रचलन पनि छ । त्यसमा एक जना महिलालाई लुठो पनि बनाइन्छ । छोरा बुहारी सासू आदिको विषयवस्तु बनाएर रत्यौली गाउने गरिन्छ । विवाहमा दुलाहा अन्माइसकेपछि दुलाहाका घरमा गाउँ घरका आइमाईहरू थुप्रिएर रातभरि गाइने गीतलाई रत्यौली गीत भनिन्छ । “पश्चिम नेपालमा छैटी ब्रतवन्ध र विवाह जस्ता संस्कारका अवसरमा रातभर जाग्राम बस्दा गाइने गीतलाई रत्यौली भनिन्छ । प्राय :

रातमा खेलिने भएकाले रत्यौली भनिएको हो (बन्धु, २०५८:१६२) । ”

जस्तै :

दाजुभाइ दगुरे जन्त
रतेउलीमा भुल्या छ यो मन त
दाइ गयो म जान पाइन
फूल भरेको पुतली रेलैमा
भरे त बुहारी आउँछे
सासूलाई बोकेर डुलाउँछे ।

हेर आमा बालेर ज्योति
ल्याएँ मैले जुगजानी श्रीमती (तुल्सी, बेगनास)

### ३.६.२. माहाल गीत

माहाल गीत विवाहको शुभ अवसरमा गाइने एउटा लय हो । यो खासगरी विवाहमा डोली अन्माउदा गाउने गरिन्छ । विवाहको कर्म समाप्त गरी डोली अन्माई कुनै अपरिचित ठाउँमा जान लागेकी आफ्नी प्यारी बहिनीलाई कहिले देख्न पाउँला भनी खिन्न हृदय भएकी एउटी मायालु दिदीले यस्तो माहाल गीत अलाप्छिन् (थापा, २०३०:४२ ) ।

माङ्गलिक अवसरमा महिलाले मङ्गल कामनाका साथ गाउने एक प्रकारको गीत माँगल गीत हो *(कुसुमाकर, २०७०: १३३)*। भनेर माहाललाई माँगल गीत पनि भनिएको छ ।

जस्तै :

बाबाज्यूका आँगनीमा शुभ जग्गै होला बैनै
पूर्वकी दिदै पश्चिमकी बैनै मेरी
सुन के रे मेरी दिदै कैले होला हाम्रो भेट
तिम्रो हाम्रो आँगनमा शुभ जग्गै होला

जये गणपति, नम सिद्धिदाता
गणेश मङ्गलु, गाइया

जये गणपति, नम सिद्धिदाता
गणेश मङ्गलु, गाइया

अर्बाजो, ढोल, तबला बजे
बजे छत्तीसा, बाजित्रम्
अर्बाजो, ढोल, तबला बजे नी
बजे छत्तीसा, बाजित्रम्
नयनकुण्डल, जोती जग्मग
नयनकुण्डल, जोती जग्मग
हृदये कन्ठ, लगाइय

जये गणपति, नम सिद्धिदाता
गणेश मङ्गलु, गाइया
जये गणपति, नम सिद्धिदाता
गणेश मङ्गलु, गाइया

कुसुमाकर न्यौपाने, २०७० :१३५

## ३.७. निष्कर्ष

तप्राङ क्षेत्रमा प्रचलित गीतहरू मध्ये संस्कार गीत, ऋतुकालीन गीत, पर्व गीत र बाह्रमासे गीत छन् तापनि मुख्यतः बाह्रमासे गीत अधिक चर्चित रहेको छ ।

यस क्षेत्रमा प्रचलित लोकगीतले लोकजीवनका विविध पक्षलाई समेटेको छ । यहाँका अधिकांश लोकगीतमा यस ठाउँको चित्रात्मक स्वरूप प्रकट भएको पाइन्छ । वन-पाखा, उकाली-ओराली, खोला-नाला, आदिमा देखिने प्रकृतिको मनोरम रूपदेखि लिएर बेला बेलामा आइपर्ने प्राकृतिक प्रकोपका कारण मानिसले भोग्नुपरेका दुःखलाई समेत लोकगीतमा व्यक्त गरेको पाइन्छ । सांस्कृतिक परम्परालाई जीवन्त राख्न र आध्यात्मिक संस्कारको संरक्षण गर्नका लागि पनि यहाँ प्रचलित लोकगीतले विशेष योगदान पुऱ्याएको छ ।

# चौथो अध्याय

# तप्राङ क्षेत्रका लोकगीतको अध्ययन

लोकगीत लोक साहित्यको उत्कृष्ट एवम् लोकप्रिय विधा हो । यो मौखिक परम्पराबाट विकसित हुने र एक पुस्ताबाट अर्को पुस्तामा सधैं जाने विधा हो । लोकगीत लोकमानसको हृदयबाट निस्केका स्वतन्त्र अभिव्यक्ति हुन् जसमा लोक मानसका दुःख, पीडा, हर्ष, आँसु आदि मिसिएको हुन्छ । लोकगीत मानव मनका स्वतन्त्र अभिव्यक्ति भएकाले लोकगीतको परिभाषा एवम् विषयवस्तु पनि विभिन्न अवस्थाअनुसार फरक-फरक हुन सक्दछ । लोकगीतलाई वर्गीकरण तथा विश्लेषण गर्ने सैद्धान्तिक आधार नभए पनि अग्रज अनुसन्धानकर्ताहरूका विचार र धारणालाई आधार मानेर विश्लेषण गर्न सकिन्छ । यसको विश्लेषणमा कसैले संरचना पक्षलाई महत्त्व दिएका छन् त कसैले भाषिक तत्त्वलाई एवम् काव्यात्मकतालाई आधार बनाएका छन् ।

यस तप्राङ क्षेत्रका लोकगीतलाई पनि अग्रज बूढापाकाको लोकगीतप्रतिको धारणा वा विचारअनुसार विश्लेषण गर्दा विषयवस्तुका आधारमा र भाषिक आधारमा गरिएको छ ।

## ४.१ विषयवस्तुका आधारमा विश्लेषण

लोकगीत मानव मनको स्वतन्त्र लयात्मक अभिव्यक्ति हो । यसको विषयवस्तु पनि परिस्थितिअनुसार फरक फरक हुन सक्दछ । लोकगीतमा लोकजीवनको अभिव्यक्ति हुने भएकाले यसका विषय वस्तु पनि माया, प्रेम, मेलमिलाप, वनपाखा, खेतीपाती आदि सम्बन्धी हुने गर्दछ । समाजमा भएका विभिन्न पक्षहरू लोकगीतका विषय क्षेत्र हुन् । यस क्षेत्रमा समाज, प्रकृति, आर्थिक अवस्था, प्रेम र विरहको स्थिति, कृषिसम्बन्धी वर्णन, नीति एवम् उपदेशात्मकता आदिका विषयवस्तु समेटेर लोकगीत गाइएको पाइयो ।

### ४.१.१ प्रकृति चित्रण

मानव जीवन प्रकृतिको अनुपम उपहार हो । मानव जीवन प्रकृतिविना निरिह बन्न पुग्दछ । मानव जीवनमा प्रकृतिको ठूलो महत्त्व भएको हुँदा लोकगीतमा प्रकृतिको चित्रण पाइनु स्वाभाविकै हो । लोकगीतमा मानव समाज तथा परिवारका प्रवृत्तिको चित्रण पाइन्छ । पानी पँधेरा, वनपाखा, भन्ज्याङ, देउराली, डाँडाकाँडा, चिसो बतास आदिलाई विषय वस्तु बनाएर आफ्नो भावना गीतमार्फत पोख्ने गर्दछन् ।

जस्तै :

के फूल फुल्यो खोली तिरैमा
टपक्कै टिपेर लाउँला सिरैमा
माँदी खोला उर्लेर आयो
आउने थिइन मायाले बोलायो । ( लोकु, तप्राङ)

यस तप्राङ क्षेत्रमा पनि यहाँका वनपाखा, चन्द्रसूर्य, खोला, नाला, खेती गर्दाका विभिन्न विषयलाई विषयवस्तु बनाएर आफ्ना मनका अभिव्यक्ति लयात्मक भाकामा पोख्ने गर्दछन् ।

जस्तै :

दैला मुनि फूलबारी टम्मै छ
मनमा के छ भन्नेलाई सम्मै छ
सिमसिम पानी रैछ्यौ बैमानी

यो ठूलो बैदामे ताल न मलाई सुख
न मलाई सन्तोष न मलाई आयो काल
यो मनमा कति पीर छ होला
दिनमा हिड्ने सूर्यलाई थाहा होला
सिमसिम पानी रैछ्यौ बैमानी

लेक फुल्यो लाली गुराँस बेसी फुल्यो टाँकी
केलाई साँच्छ्यौ लाली जोवन छैन धेरै बाँकी । ( लोकु, तप्राङ)

## ४.१.२. प्रेम र विरहको अभिव्यक्ति

मानिस चेतनशील प्राणी हो । उसका आफ्ना जीवनकालमा विभिन्न उतारचढाव आउन सक्दछ । कुनै बेला हाँसो, खुसी, आइपर्दछ भने कुनै बेला पीर, मर्का, वेदना, विरहको समय आउन सक्छ । खुसीका क्षणमा प्रेमयुक्त मनोरञ्जनात्मक गीत गुनगुनाइन्छन् भने दुःखको क्षणमा विरहयुक्त गीत गुनगुनाइन्छन् ।

जस्तै :

बाटा माथि घर छ
आउदा जाँदा पसे है
गुन्द्री तानी बसे है ।

फूलमा मौरी डुल्ने बेलामा
कोदो रोप्दा लाएको पिरती
छुट्यो तोरी फुल्ने बेलामा

लोकगीतमा युवायुवतीमा प्रेम बस्दाको अभिव्यक्ति एवम् आफ्ना बावु, आमा, छोराछोरी, श्रीमतीलाई छाडेर टाढा बस्दाको अवस्थाका साथै लोग्ने प्रदेश जाँदाको पीडादायक अभिव्यक्ति पनि लोकगीतमा पाउन सकिन्छ ।

जस्तै :

पूर्वैमा झ्याल राखे
झल्को आउँदा
भेट हुन मन लाउँदा
मै आउछु ख्याल राखे

**<u>एकोहोरी</u>**

सररर मुग्लान काटेर
फर्की घर आउनेछु पियारी
पसिनाले पैसा साटेर
धन कमाउन जान्छु म पियारी

बस तिमी बाल बच्चा सियारी
पसिनाले पैसा साटेर    ( काँइली आमा, तप्राङ)

लोकगीतमार्फत माया प्रेममा धोका पाएका युवायुवतीको अभिव्यक्ति पाइन्छ । साथै लोग्ने प्रदेश गएपछि उसैको यादमा छट्पटिएकी श्रीमतीको वेदना पाइन्छ ।
जस्तै :
माइत आउँदा खेरी
फोटो फिर्ता लिएर जाऊ सानु
भेटेर एक फेरि
कि त रेलमा कि त छौ गाडीमा
कि त पुग्यौ अरबको खाडीमा
डोरी फुर्काले
मन घुम्छ चर्खा झैँ
तिम्रो सुर्ताले    ( काँइली आमा, तप्राङ)

यसरी यस तप्राङ क्षेत्रका लोकगीतमा लोकजीवनका विभिन्न परिस्थितिजन्य प्रेम र विरहका अभिव्यक्ति पाइन्छ । प्रेम, विरह, धन कमाउन प्रदेश जाँदाको विषयवस्तु आदिलाइ लोकभाकामा गुन्गुनाउने गरिन्छ ।

## ४.१.३ श्रमसम्बन्धी वर्णन

नेपाल कृषिप्रधान देश हो । यहाँका मानिसहरूको मुख्य पेसा पनि कृषि नै रहेको छ । उत्पादन, निर्माण अथवा जीवननिर्वाहका निम्ति काम गर्दा गाइने गीत श्रम गीत हुन् । घामपानी, झरी, वर्षा, असिना–पानी खप्दै खेतबारीमा ऋतुअनुसारका काम गर्दा छोराछोरीलाई खेलाउँदा वा सुताउँदा अथवा जुनसुकै शारीरिक काम गर्दा गाइने गीत श्रम गीत हुन् । लोकजीवनले यिनैका माध्यमबाट मन बहलाएका छन् र काममा रुचि जगाएका छन् ।  कृषिप्रधान देश भएकाले

लोकगीतमा कृषिसम्बन्धी वर्णन पनि हुने गर्दछ । यहाँका मान्छेको मुख्य पेसा कृषि भएकाले वनपाखा, खेतीपाती गर्दा, वस्तु हेर्न जाँदा आफ्ना मनमा लागेका कुराहरू गीतमार्फत गुनगुनाउने गर्दछन् ।

जस्तै :

दाइ त लाउरे भाइ कलम सिउरेको
मेरै रैछ करिम बिउरेको ।
जुनी बित्यो वनपाखा धाउँदै
घाँस, दाउरा, गाइबाख्रा चराउँदै ।
बर्खा लाग्यो खेती र बाली
हिउँद लागे लगाउँला पिरती (बुद्धिलाल, तप्राङ)

यसरी तप्राङ क्षेत्रका मानिसहरूले घाँस, दाउरा गर्दा खेतीपाती गर्दा, गाईवस्त चराउँदाका विभिन्न अवस्थाका समयका कुरालाई विषयवस्तु बनाएर आफ्ना मनका अभिव्यक्ति गीतमार्फत दिएको पाइन्छ ।

## ४.१.४ धर्म संस्कृतिको चित्रण

हाल नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भइसकेको छ तापनि नेपाललाई हिन्दू बाहुल्य राष्ट्रका रूपमा लिइन्छ । यहाँका मानिसहरू प्रायः हिन्दू धर्म र संस्कृतिको अनुसरण गर्ने गर्दछन् । देवी, देवता, सिमे, भूमे आदिको पूजा गर्छन् । ईश्वरप्रति आफ्नो आस्था र विश्वासलाई लोकगीतमार्फत व्यक्त गर्ने पनि गर्दछन् । विभिन्न चाडपर्वमा र संस्कारहरूमा ईश्वर धर्मलाई सम्झेर लयात्मक पाराले गुन गुनाउने गर्दछन् । साथै माया प्रेममा पनि देवीदेवतालाई सम्झी भाकल गर्ने गर्छन् ।

जस्तै :

लङ्का फूलबारी
उखेली मैदान बनायो
चढाउ भगुवान्लाई धूप-दीप-नैवेत ।

एउटा सुन्दर घर मागेको छु
तिम्लाई कहिल्यै रूवाउन नपरोस्
यही भनेर वर मागेको छु ।

नम शिवाय ! नम शिवाय !
बाघको छाला नागको माला
नम शिवाय !

झलक्क झल्कियो मेरो मनमा
छैनन् कृष्ण जानु भयो, वृन्दा वनमा ।
वृन्दा वनको छेउछेउमा फूल रोपौँला
फुल टिपी माला गाँसी प्रभुलाई चढाउँला ।

एकादशी व्रत बस्नु तीर्थ जानु काशी
मैले भनेको मान्ने भए नखाऊ जुठो बासी *(नन्दप्रसाद, तप्राङ)*

### ४.१.५ नीतिशिक्षा वा उपदेश

समाजलाई कुकृत्यबाट जोगाउनका लागि दिने सन्देश वा विचारलाई नीति शिक्षण वा उपदेश भनिन्छ । समाजमा भएका मूल्य मान्यतालाई जोगाइ राख्न र सभ्य समाजको निर्माण गर्न नीति शिक्षा वा उपदेशको आवश्यकता पर्दछ । समाजमा रहेका खराब प्रवृत्ति जाँडरक्सी सेवन, जुवातास आदि हटाउन पनि नीति शिक्षाको महत्त्वपूर्ण भूमिका हुन सक्दछ । तप्राङ क्षेत्रमा पनि समाजमा रहेका कुप्रवृत्ति हटाउन यस्तै खालका लोकगीतहरू गाउने गर्दछन् ।

जस्तै :
नखेल्नु जुवा र तास
धनको नास जीवनको बनिवास ।

गरे पौरख यही फुल्छ सुन
नजाऊ परदेश पराइको दास हुन ।

नगर्नु धनको खती
पछि पर्ला आफैलाई विपत्ति ।

लैनो भैँसी डोऱ्यायो साहुले
जुवा खेल्दा हारेछन् बाहुले । *(नन्दप्रसाद, तप्राङ)*

## ४.१.६. आर्थिक अवस्थाको चित्रण

यस क्षेत्रका प्रायः मानिसहरू कृषि पेशामा नै आधारित छन् । अन्य मानिसहरू आफ्नो जीवनयापन गर्नका लागि जागिर, कृषि व्यवसाय पनि गर्दछन् भने कोही वैदेशिक रोजगारीका लागि विदेसिएका छन् । यहाँ विभिन्न आर्थिक अवस्था भएका मानिसहरूको बसोबास रहेको छ । यहाँका निम्न वर्गका मानिस धनी साहुको अधियाँ गरेर वा खेतालो, मेलापात गरेर आफ्नो जीवन धान्ने गर्दछन् । चाडपर्व वा अप्ठयारामा परेको समयमा साहुसँग ऋण लिने गर्दछन् । ऋण तिर्न नसकेर कोही विदेसिएका पनि छन् । यिनै विभिन्न परिस्थितिलाई आधार बनाएर लोकगीतको सिर्जना गरिन्छ ।

जस्तै :

घरबारी अर्काको नाउँमा
अब के छ र यो ठाउँमा
कस्तो रै छ गरिबको निधार
बस्नुपऱ्यो गङ्गाको किनार

धन कमाउन जान्छु म पियारी
बस तिमी बालबच्चा सियारी ।
सरर मुग्लान काटेर

फर्की घर आउनेछु पियारी
पसिनाले पैसा साटेर ।

जाऊ बाबु नभन्नु आमा
जान्न म त साहुको मेलामा
रेलमा छौ कि कि त छौ गाडीमा
कि त पुग्यौ अरबको खाडीमा
डोरी फुर्काले, मन घुम्छ चर्खा झैँ तिम्रो सुर्ताले ।
छोरो बिरामी यही बेला भइदियो
लैनो भैँसी साहुले लैदियो ।
मन थिएन जोगी बन्नलाई
हात हेराउँदा ज्योतिषीले राम्रै हुन्छ भन्थे भन्नलाई ( नन्दराज, तप्राङ)

यसरी यस तप्राङ क्षेत्रका लोकगीत विषय वस्तुका आधारमा माथि भनिए बमोजिम विश्लेषण गर्न सकिन्छ । यहाँका गीतमा माया, प्रेम, धर्म, संस्कृति यहाँको आर्थिक अवस्था, नीति शिक्षा आदिको झझल्को भेट्न सकिन्छ ।

## ४.२ तप्राङ क्षेत्रका लोकगीतका काव्यात्मकता

लोकगीत लोक साहित्यको एक लोकप्रिय गेयात्मक विधा हो । यसमा लोक मानसको हृदयबाट निस्केका स्वतन्त्र अभिव्यक्ति पाइन्छ । लोकगीत एउटा स्वतन्त्र अभिव्यक्ति भएको विधा भएकाले यो शास्त्रीय नियमको बन्धनबाट मुक्त रहेको हुन्छ । यसमा कुनै नियम वा बन्धन हुँदैन । यो मौलिक हुन्छ र मौखिक परम्परामा अडिएको हुन्छ तापनि यसमा स्वत:स्फूर्त रूपमा विभिन्न काव्यात्मक तत्त्वहरूको भाव पनि भेट्न सकिन्छ । यसमा रस, अलङ्कार जस्ता काव्यात्मक तत्त्व समावेश भएका हुन्छन् । यस क्षेत्रका लोकगीतमा पनि निम्न प्रकारका काव्य तत्त्वहरू पाइन्छन् :

## ४.२.१ रस भाव

साहित्यको विशिष्ट तत्त्व रस हो । साहित्यको मर्ममा भाव बुझ्नाका लागि रसास्वादन हुनु पर्दछ । साहित्यमा अनुभूतिजन्य भावात्मक अभिव्यक्तिमा जुन सारतत्त्व हुन्छ त्यसलाई रसका नामले चिनिन्छ । खानेकुरा खाँदा गुलियो, अमिलो, तीतो, टर्रोको स्वाद पाएजस्तै काव्य पढ्दा सुन्दा र नाटकको अभिनय गर्दा हामीलाई जुन किसिमको आनन्द आउँछ त्यही आनन्द नै रस हो । लोकगीतमा रचनाकारले रसको प्रयोग सचेततापूर्वक नगरे तापनि स्वतः समावेश भएको हुन्छ । पूर्वीय साहित्य मान्यताअनुसार रस नौ प्रकारका मानिन्छन् ।

लोकगीतमा लोकजीवनका हाँसो, खुसी, आँसु, पीडा आदि भावहरू पाइन्छन् । यसैले लोकगीतमा विभिन्न रसहरू प्रयोग गरिएको पाइन्छ । नौवटा रस भए पनि लोकगीतमा करुण, शृङ्गार, हांस्य, शान्त तथा वीर रसको प्रयोग बढी भएको पाइन्छ । यस तप्राङ क्षेत्रका लोकगीतमा विशेषतः शृङ्गार, हांस्य, वीर, शाान्त र करुण रस बढी प्रचलनमा पाइन्छ । यहाँका लोकगीतमा पाइने केही प्रमुख रसका बारेमा क्रमशः यहाँ चर्चा गरिएको छ ।

### ४.२.१.१ करुण रस

लोकगीतमा लोकसमाजका विभिन्न परिस्थितिको भाव पाइन्छ । आफ्ना जीवन भोगाइका क्रममा आफ्ना जीवनका दुःख, पीडा, वियोग, वेदनालाई लोकगीतमार्फत अभिव्यक्त गरिन्छ । यिनै दुःखद स्थितिलाई प्रस्तुत गर्दा उत्पन्न हुने रसलाई करुण रस भनिन्छ । करुण रसको अभिव्यञ्जना मूलतः प्रियवियोग र अप्रियसंयोग हो । यसको स्थायी भाव शोक हुन्छ । आफन्तको वियोग वा मरणबाट हुने शोक आदिलाई अभिव्यक्त गर्दा करुण रसको उत्पत्ति हुन्छ । ग्लानि, चिन्ता, विषाद, मोह आदि यसका सञ्चारी भाव हुन् । तप्राङ क्षेत्रमा गाइने अधिकांश लोकगीतहरूमा करुण रस प्रभावित भए तापनि विशेष गरेर नारीहरूले गाउने गीतमा बढी रहेको पाइन्छ ।

करुण रसको अभिव्यञ्जना मूलतः इष्टवियोग र अनिष्टसंयोग हो । यसको स्थायी भाव शोक हो (पराजुली, २०५७ :५४२) । तप्राङ क्षेत्रका लोकगीतहरूमा पनि यस प्रकारका करुण

रसहरू प्रकट भएको छ ।

जस्तै :

पहिला पहिला काँडा नि फूल भयो
तिम्लाई मन पराउनु भूल भयो
गल्ती मेरै हो
छुटेर जानीको माया धेरै भो

घर त मेरो पातीले बारेको
रुन मलाई कर्मैले पारेको

लैनो भैँसी दुहेर होटलमा लानु छ
निबुवाको चानासित भात खानु छ

घरमा सौता माइतमा सानीमा
अब मैले डुबे नि भो पानीमा

तीज आयो भन्छन् सबै माइत जान्छन्
म चेली अभागिनी कस्का माइता जाम । (पराजुली, २०५७)

## ४.२.१.२ वीर रस

वीर रस युद्ध एवम् विजयसँग सम्बन्धित हुन्छ । यस रसको स्थायी भाव उत्साह हो । वीर रस प्रायः क्रान्तिकारी गीतहरूमा पाइन्छन् । रसको माध्यमबाट जनतालाई जागरूक एवम् सक्रिय बनाउन सकिन्छ । यस्ता गीतमा वीर, वीराङ्गनाको जीवन तथा उनीहरूको वीरताको चित्रण पाइन्छ । वीर रसयुक्त गीतले मानिसमा जोस एवम् आक्रोश पैदा गर्दछ । समाजका खराब पक्षप्रतिको असहमति, युद्ध, वीरता एवं पराक्रमसँग संम्बद्ध गीतहरू वीर रसयुक्त हुन्छन् । शत्रुको हाँकलाई हटाउन अथवा धर्ममा प्रवृत्त हुनाका

लागि हाम्रो मनमा एक किसिमको उत्साह वा फूर्ति जागेर आउँछ । यसैबाट वीर रसको उदय हुन्छ । यही उत्साह नै वीर रसको स्थायी भाव हो । तप्राङ क्षेत्रमा गाइने भजन, कीर्तन, आदि लोकगीतहरू कतिपय अवस्थामा वीर रसयुक्त हुन्छन् । भजन जुन किसिमले गाइए तापनि त्यसमा राम र रावणको युद्ध, कृष्णका चरित्रसँग सम्बन्धित घटनाको वर्णन हुँदा वीर रसका भाव प्रशस्त पाइन्छन् । तसर्थः यस क्षेत्रका गीतमा पनि कतै कतै यस्तै वीर रसको प्रयोग पाइन्छ ।

जस्तै :

साँझ परे लालटिन बालुँला
नरोऊ आमा छोरो झैँ पालुँला
आमाले नमान पीर
छोरी पनि संसारमा छन् वीर ।

एउटै कोखका दाजुभाइ पाइलट र डाक्टर बनेका
हामीलाई भने चुलो चौको कुर्नु भनेका ।

अब हुन्न महिलालाई चुलो चौको कुरेर
आफ्नो हक लिनुपर्छ अघि सरेर ।

हाम्रो हक मागि होइन खोसी लिन सिकौँ न,
सोझा साझा चेलीलाई बाटो देखाउन । (हरिकला, चाँसु) ।

## ४.२.१.३ शृङ्गार रस

लोकजीवनमा शृङगारको विशेष महत्त्व रहेको छ । शृङ्गार शब्दको अर्थ कामोद्रेकको प्राप्ति (शृङ्ग = कामोन्द्रक + आर = प्राप्ति ) हुन्छ । प्रणय वा रतिरागात्मक अभिव्यक्ति नै शृङ्गार रस हो (पराजुली, २०५७:५४१) ।

यसको स्थायी भाव रति हुन्छ । लोकगीतमा प्रेमभाव नै बढी झल्कने हुनाले तिनमा शृङ्गार रसको निकै प्रमुखका साथ भएको पाइन्छ । यस रसको प्रयोग केवल वासनापरकमात्र नभएर सबैको मर्यादा राख्ने गरी हुन्छ । त्यसैले लोकगीतमा शृङ्गार रसलाई प्रेम वा स्नेह रस भन्नु उपयुक्त हुने धारणा राखिएको छ (पराजुली, २०५७:५४२) । यहाँ गाइने रत्यौली, सेलो, सोरठी, घाँसे, झ्याउरे आदि गीतमा शृङ्गार रसको अनुभूति गर्न पाइन्छ ।

रति स्थायी भाव भएको शृङ्गार रसमा माया प्रेम वा कामोद्रेकको प्राप्ति वा स्थिति पाइन्छ । प्रेमी प्रेमिकाका बीचमा हुने माया प्रेम मिलन विछोड आदि भएका गीतमा शृङ्गार रस पाइन्छ । शृङ्गार रस पनि सम्भोग र विप्रलम्भ गरी दुई प्रकारका हुन्छन् । तप्राङ क्षेत्रका गीतमा पनि यस प्रकारको शृङगार रसको प्रयोग भएको पाइन्छ ।

जस्तैः

पानी राम्रो मूलको छाया राम्रो पीपलको
जोडी राम्रो ढुकुरको
स्वर राम्रो कोइलीको पङ्ख राम्रो मजुरको
बोली राम्रो मेरै हजुरको ।

फूलमा मौरी डुल्ने बेलामा
कोदो रोप्दा लाएको पिरती
छुट्यो तोरी फुल्ने बेलामा । (टेकु, थाक)

### ४.२.१.४ हांस्य रस

स्थायी भाव हाँस भएको हांस्य रस विकृत रूप आकार वाणी बनाई गरिएको अभिनयमा पाइन्छ । जीवन आँसु र हाँसोको सङ्गम हो (पराजुली, २०५७:५४५) । हाँसाले नै जीवनका दुःख पीडालाई बिर्साउन सक्छ । हांस्य रस व्यङ्ग्यात्मक गीतमा बढी पाउन सकिन्छ । रूप,

आकार, पहिरन र विभिन्न कार्यमा विकृत भएपछि हांस्य रसको सिर्जना हुन्छ । हांस्य रसको स्थायी भाव हाँसो हो । समाजमा देखिएका विकृति र विसङ्गतिलाई लक्ष्य गर्दै हाँस्ने र छेड हान्ने खालका लोकगीत यस ठाउँमा प्रशस्तै गाइने गरिन्छ । यस्ता गीत हाँस्य रसयुक्त हुन्छन् र यसले मानिसलाई सबै किसिमका पीडा भुलेर आनन्दमय हुन्छ । लोकगीतमा कतै हांस्य रसको पुट पाइन्छ भने कतै हांस्यकै प्रधानता रहेको हुन्छ । तप्राङ क्षेत्रमा प्रचलित लोकगीतहरूमा कुनै पनि बेला हांस्य रसको अनुभूति गर्न सकिन्छ । अन्य गीतको तुलनामा यहाँका रत्यौली र सिलोक बढी हांस्य रसयुक्त हुन्छन् । यस क्षेत्रका गीतमा यस्तो खालका हांस्य रस प्रयोग भएको पाइन्छ ।

जस्तै :

वारि पाखा पारि पाखा वनकेराको घारी
तेरा बाउ त लसुनपुड्के लामालामा दारी
आज र मैले घाँसै र काटे खोलीको सरिङ्गे
हलीलाई लाउला कैटेको व्यथा बाउसेलाई भिरिङगे ।

आज भैँसी कहाँ चऱ्यो कर्णालीको तीरमा
पाडो टिपि चिलले लग्यो कुखुरो लडेयो भीरमा ।
कागज काट्ने बन्चरो त रूख काट्ने कैँची
कुखुराले पाडो पायो फुल पार्ने भैँसी । ( मोहन वराल, गच्की )

### ४.२.१.५ शान्त रस

यो संसार नाशवान छ । सांस्कृतिक वस्तु नाशवान् हुन्छन् भन्ने धारणाले उत्पन्न हुने सौम्य रस सौम्य भाव शान्त रस हो । स्थायी भाव निर्वेद भएको यो रस प्रायः रामायण गीता सम्बन्धी कथा, भजन, धार्मिक गीतहरूमा प्रयोग हुन्छ । यो संसार एक सपना हो र सांसारिक विषयहरू क्षणभङ्गुर छन् भन्ने धारणाले गर्दा उत्पन्न हुने एक किसिमको संसारप्रतिकै वितृष्णाको भाव शान्त रस हो (पराजुली, २०५७:५५२) । शान्त रसमा स्थायी भाव वैराग्य वा

शमस्थिति हुन्छ । यस रसको आश्रयमा उत्तम पात्र हुन्छन् र दु:खमय संसारको ज्ञान अथवा परमात्माको स्वरूप आदि आलम्बनका रूपमा आउँछ । शान्त रसको उत्पत्ति मोक्ष र आध्यात्मिक भावनाबाट भएको हो । यहाँ गाइने विभिन्न किसिमका भजन, बालन, विभिन्न पौराणिक ग्रन्थमा सिलोक, देउसी, भैलो आदि गीतहरू शान्त रसयुक्त हुन्छन् । तप्राङ क्षेत्रका गीतमा यस्तो खालका शान्त रस प्रयोग भएको पाइन्छ ।

जस्तै :

अवश्य मरिन्छ
चौरासीमा परिन्छ ।

गोकुल खोजेँ, मथुरा खोजेँ, खोजेँ वृन्दावन
सारा संसार खोजिसकेँ कृष्ण कहाँ छन् ?

तप्राङका भूमे देउता पर्छु शरण
भक्ति गर्ने भक्तजनको रक्षा गर न ।

जाम्ला वैकुण्ठैमा नाच्तै, गाम्दै, बजाउँदै, नाच्तै गाम्दै बजाउँदै,
स्वर्ग जानी भनेको, खै बाटो खनेको , खै बाटो खनेको ? ( माधवः २०४५)

## ४.२.२. अलङ्कार

काव्यको शोभा बढाउने तत्त्वलाई अलङ्कार भनिन्छ ( घिमिरे २०६६:८९ ) । जसरी गहनाले नारीको शोभा बढाउँदछ त्यसरी नै अलङ्कारले लोकगीतको पनि शोभा बढाइरहेको हुन्छ, तर गायक गायिकालाई यो थाहा हुँदैन । शब्द र अर्थको वक्रता वा वैचित्र्यलाई अलङ्कार भनिन्छ । अलङ्कार साहित्यको सौन्दर्य र शोभा हो । साहित्यका भावनालाई अझै सुन्दर पार्नका लागि विभिन्न किसिमका अलङ्कारको प्रयोग गरिन्छ ।

शब्द र अर्थको वक्रोक्ति अलङ्कार हो ( आचार्य भामह ) ।

अचार्य दण्डीले काव्यलाई शोभा प्रदान गर्ने धर्मलाई अलङ्कार मानेका छन् ।

साहित्यका भावनालाई अझै सुन्दर पार्नका लागि विभिन्न किसिमको अलङ्कारको प्रयोग गरिन्छ । लोकगीतका सन्दर्भमा हेर्दा यसमा सृजित गीतमा झैं अलङ्कार योजना हुँदैन । यसो हुनुमा लोकगीत कुनै बौद्धिक व्यक्तिबाट सिर्जना नभई सर्वसाधारण कलाकारबाट सहज र स्वाभाविक रूपमा अभिव्यक्त हुने भएकोले हो । कलात्मक गीत र कवितामा अलङ्कारको जुन प्रवृत्ति पाइन्छ त्यो कुरा लोकगीतमा नभए पनि यसमा जीवन र जगत्का विविध सन्दर्भ अलङ्कारका रूपमा आउँछ । यसरी लोकगीतमा अलङ्कारको प्रयोग परम्परायुक्त नभएर नवीन र मौलिक किसिमले भएको पाइन्छ । यहाँको लोकगीतमा शिष्ट साहित्यमा जस्तै सचेत रूपमा अलङ्कारको प्रयोग नगरिए पनि स्वतः र सहज रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँ प्रचलित लोकगीतमा विशेष गरे शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

लोकगीतमा कुन अलङ्कारको प्रयोग छ भन्ने कुरा थाहा हुँदैन किनभने लोकगीत स्वतस्फूर्त विधा हो । यो शास्त्रीय नियमबाट मुक्त हुने गर्दछ तर पनि थाहा नभइकन लोकगीतमा अलङ्कारको प्रयोग हुन्छ । यस क्षेत्रका लोकगीतमा पनि विभिन्न अलङ्कारको प्रयोग पाइन्छ ।

### ४.२.२.१ शब्दालङ्कार

साहित्यमा शब्दको चमत्कारपूर्ण प्रयोगलाई शब्दालङ्कार भनिन्छ । काव्यमा शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य चमत्कार वा सौन्दर्य शोभालाई शब्दालङ्कार भनिन्छ । (तिमिल्सिना र भण्डारी, २०५५ :१८) ।

लोकगीत गायनमा शब्दहरूको विशेष महत्त्व रहेको हुन्छ । मिलेका शब्दहरूले  लोकगीत बढी रोचकता प्रदान गरेको हुन्छ । त्यसकारण यस तप्राङ क्षेत्रमा गाइने लोकगीतहरूका शब्द चयनमा बढो ख्याल पुऱ्याइएको भेटिन्छ । नितान्त ग्रामीण परिवेशमा बोलिने ठेट, झर्रा शब्दहरूले थप रोचकता प्रदान गरेको पाइन्छ । तप्राङ क्षेत्रका लोकगीतमा पनि कतै कतै यस्ता शब्दालङ्कारको प्रयोग भएको पाइन्छ ।

जस्तै :

चल्छ हुरी भाँचिन्छ हाँगो
फाल्छ गुँड पार्दिन्छ उदाङ्गो ।
जति पीर परे नि खपेर
बसि रैछु तिम्रै नाम जपेर

ढोका खोला पियारी आँखी मैले देखिन,
खुट्टा पनि के भए भैँमा टेकिन ।
भरे पनि आम्नोस् स्वामी हर्को लुगा फालेर,
भोलिदेखि लाउला स्वामी बोरा टालेर ।

## ४.२.२.२ अर्थालङ्कार

शब्दहरूको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । अर्थालङ्कारमा शब्दवैचित्र्यभन्दा पनि अर्थगत वैशिष्ट्यको चमत्कारले सौन्दर्य झल्केको हुन्छ । (तिमिल्सिना  र भण्डारी, २०५५ :१९) ।

एउटै शब्दले पनि गायनमा धेरै अर्थ अर्थ्याउने काम गरेको हुन्छ । प्रायजसो गीत केही कुरा व्यक्त गर्दा सिधैं नभनी प्रतीकात्मक रूपमा घुमाई फिराई गरेर भन्ने गरिन्छ । यहाँ शब्दले होइन अर्थको अलङ्कारले बोलेको हुन्छ । जुन अर्थको भाव बढो भावात्मक वा मर्मस्पर्शी खालको हुन्छ । गीतको शब्दको अलङ्कार नमिलेको खण्डमा गीत रोचक लाग्दैन । लोकगीतलाई रोचकता प्रदान गर्नका लागि पनि अर्थमाथि विशेष ख्याल पुऱ्याइएको  पाइन्छ । तप्राङ क्षेत्रमा पाइएका लोकगीतहरूमा पनि कही कतै अर्थालङ्कार विशेष ख्याल गरेको

भेटिन्छ ।

जस्तै :

मन जलेर वनको आगोझैँ
ज्यान सुकेर भइसक्यो धागोझैँ
आमा मेरो कर्म नै खोटो
न समाउने न टेक्ने अखेटो ।

## ४.२.३ लय

लोकगीत गेयात्मक विधा हो ( जोशी, २०१४: २३१ ) । गेयात्मक विधा भएकाले लोकगीतमा लयको अति नै आवश्यक पर्दछ । लय लोकगीतको प्राण नै हो । लयलाई भाका पनि भनिन्छ । लोकगीतको संरचनासँगै लयको पनि संरचना हुन्छ । लोकगीत भनेको लयात्मक अभिव्यक्ति हो अनि यो अभिव्यक्ति ललित एवम् रागात्मक हुन्छ । लोकगीतका विभिन्न प्रकार भए जस्तै प्रत्येक प्रकारका लोकगीतका भिन्नभिन्न लय हुन्छन् । ती प्रत्येक लोकलयका पनि भेदोपभेद हुन्छन् । एउटै लयको लोकगीत जाति एवम् स्थानका भिन्नताका कारण फरक लयका रूपमा प्रवाहित हुन्छ । लोकगीतमा प्रयुक्त लयको आफ्नै प्रकारको छन्द हुन्छ । त्यो छन्द काव्यशास्त्रीय छन्दयोजनाका कट्टरताबाट मुक्त रहे पनि उच्चार्य श्रव्यसङ्गीतका नियमितताबाट चाहिँ अनुप्राणित नै रहन्छ ।

कुनै पनि लोकगीत एउटा निश्चित लयमा बाँधिएको हुन्छ । सालैजो गीतको लय एक किसिमको हुन्छ भने तीजे गीतको लय अर्को किसिमको हुन्छ । यस्तै असारे गीतको लय एउटा किसिमको पाइन्छ भने रत्यौली गीतको लय पनि अरू लोकगीतको भन्दा भिन्न खालको हुन्छ । यसरी जति लोकगीत छन् त्यति नै लोकगीतका लयगत विभेद पाइन्छन् । विषयवस्तुलाई भाषाले व्यक्त गरे पनि अभिव्यक्ति लयबद्ध हुन सकेन भने त्यो लोकगीत हुँदैन । नेपाली लोकगीतमा सालैजो, यानिमयाँ, सुनिमयाँ, भैली, देउसी, असारे लगायतका विविध लय छन् । ती लय नै लोकगीतका भाका हुन् । सालैजो लयमा गीत गाउने भन्दा र सालैजो भाकामा गीत गाउने भन्दा एउटै अर्थ लाग्छ

। ...पानको पात', ...धौलागिरिमा' भन्नासाथ लय र भाका दुवैलाई बुझिन्छ । लोकगीतका सन्दर्भमा लय र भाका भनेका एउटै जस्ता बुझिए पनि लय भनेको लोकछन्द हो भने भाका भनेको त्यस लोकछन्दको गायन गर्दा अँगालिने स्वरको आरोहअवरोह हो । त्यसैले लोकले सालैजो लयको गीतलाई पनि ठाडो भाका, तेर्सो भाका, घुमाउरो भाकाको सालैजो भनेर चिनाउने गर्दछन् । लोकगीतमा प्रयोग गरिने लय त्यसका चरणगत उच्चार्य वर्णवितरणमा आधारित हुन्छ । लोकगीतका चरणहरूमा भाषिक वर्णहरूको पुनरावृत्तिपूर्ण जुन अनुप्रासिक एवम् अन्त्यानुप्रासीय प्रयोग गरिएको हुन्छ त्यसले लोकगीतका लय एवम् भाकाका साङ्गीतिक झङ्कारलाई समृद्ध तुल्याएको हुन्छ । लय तीन प्रकारका हुन्छन् ।

### ४.२.३.१ द्रुत लय

छिटो छरितो तरिकाले गाइने लयलाई द्रुत लय भनिन्छ । सामान्यतया दुई चरणका झ्याउरे गीतहरू, चुड्का, भजन आदिमा द्रुत लयको प्रयोग गरिएको हुन्छ । गाउँघरतिर कसैको घरमा पूजा आजा हुँदा पूजा सकिएपछि प्रायः बेलुकातिर वरपरका छरछिमेकीहरू एकै ठाउँमा सामेल भएर भजन, चुड्का गाउने चलन अझै पनि कायमै रहेको छ । खैँजडी, मजुरा, मादल बजाएर छिटो छिटो र छोटो छोटो रूपमा गाइने गीत द्रुत लयमा पर्दछन् । यस क्षेत्रमा पनि यस्ता खालका गीतहरू बढी नै मात्रामा गाइने गरेको पाइन्छ ।

जस्तै :

फूल बगैँचामा
फूल टिपेर मन्दिरमा ।

मैले चिनिन कि
रामकी सीता हैनौ कि ।

कति सुवायो कति सुहायो
नागको माला बाघको छाला कति सुहायो ।

भजनका चुट्का
रोटी दिन्छन दुई ठुन्का ।

### ४.२.३.२ मध्यलय

गीतअनुसार यसको लय पनि फरक फरक हुने गर्दछ । कुनै छिटो छिटो गाइन्छ भने कुनै गीत एकदमै लेघ्रो तानेर गाइन्छ । यो मध्यलयलाई गीत छिटो पनि नगाई ढिलो पनि नगाई मध्यम तरिकाले गाइने गरिन्छ । दुई वा दुईभन्दा बढी चरणमा संरचित गीतहरूलाई मध्यम लयमा गाइन्छ । सालैजो, देउसी, भैलो, एकोहोरी, दोहोरी आदि यस अन्तर्गत पर्दछन् ।

जस्तै :

कहाँ गयो न्याउली चरी गाउँ शून्य पारेर
सँगै हिड्ने सँगीको माया मारेर ।
सपनीमा ब्युँझाउन आउनी
विपनीमा मुख देख्न नपाउनी

जुनी बित्यो बनपाखा धाउँदै
दाउरा घाँस गाईबाख्रा चराउँदै ।

हिजोआज के हाल छ नानी
भेट हुँदा तर्केर हिड्छ्यौ विरानो भन्ठानी ।

आमा तिम्ले के खाइथ्यौ दुनामा
कान्छी छोरी तप्राङको कुनामा ।

### ४.२.३.३ विलम्बित लय

हतार नगरीकन बिस्तारै बिस्तारै ढुक्कसँग लेघ्रो तानेर गाइने लयलाई विलम्बित लय भनिन्छ । यो अत्यन्तै ढिलो गरेर गाइन्छ । विलम्ब गरेर गाइने हुँदा पनि यस प्रकारका गीतलाई विलम्बित लय भनिएको हुनुपर्छ । प्रायजसो मानिसहरू काममा व्यस्त भएको समयमा मन बहलाउन वा भुलाउन पनि यस प्रकारको गीत गाउने गरेको पाइन्छ । यस लयलाई शान्त प्रकृतिको मानिन्छ । यस लयअन्तर्गत बारमासे गीत, जेठेगीत, असारेगीतका लय पर्दछन् । तप्राङ क्षेत्रमा पनि यस प्रकारका गीतहरू प्रचलनमा रहेको पाइन्छ ।

जस्तै :

जेठ र मासका यिनै चर्का घाम एकलै घैया गोड्छु नि है
कहाँमा गय तिमरा ससुरा एकलै घैया गोड्छ्यौ नि है

असारे मासको दबदबे हिलो छि मलाई घिन लायो
पातली नानीलाई फरिया किन्दा छबीस रिन लायो ।

तिर्खामा लाग्यो धोकोमा थियो पानीमा खानको,
देख्दामा सानी रहिछ्यौ नानी बेसारे पानाको ।

दुलाहाभन्दा मायालु नाठो हितैको परानी,
हली है राजा खेताली नानी बाउसे खरानी ।

### ४.२.४ छन्द

छन्द भन्नाले छाँटकाँट भन्ने बुझिन्छ । छन्दको प्रभाव प्रकृतिको कण कणमा व्याप्त छ । छन्दमा यस्तो आकर्षण भएका मुख्य कारण गेयता र सूत्रबद्धता हो (पराजुली, २०२३ :३५८) । काव्यमा वाक्यलाई बन्धनमा राखेर काव्य सिर्जना गर्न मद्दत गर्ने तत्त्वलाई छन्द भनिन्छ । यसले वाक्यलाई बाँध्ने काम गर्दछ । गायकले छन्दको वास्ता नगरी लोकगीत सिर्जना गर्ने गर्दछन् तर पनि त्यहाँ छन्दको प्रयोग भएकै पाइन्छ तर गण, मात्रा, गति, विश्राम आदिको नियम ठ्याक्कै मिलेको पाइँदैन तापनि छन्दले लोकगीतलाई सूत्रबद्ध गरेको पाइन्छ । विशेष गरेर यहाँका गुरुङ बस्तीहरूमा झ्याउरे छन्द

सबैभन्दा लोकप्रिय रहेको पाइन्छ । यसमा गण, मात्राको किटान गरिएको हुँदा यसमा संरचनागत सहजता पाइन्छ । यसले ठेट नेपालीपन बोकेको हुन्छ । त्यसैले प्रायः सर्जकहरूले यसै झ्याउरे छन्दको प्रयोग गरेर लोकगीत गाउने गरेको पाइन्छ भने कतै कतै मुक्तछन्दमा पनि गीत गुन्गुनाएको पाइन्छ । वर्ण मात्राको हिसाबले शास्त्रीय मान्यतालाई ख्याल नगरिएको स्वतन्त्र रचनामा प्रयुक्त छन्द नै मुक्त छन्द हो । बालगीत, देउसी, भैली आदि गीतहरूमा मुक्त छन्द प्रयोग भएको पाइन्छ । यस तप्राङ क्षेत्रका गीतमा पनि कहीँकहीँ झ्याउरे र मुक्त छन्दको प्रयोग स्वाभाविक रूपमा भएको पाइन्छ । जस्तै :

### ४.२.४.१. झ्याउरे छन्द

केटी : हा..., चलन छ बिहे गर्ने, झ्याउरे जिते टुङ्गो लाइदेउ माया के गर्ने,
केटा : हा..., मर्दालाई के को डर, हारे हलि बसौँला माया तिम्रो घर ।

केटा : हे..., ठोक मादल झरेनि खरी, मन मिल्ने आरैछिन दौतरी ,
फूल फुल्यो बामरी, मेरो माया नांचिदेऊ रामरी ।

केटी : हे..., मेटिदैन करिम मेटेर, खुसी भाछु सोल्टीज्यू भेटेर,
फूल फुल्यो बामरी, मेरो माया नांचिदेऊ रामरी ।

हा..., हातै काट्यो चालिसे चुराले माया फाट्यो गाउँघरका कुराले ।
हा..., घर त मेरो पातीले बारेको रुन मलाई कर्मैले पारेको ।

### ४.२.४.२. मुक्त छन्द

दशै आयो
खाउँला पिँउला

कहाँ पाउँला

चोरी ल्याउँला

धत् पापी म छुट्टै बसुँला

हरियो गोवरले लिपेको

लक्ष्मी पूजा गरेको

हे औँसीको बारो

गाईतिहारो -भैलो

## ४.३. विम्ब र प्रतीकविधान

साहित्यमा विम्ब र प्रतीकको बारेमा धेरै लामो परिभाषा हुने गर्दछ । लोकगीतको सन्दर्भमा भन्दा विम्ब एक किसिमको छाया हो भनिएको छ । लोकगीतको सिर्जना हुने क्रममा लोकगायकको प्रतिभाद्वारा गीतमा विम्ब र प्रतीकको प्रयोग स्वतस्फूर्तः रूपमा गरिएको हुन्छ । यहाँ प्रचलित लोकगीतमा विभिन्न किसिमका लघु-विम्बको प्रयोग पाइन्छ । त्यस्ता विम्बहरू गीतको भावसँगै जन्मेका जस्ता भएर गीतमा आएका छन् जुन विम्ब प्रयोग भएका भावहरुको व्यञ्जनबाट लोकगीतको शक्ति झन् बढेको छ । तलका गीतको पङ्क्तिमा विम्बलाई देखाउन सकिन्छ ।

दुःख-सुख जे परे सहेर

बसौं हामी वरपीपल भएर ।

साहित्यमा प्रतीकको प्रयोग नयाँ होइन । पूर्वीय साहित्यशास्त्रीहरूमा प्रतीकलाई कसैले उपमा अलङ्कारका रूपमा हेरेका छन् भने कसैले ध्वनिको रूपमा हेरेका छन् । लोकगीतमा प्रतीकको एउटा शैली नै बनेको छ जुन शैलीले अभिव्यक्तिलाई प्रभावित तुल्याउँदै लोकगीतमा भाषिक सौन्दर्य र भावगाम्भीर्य ल्याएको पाइन्छ ।*(कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक, वीण प्रकाशन, २०५७)* । लोकगीतमा प्रयुक्त प्रतीकहरू लोाकजीवनबाट स्वतः आएका हुन्छन् । विभिन्न प्रकारका सौन्दर्य, जून, तारा आदि सौन्दर्यको प्रतीक हो भने डंडेलो, बाढी, पहिरो आदि दुःखको प्रतीक हो । यहाँका लोकगीतमा प्रतीक प्रयोगका

विभिन्न रूप पाउन सकिन्छ । प्रतीकका रूपमा आएका त्यस्ता वस्तुले लोकगीतको भनाइलाई सार्थकता प्रदान गरेका छन् । उदाहरणका लागि केही गीति पङ्क्ति प्रस्तुत गरिएको छ ।

कता गयो हितको परानी
मन डडेर भै गयो खरानी
धुरुधुरु नरोऊ नानी
रातपछि आउनेछ बिहानी ।

यसरी हेर्दा लोकगायकले लोकगीतमा विम्ब र प्रतीकको प्रयोग आफ्नै किसिमले गरेको हुन्छ । यस्ता विम्ब र प्रतीकको प्रयोग उसले देखेसुनेको र भोगेको आफ्नै परिवेशबाट टिपेर गर्दछ । यो कृत्रिम नभएर सहज ढङ्गले गीतमा आएको हुन्छ र यसले मानवमनको आन्तरिक पक्षको उद्घाटन गर्दछ ।

## ४.४. शैली

लोकगीतको शैली भनेको मुख्यतः लोकगीतको गायन वा कथनको तरिका हो । त्यसै गरी कुनै विषय वा विचारको कथन गर्न अँगालिएको ढङ्ग पनि लोकगीतको शैली नै हो । वास्तवमा लोकगीत सरल शैलीमा व्यक्त हुन्छ । यसमा स्थायी र अन्तराको विन्यास हुन्छ, निपात तथा थेगाहरूको प्रयोग हुन्छ साथै अलङ्कारको प्रयोग पनि स्वाभाविक रूपमा गरिएको हुन्छ । यस्तै कतिपय गीतमा बिम्ब तथा प्रतीकको प्रयोग पनि गरिएको भेटिन्छ । यी सबै कुराका सन्दर्भमा विचार गर्दा लोकगीतको शैलीमा एकल, युगल वा सामूहिक गायन, वर्णनात्मकता, आत्मालाप वा वार्तालाप, सरलता-सरसता, आलङ्कारिकता, लाक्षणिकता र प्रतीकात्मकता जस्ता प्रवृत्तिहरू रहन्छन् । कतिपय तीजे गीत संवादात्मक हुन्छन् । अहिलेका कतिपय दोहोरी गीत वादविवादात्मक हुन्छन् । अझ कुनै गीत मनोवादात्मक पनि हुन्छन् । यसैले लोकगीतमा आलङ्कारिक, वर्णनात्मक, विवरणात्मक, संवादात्मक, वादविवादात्मक, मनोवादात्मक शैली पाइन्छन् । यस्ता शैलीमध्ये कुनै एक वा अनेक शैलीको प्रयोग

लोकगीतमा हुने गर्दछ ।

## ४.५. भाषा

भाषा सञ्चारको एक माध्यम हो । भाषा विना कुनै कुराको पनि आदानप्रदान सम्भव हुँदैन । लोकगीत पनि भाषाविना अपूर्ण नै हुन्छ वा लोकगीत बन्न सम्भव नै हुँदैन । लोकगीतले पनि भाषाको प्रारम्भिक रूपदेखि लिएर आधुनिक रूपको पनि झझल्को दिने गर्दछ । त्यसैले लोकगीतको अध्ययन अनुसन्धान गर्न भाषाको आवश्यकता पर्दछ । त्यसैले लोकगीतको अध्ययन विश्लेषण गर्दा भाषाको पनि अध्ययन गर्न अति आवश्यक हुन आउँदछ ।

यस तप्राङ क्षेत्रमा गुरुङ, ब्राह्मण, क्षत्री, रानाभाट, कामी, दमाई, सार्की, ठकुरी, घर्ती, मगर, मुस्लिम आदि जातिहरूको बसोबास पाइन्छ । यिनीहरूको विचार विनिमयको माध्यम पनि नेपाली भाषा नै हो तर विभिन्न जातिका मातृभाषाले गर्दा उच्चारणमा फरक पर्ने गर्दछ ।

लोकगीत लोकजीवनको सहज अनुभूति हो । यो लोक हृदयबाट निस्केको यथार्थ एवम् सहज अभिव्यक्ति पनि हो । त्यसैले लोकगीतमा स्तरीय भाषाभन्दा सामान्य बोलीचालीमा प्रयोगमा ल्याइने कथ्य भाषाको प्रयोग भएको पाइन्छ । यस क्षेत्रका लोकगीतमा पनि बौद्धिक एवम् स्तरीय भाषाभन्दा सामान्य बोलीचाली गर्दा प्रयोगमा हुन आउने सामान्य कथ्य भाषाको प्रयोग पाइन्छ ।

यस तप्राङ क्षेत्रका लोकगीतमा यहाँका धार्मिक, प्राकृतिक, सामाजिक, आर्थिक आदि पक्षको सुन्दर चित्रण गरिएको छ । नैतिक उपदेश दिने खालका सन्देशात्मक विषयवस्तु पनि यहाँका लोकगीतमा पाइन्छन् । शान्त, वीर, शृङगार, करुण आदि रसको प्रयोगले यहाँका गीत हृदयलाई छुन सफल छन् । साथै झ्याउरे, मुक्त आदि छन्दको प्रयोग पनि अत्यधिक रूपमा पाइन्छ र भाषाका विभिन्न भाषिकाको प्रभाव परे पनि मुख्य रूपमा यहाँका लोकगीतमा नेपाली भाषाको नै प्रयोग पाइन्छ ।

## ४.६. निष्कर्ष

नेपाली लोकसाहित्यका विभिन्न विधामध्येको उर्वर एउटा विधा लोकगीत हो । लोकले मौखिक रूपमा जीवित राखेको अनि लोकहृदयको स्वतस्फूर्त, लयात्मक गेय अभिव्यक्ति लोकगीत हो । यसभित्र धेरै लोकगीतहरू पर्दछन् । यहाँ प्रचलित लोकगीतको प्रस्तुतीकरणमा स्रष्टाले विभिन्न किसिमको शैली अँगालेको पाइन्छ । कतिपय लोकगीतमा गायकले एकालापीय कथन पद्धतिद्वारा आफ्ना अभिव्यक्ति पोखेको हुन्छ । यहाँ गाइने दोहोरी गीतहरूमा संवादात्मक शैलीमा रहेका छन् । स्त्री र पुरुष अनि पति र पत्नीका बीचका संवादमा आधारित त्यस्ता गीतमा प्रश्नोत्तरात्मक शैली बढी प्रयोग भएको पाइन्छ रत्यौली, खैंचडी भजन आदिमा नाटकीय शैली पाइन्छ । गाउने व्यक्तिको हाउभाउसहितको अभिनय, नृत्य र सामूहिक रूपमा गाउन बसेका व्यक्तिहरूले प्रस्तुत गरेका कृयाकलापहरूलाई हेर्दा यी गीतमा नाटकीय शैलीको उत्कृष्ट नमुना पाउन सकिन्छ ।

## पाँचौं अध्याय

# उपसंहार

नेपाली लोकसाहित्यको उर्वर विधा मानिएको लोकगीत अहिले नेपाली लोकसाङ्गीतिक जगत्मा लोकप्रिय बनेर विकसित भइरहेको छ। वस्तु परक एवम् गहन अध्ययन गर्नका निम्ति सोझो , सहज एवम् वैज्ञानिक मार्ग निर्माणको आवश्यकता बोध गरेर **तप्राङ क्षेत्रका लोकगीतको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र तयार पारिएको हो।

यस शोधपत्रमा तप्राङ क्षेत्रका लोकगीतको अध्ययन गर्ने काम भएको छ। अध्ययन गर्दा विभिन्न विद्वान्हरूका कृति तथा सामाजिक व्यक्तित्वहरूको सहयोग लिइएको छ। शोधपत्र सम्पन्न गर्दा शोधको परिचय, तप्राङ क्षेत्रको जानकारी सहित लोकगीतको सैद्धान्तिक पक्षको परिचयका साथै शोधपत्रको अध्यागत सारांश र निष्कर्षका निरुपण गर्ने कार्य भएको छ।

## ५.१. सारांश

प्रस्तुत शोधकार्य तप्राङ क्षेत्रमा पाइने लोकगीतको अध्ययनमा केन्द्रित रहेको हुनाले यस शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको विषय, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन र शोधविधिको बारेमा चर्चा गर्दै अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ।

अध्याय दुईमा लोकगीतको सैद्धान्तिक परिचयअन्तर्गत लोक साहित्यको परिचय दिँदै लोकगीतको परिचय, परिभाषा, विशेषता, महत्त्व, वर्गीकरण, तत्त्वहरू भित्र केन्द्रित रहँदै त्यसमा पर्ने विभिन्न शीर्षक उपशीर्षकहरूको बारेमा चर्चा र परिचर्चा गरिएको छ। त्यसै गरी लोकगीतका विशेषताका रूपमा अज्ञात रचयिता, सामूहिकता, लयात्मकता, सरलता र मौलिकताको चर्चा समेत गरिएको छ।

यस शोधपत्रको तेस्रो अध्यायमा तप्राङ क्षेत्रको सामान्य परिचय दिइएको छ । यस क्षेत्रको भौगोलिक परिचय, ऐतिहासिक पृष्ठभूमि, सामाजिक तथा साँस्कृतिक जीवनमा प्रचलित धार्मिक परम्परा र चाडपर्वका बारेमा सङ्क्षिप्त जानकारी गराइएको छ । यस क्षेत्रमा बस्ती विकासको सुरुवात कहिले र कुन ठाउँबाट भयो भन्ने बारेमा कुनै आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन । हाल यस क्षेत्रमा व्राह्मण, क्षत्री, गुरुङ, मगर, दमाई, कामी , सार्की ठकुरी, रहेका छन । तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण पनि गरिएको छ । वर्गीकरणको क्रममा बाह्रमासे, कर्म, पर्व र संस्कार गरी चार भागमा विभाजन गर्दै त्यस अन्तर्गत पर्ने लोकगीतहरूको परिचय र उदाहरण प्रस्तुत गरिएको छ ।

अध्याय चारमा यस तप्राङ क्षेत्रमा पाइने लोकगीतहरूको अध्ययन गरिएको छ । लोकगीतको विश्लेषणको क्रममा विषयवस्तुका आधारमा र काव्यात्मकताको आधारमा गरी दुई मुख्य शीर्षकहरू राखिएको छ । नेपाली लोकगीतका विषयवस्तुहरू प्रकृति, कृषि, धर्म, सामाजिक नीति, उपदेशसँग जोडिएको छ । खास गरी मानवीय समाजमा जीवन भोगाइका क्रममा आइपर्ने विविध स्थितिलाई नै लोकमानवले टपक्क टिपेर गीतिलयमा सजाउने क्रममा लोकगीतको सिर्जना हुने गर्दछ । त्यस्तै काव्यात्मक अध्ययनअन्तर्गत यहाँका गीतहरूमा पाइने विभिन्न रसका बारेमा आंशिक रूपमा प्रस्तुत गरिएको छ । कुनै निश्चित छन्दमा बाँधिएका पाइँदैनन् । स्वतःस्फूर्त रूपबाट सिर्जना हुने हुनाले यहाँका लोकगीतको काव्यात्मकता पनि फरक फरक पाइएको छ । भाका एवम् लयका हिसाबले झ्याउरे लयको प्रयोग बढी नै भएको पाइएको छ ।

धार्मिक, साँस्कृतिक, पर्यटकीय, सामाजिक, र लोकसाहित्यको दृष्टिले यो क्षेत्र महत्त्वपूर्ण मानिए तापनि पहिले तथा हालका स्थानीय लोककलाकारहरूको बारेमा तथा उनीहरूको गीतका पनि खोजमूलक कार्य नहुनु साथै लिखित प्रमाण नराखिनुले पनि यहाँका लोकगीतहरूको आवश्यक संरक्षण हुन सकेको देखिँदैन । यस क्षेत्रमा बाह्रमासे, धार्मिक, श्रम, पर्व र संस्कारअन्तर्गतका विभिन्न गीतहरू गाइने गरेको पाइएको छ । यस क्षेत्रका लोकगीतहरूमा विभिन्न प्रकारका अलङ्कार तथा रसहरूको प्रयोगसमेत भएको छ ।

भाषिक दृष्टिले यस क्षेत्रमा गाइने गीतहरू जस्ताको तस्तै रूपमा प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा यस क्षेत्रका लोकगीतहरूले यहाँका धार्मिक, सांस्कृतिक सामाजिक, आर्थिक, प्राकृतिक

अवस्था स्थानीय लोक धारणा र जीवनशैली आदिको यथार्थ चित्रण गरेका छन् । यहाँका लोकगीतमा विषयगत विविधता, श्रुर्तिमाधुर्य, साहित्यिक विशेषता र प्रस्तुतिका विविधि ढाँचा रहेका छन् ।

## ५.२. निष्कर्ष

लोकमा प्रचलित गायन, वादन र नृत्यको साझा नाम लोकसङ्गीत हो । लोकसङ्गीतअन्तर्गत पर्ने एउटा भेद लोकगीत हो । लोकगीत नेपाली लोकसाहित्यको प्राण हो । त्यसैले यो तप्राङ क्षेत्रको मात्र नभएर सम्पूर्ण नेपालीको सुखको सुसेली र दुःखको सुस्केरा पनि हो । लोकगीतमा हाँसो, रोदनदेखि लिएर मनोरञ्जन, विकृति, विसङ्गतिमाथि प्रहार गर्ने पद्धति पनि अटाएको पाइन्छ । समयको परिवर्तनसँगै लोकगीतका विषयवस्तु, भाका, लय र शब्दहरूमा पनि परिवर्तन आएको पाइन्छ । उहिले श्रुति परम्पराबाट विस्तारित र विकसित हुँदै आएको लोकगीतलाई अहिले रेडियो, टेलिभिजन, सिडी, भिसिडी, मोबाइल आदि आधुनिक प्रविधिले मानिसका जहाँ र जुनसुकै समयमा पनि सुन्न सकिने गरी कानकानमा पुऱ्यादिएको छ । अचेल तीजेगीत र रत्यौलीमा समेत पुरुषहरूको सहभागिता बढ्न थालेको पाइन्छ । कतिपय लोकभाका र परम्पराहरू बिंडो थामिदिने र खोजिनीति गर्ने व्यक्तिको अभावमा लोप हुने अवस्थामा पनि पुगेको पाइन्छ ।

तप्राङ क्षेत्रमा गाइएका लोकगीतहरूको अध्ययन र विश्लेषण गर्दा प्रचलित एवम् विकसित र लोपोन्मुख गीत गरी हेर्न सकिन्छ । रत्यौली, तीजे, भैलो, देउसी, भजन गीतहरू प्रचलित नै रहेका र सालैजो, ठांडो भाका, जेठे, दाइँ, मालसिरी जस्ता गीतहरू लोप हुन लागेको अवस्थामा पाइएको छ । दोहोरी गीत भने अत्यन्तै विकसित अवस्थामा रहेको पाइएको छ । समसामयिक लोकगीतमा ज्यादा विरह, वेदना, प्रेम प्रसङ्गकै स्वर बढी मुखरित भएको देखिन्छ । विविधतामय गीत तथा लय एवम् वाद्य वा नृत्यले सजाएका सन्दर्भले यहाँका नूतन गीतहरूले पुरातन साँस्कृतिक मूल्य मान्यतालाई प्रतिनिधित्व गरेका छन् । हाम्रो सामाजिक,आर्थिक र साँस्कृतिक सन्दर्भहरू जीवन्त रूपमा यहाँका लोकगीतमा प्रतिविम्बित भएका छन् । विविध रस र लयले सजिएका यहाँका लोकगीतहरूमा  हांस्यव्यङ्ग्य र प्रेम

विरहका चेतनाहरू पनि सशक्त रूपमा विकसित भैरहेको यथार्थ पनि छर्लङ्ग हुन्छ । साथै मानिसका आर्थिक, सामाजिक, शैक्षिक आदि पक्षहरूले पनि प्रभावित गरिरहेको तथ्यलाई नकार्न सकिँदैन । उहिले उहिले यातायातको असुविधाले चेलीबेटीहरू टाढा-टाढाबाट चाडपर्व मान्न आउन असम्भवजस्तो हुने गर्दथ्यो भने अहिले बैदेशिक रोजगारी र अध्ययनमा गाउँबाट युवा-युवतीहरू पलायन हुने र गाउँ नै रित्तिन अवस्था पनि देखिएको छ ।

यहाँका सबै लोकगीतहरूमा गाइने प्रक्रिया आ-आफ्नै किसिमका छन् । संस्कार गीत, ऋतुकालीन कर्म गीत र पर्व गीतका वर्गमा पर्ने गीतहरू समयको बन्धनमा रहेका हुन्छन् । त्यस्ता गीतहरू कुनै खास अवसरमा मात्र गाउने गरिन्छ । गीत गाउने क्रममा गायकहरूको सहभागिता रहन्छ भने खैंजेडी भजनजस्ता गीतहरूमा पुरूषवर्गको सहभागिता रहन्छ । यहाँ प्रचलित लोकगीत गाउँदा कतिपयमा बाद्यवादनविना गाइन्छ भने कतिपय गीतमा बाद्यवादनका साथै नृत्य पनि गरिन्छ । त्यसै गरेर कतिपय गीत एक्लै गाइन्छ भने कतिपय गीत समूहमा गाइन्छ । तीजे र भैलो गीत समूहमा गाइने गीत हो भने झ्याउरे, घाँसे, सेलो गीत एक्लै पनि गाउन मिल्ने गीत हो ।

तप्राङ क्षेत्रमा प्रचलित गीतहरूमध्ये संस्कार गीत ऋतुकालीन गीत, पर्व गीत र बाह्रमासे गीत छन् तापनि मुख्यतः बाह्रमासे गीत अधिक चर्चित रहेको छ ।

यस क्षेत्रमा प्रचलित लोकगीतले लोकजीवनका विविध पक्षलाई समेटेको छ । यहाँका अधिकाँश लोकगीतमा यस ठाउँको चित्रात्मकस्वरूप प्रकट भएको पाइन्छ । वन-पाखा, उकाली-ओराली, खोला-नाला, आदिमा देखिने प्रकृतिको मनोरम रूपदेखि लिएर बेला बेलामा आइपर्ने प्राकृतिक प्रकोपका कारण मानिसले भोग्नुपरेका दुःखलाई समेत लोकगीतमा व्यक्त गरेको पाइन्छ । साँस्कृतिक परम्परालाई जीवन्त राख्न र आध्यात्मिक सँस्कारको संरक्षण गर्नका लागि पनि यहाँ प्रचलित लोकगीतले विशेष योगदान पुऱ्याएको छ ।

लोकजीवनले भोगेका वास्तविक जीवननै यहाँका लोकगीतका विषयवस्तु हुन् । यहाँका प्राय सबै लोकगीतले सामाजिक जीवनको चित्रणमा कुनै न कुनै हिसाबले प्रभाव पारिराखेको छ । यहाँको समाजमा रहेको आ-आफ्ना पेशा, एक आपसमा देखिने माया ममता,

सयोग वियोग, प्रेम प्रसङ्ग, रीतिरिवाज, नारीप्रति गरिने असमान व्यवहार, सासूले बुहारीलाई गर्ने तुच्छ व्यवहार, धनी र गरिव वर्गको विभेदका साथै परम्परागत रूढीवादी मान्यता, भावी, कर्म, भाग्य, साइत, शकुन, अपशकुनजस्ता परम्परादेखि चल्दै आएका यी विविध लोकविश्वास समेत लोकगीतले समेटेको छ ।

अतः यस तप्राङ क्षेत्रको लोकगीतको अध्ययन गरेपश्चात् प्राप्त निचोडहरूलाई आधार मानेर हेर्दा यस क्षेत्रको लोकगीतको सम्बन्धमा गर्नुपर्ने र गर्न सकिने केही सुझावहरुलाई यहाँ सङ्क्षिप्त उल्लेख गरिएको छ ।

क) लोकगीतको संरक्षणमा नयाँ पुस्तालाई प्रोत्साहित गर्न ,

ख) पुरानो परम्परामा भएका कुरीति, अन्धविश्वास, विकृति, नकारात्मक सोच हटाइ सकारात्मक किसिमको कार्य गर्न ,

ग) मादल, मुजुरा, बाँसुरी, मुरली, खैँजडी जस्ता वाद्यवादनहरूको संरक्षण गर्न,

समग्रमा भन्नु पर्दा एकोहोरी, दोहोरी, पर्वगीत र संस्कारगीतहरू यस क्षेत्रमा लोकप्रिय बनेर रहेका छन् । यिनको संरक्षण र विकासप्रति उत्साहजनक चासो देखिएको छैन । त्यसैले कतिपय लोकगीतहरू हराउँदै छन् भने कतिपय विकृत बनेका देखिएका छन् । स्थलगत अध्ययनका अभावमा तप्राङ क्षेत्रका लोकगीतको सही तथ्य आउन सकेको छैन । यी पक्षमा ध्यान दिएर यस क्षेत्रको लोकगीतका बारेमा गहन अध्ययन हुनु आवश्यक देखिएको हुँदा मेरो सानो प्रयासले यस क्षेत्रका लोकगीतको संरक्षणमा केही सहयोग पुग्ने अपेक्षा राखेको छु ।

## परिशिष्ट

## कास्की तप्राङ क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन

### १. बालगीत

**अ को अनार खाऊँला...,**

अ को अनार खाउँला
आमासँग जाउँला
इनारको पानी झिकेर
ईश्वरलाई पुजुँला
उखु तासी चुसुँला
ऊनको स्विटर बुनुँला
ऋषिलाई ढोगौँला
एक तारे टीमटीम बजाउँला
ऐना हेरी रमाउँला
ओखर फुटाई खाउँला
औलामा गनौँला
मिठो अङ्गुर खाउँला
ठूलो ठूलो अः लेखौँला -२

*नानीहरू कक्षा - १,*
*शिवशक्ति प्रा. वि., तप्राङ*

### २) बालगीत

**आइतबार बिहान ...,**

आइतबार बिहानै घामसित उठैँ म
हातमुख धोएर पढ्न बसैँ म
सोमबार बिहानै आमासित उठैँ म
कापी कलम लिएर लेख्न बसैँ म

मङ्गलबार फूलबारीमा फूल सारेँ मङ्गले
त्यो फूललाई गोडेँ मैले आफ्नै ढङ्गले
बुधबार फूलबारीमा जब आमा जानुभो
मेरो काम देखेर खुसी हुनुभो
बिहीबार घरमा मैले गीत गाउँदा
मेरी सानी सानीमाले चकलेट दिनुभो
शुक्रबार स्कूलमा मैले गीत गाउँदा
खुसी भै गुरुमाले काखमा लिनुभो
शनिबार नुहाएँ हाँसे खेलेँ रमाएँ
मीठो खाजा खाएपछि पुस्तक समाएँ
यसरी नै बितेँ मेरा सातबार सातदिन
भन साथी कस्ता रहे तिम्रा सात दिन ?

*नानीबाबुहरू, कक्षा १,*
*महारुद्र मा. वि., तप्राङ ।*

## ३) एकोहोरी

**रुँदा रुँदा फाट्यो चोलानी ...,**

जन्म दियौ यो पापी छोरीलाई
दुःख पाएँ जिन्दगी भरिलाई,
रुँदा रुँदा फाट्यो चोलानी
यो जोवन यत्तिकै भइरह्यो
मरे भेट होला नि ।

सबै देख्छु बाउआमा साथैमा
मलाई भने आँसु भो हातमा
रुँदा रुँदा फाट्यो चोलानी

*खिना देवकोटा, वर्ष ६९*
*माझगाउँ, तप्राङ*

## ४) एकोहोरी

### झल्को मनैमा ...,

झर्दाखेरि निरमाया ओराली, कुरी बस्थैं बजाउँदै मुरली ।
झल्को मनैमा सँगै दिन बिताउथ्यौं पारी बनैमा ।

टिप्थैं काफल रुखैमा चढेर, सँगै रुन्थैं कुनै दिन लडेर
झल्को मनैमा सँगै दिन बिताउथ्यौं पारी बनैमा ।

कस्तो रैछ कर्मको खेल पनि , विना वर्षा उर्लियो भेल पनि
झल्को मनैमा सँगै दिन बिताउथ्यौं पारी बनैमा ।

शीतल छैन वर पीपल छायाँमा, ग्रहण लाग्यो त्यो चोखो मायामा
झल्को मनैमा सँगै दिन बिताउथ्यौं पारी बनैमा ।

झर्छ आँसु मनमा पीर पारेर , गयौ तिमी नौ डाँडा काटेर
झल्को मनैमा सँगै दिन बिताउथ्यौं पारी बनैमा ।

*मनमाया क्षत्री, वर्ष ६५*
*पुँचेटोल, तप्राङ*

## ५) एकोहोरी

### कहाँ गयौ न्याउली चरी

कहाँ गयौ न्याउली चरी वनै शून्य पारेर
(सँगै हिड्ने सँगीको माया मारेर)[२]
(ओल्लो डाली पल्लो डाली गरी चरी डुल्थ्यो )[२]
त्यही चरीलाई देखेपछि रोको मन भुल्थ्यो ।
कहाँ गयौ न्याउली चरी वनै शून्य पारेर
(सँगै हिडने सँगीको माया मारेर)[२]
(तिर्खा लाग्दा खोली घाएँ तिर्खा मेटिएन)[२]

पीरले रुँदा नरोऊ भन्ने साथी भेटिएन
कहाँ गयौ न्याउली चरी वनै शून्य पारेर
(सँगै हिंड्ने सँगीको माया मारेर)[२]
(रुँदा रुँदा आँसु मेरो पानी बन्यो)[२]
त्यही आँसुले सारा खुसी बगाई मेरो लग्यो ।
कहाँ गयौ न्याउली चरी वनै शून्य पारेर
(सँगै हिंड्ने सँगीको माया मारेर)[२]
(जुनी बित्यो वनपाखा धाउँदै )[२]
दाउरा घाँस, गाईबाख्रा चराउँदै ।
कहाँ गयौ न्याउली चरी वनै शून्य पारेर
(सँगै हिड्ने सँगीको माया मारेर)[२]
मनको पीर भारी भो)[२]
पाइन मैले बिसाउने चौतारी
कहाँ गयौ न्याउली चरी वन शून्य पारेर
(सँगै हिंड्ने सँगीको माया मारेर)[२]

*बसन्धरी वराल, वर्ष ६६*
*पुँचेटोल, तप्राङ*

## ६) दोहोरीः

**मादीखोला उर्लेर आयो...,**

केटा : दोहोरी गाउन भनेर आको
मनपर्नी मायालाई भेटाको
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो । ( तप्राङ महोत्सवलाई भनिएको )

केटी : सपनी राम्रो देखेको

हितको माया भेट हुन लेखेको
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो ।

केटा : सँगै दुःख काटौँ सँगै सुख काटौँ
चिनो साटो रिवनसँग ढाका टोपी साटौँ ।
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो ।

केटी : कस्तो रैछ माया साँइला भुल्नै नसकिने
जालमा पारी बुन्न खोज्दा बुन्नै नसकिने
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो ।

केटा : तिम्रो माया मेरो माया टोपी भरि खाँदौँ
फुत्केला कि अन्त कतै रिवनले बाँधौँ
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो ।

केटी : टोपी भित्र होइन माया मुटुभित्र बस्छ

रिवनले कसिंदैन भावनाले कस्छ
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो ।

दुवै : आज साहित परेको छ एउटा कुरा आँटौँ
टोपी रिवन होइन अब मुटु मुटु साटौँ
मादीखोला उर्लेर आयो
यो मायाले बीचैमा कुरायो
अहिलेसम्म भेटघाटै हराथ्यो
महोत्सवले लगनै जुरायो ।

*मीन बहादुर क्षत्री, सीता क्षत्री, मोहन देवकोटा, लक्ष्मी देवकोटा*
*माझगाउँ, तप्राङ*

## ७) दोहोरी

केटा : हिजोआज के हाल छ सानी
भेट हुँदा तर्केर हिडेछौ बिरानी भन्ठानी
केटी : किन माया पराभैँ भाको
कैले भेट होला भैँ नभाको
केटा : तिमी रैछ्यौ चौतारी पेटीमा
मैले संसार घुम्दानी भेटिन ।
केटी : पेट दुख्यो अमिलो चुकले
ठीक पार्छ्यौ बेसारे मुखले
केटा : भेट नहुँदा आत्तिने मन
आफ्नो ठान बेसारे नभन
केटी : वरको डाली नुगेर छुन्थ्यो र
माया भए यो चाल हुन्थ्यो र
केटा : आकाशमा बादलु टम्मै छ

मनमा के छ भन्नेलाई सम्मै छ ।

केटीः तिमी उस्तै म पनि उस्तै

उस्तै उस्तै मिलेर जाउँ सुस्तै ।

केटा : जानी भए जाऊँ गाउँ छोडेर

तिमी झोला म छाता ओडेर

दुवै : जाऊँ भने जाऊँ त नि

दुईचार महिना घुमेर आऊँ त नि ।

*अर्जुन वि.क. / गीता वि.क.*

*चिप्ली,*

## ८ ) गोठाले गीत

आमा तिम्ले के खाइथ्यौ दुनामा

कान्छी छोरी चिप्लीको कुनामा ।

दाजु, भाइको माया जाल तोडेर

आउनु पर्‍यो माइतीघर छोडेर ॥

रुनु पर्‍यो चिप्लीको पाखामा

सबै काखा मलाई चैं पाखामा ।

कालो मसी कागजमा लेखिनौ

आमा तिम्ले दाइसमान देखिनौ ॥

दियौ चुनी गयो नि फाटेर

जानुपर्‍यो नौडाँडा काटेर ।

गाई बाख्रा हेर्थें नि पाखामा

आमा भनी बस्थें नि काखामा

आमा तिम्ले नौडाँडा कटायौ

छोरी तिमी सन्चै छौ भनी समाचार पठायौ ।

लालुपाते खाइसक्यो कीराले
ज्यान सुक्यो नि आमाको पीरले ।

देविसुवा वि.क. र सुनमाया वि.क., वर्ष २४/२५
चिप्ली

## ९) सिलोक

खड्को : कहाँ उमाऱ्या इन बिरुवा लामा लामा पात,
के का जनमले बोकी ल्यायौ , के हो नि यसको जात ?

जवाफ : मधुवन उमाऱ्या इन बिरुवा लामा लामा पात,
विवाहका जनमले बोकी ल्यायौँ, पैयूँ हो यसको जात ।

खड्को : कता पऱ्यो जलधारा पोखरी, कति हुन्छन् जलमा हाँस,
कौन गोठको दही बोकी ल्यायौ, कौन रूखको घाँस ?

जवाफ : दख्खिन पऱ्यो जलधारा पोखरी, अनगिन्ती हुन्छन जलमा हाँस,
आफ्नै गोठको दही बोकी ल्यायौँ, पैयूँको रूखको घाँस ।

खड्को : कहाँ बसे व्रह्मा, कहाँ बसे वेद, कौन पाउ विष्णु महेश,
कहाँ बसिन् सरस्वती, कहाँ बसे जप, कस मन धर्म हो कस मन पाप ?

जवाफ : शिर बसे व्रह्मा, कुम बसे वेद, दाहिने बसे विष्णु महेश,
घट बसिन् सरस्वती , शिव बसे जप, यही मन धर्म हो यही मन हो पाप ।

खड्को : कसकी छोरी हो शिर सीता रानी , कसका छोरा लक्ष्मण राम,
कसका छोरा चन्द्रमा घाम, कसका छोरा हौ वीर हनुमान ?

जवाफ : जनककी छोरी हो शिर सीता रानी , दशरथका छोरा लक्ष्मणा राम,
कश्यपका छोरा चन्द्रमा घाम, वायुका छोरा हुन् वीर हनुमान ।

खड्को : के भनि आयौ मातालाई के भनी आयौ पितालाई
के भनी आयौ देवि देउरालीलाई, के भनी आयौ गण्डकीलाई ?

जवाफ : बस है भनी आयौँ मातालाई, साथै ल्यायौँ पितालाई,
धजापताका चढाउँदै आयौँ देवी देउरालीलाई,
हरहर भन्दै आयौँ गण्डकीलाई ।

*नन्द प्रसाद वराल, वर्ष ७१*
*पुँचेटोल, तप्राङ*

## १०) सिलोक

**अड्को**

ढोकाबाट घर गयो मलाई ठूलो डर भयो
कताबाट जाँऊ म मर्ने कर भयो ।
बचाइ दिने को होला मर्ने भयो लौ झोला
यो कथा के होला जान्नु हुन्छ कि नहोला ॥

**जवाफ**

भागी गयो घर भनी छट्पटियो,
माझीका जालमा परी लट्पटियो ।
कानमा समाएर वीना कसुरमा
हाल्यो हो माछो घरी फुर्लुङ्मा ॥

**अड्को**

डोको नाम्लो कुनै छैन सधैँ भारी बोकीबोकी
आराम गर्दछ त्यसले भारी भित्रै लुकीलुकी ।
जहाँ गए पनि भारी छाड्दैन कहिल्यै अनि
छाड्दैन त्यसले भारी सृष्टि गर्नै परे पनि ॥

जवाफ

न त डोको न त नाम्लो  न त गुन्द्री काम्लो
न त डोरी ज्यौरो न त सिखी साङ्लो ।
त्यै भारीभित्र लुकी बस्ने बानी
शङ्खे कीरा हो भनि लेऊ जानी ॥

*मोति प्रसाद अधिकारी , वर्ष ८५*
*भेडीखर्का, तप्राङ*

## ११) तीजको गीत

बाबाको घरमुनि ढुङ्गे धारो पँधेरो
हामी चेली घर जाँदा मनै अँधेरो
सम्झेउला नि बाबाले मैले पानी भरेको
सम्झउली नि आमाले मैले दुःख गरेको

सम्झेउला नि दाजुले भित्र बाहिर गरेको
सम्झेउली नि भाउजुले बेसी झरेको ।

*शर्मिला शर्मा वराल, वर्ष ३५*
*माझगाउँ , तप्राङ*

## १२) तीजको गीत

छैनन् माइती भनौँ भने डाँडैभरि माइती
छन माइती भनौँ भने लिन आएनन्
गोठैमा राम्रो माली भन्ने गाईले
माइतै राम्रो दाजुभाइले
बाबाले दिएको शिर लाउने शिरफूल
आमाले दिएको छाता बरिलै
वर्ष र दिनमा आउने यो तीज
जुनेली भइदेऊ रात बरिलै ॥

*सुन्दरी परियार, वर्ष ३२*
*गच्की, तप्राङ*

## १३) तीजको गीत

ए, किन बाबु झोक्रिएको मनमा सन्चो छैन र
तीज आयो दिदी लिन जाने होइन र
हुनी खानी भइन दिदी टेर पुच्छरै लाउँदिनन्
जानुमात्रै हुन्छ आमा आउँदै आउँदिनन्
माइती हेप्ने बाटो हुन्छ बाबु तेरो भेनालाई
जे भए नि एक चोटी त जा भो लिनलाई
वर्षैपिच्छे लिन जाँदा फर्केको छु रित्तो हात
यसपालि त पैले मैले फोनमा गर्छु बात

ए, तिमी र म स्कूल जाँदा खाजा खाने ठाउँबाट
चिन्यौ दिदी भाइ बोलेको माइती घरबाट

के छ कान्छा तेरो खबर कस्तो त आमालाई
कति कामले सम्झिएर फोन गरिस त भाइ
सहरतिर के छ कुन्नि गाउँतिर त तीज आयो
दिदी सम्झी तीज सम्झी मुटु बिजायो
पोहोर साल दुःख पाइस् ऐले दुःख नपाएस्
यसपालि नि भ्याउँदिन म लिन नआएस् ।

*सेती घर्ती र विष्णु क्षत्री*
*भेडीखर्का, तप्राङ*

## १४) भैलो

भैलिनी आइन् आँगन
गुन्युँ चोलो मागन
हे औंसीबार गाईतिहार -भैलो
भैलिनी आइन् आँगन
बढारी कुडारी राखन
हे औंसीबार गाईतिहार -भैलो
हरियो गोबरले लिपेको लक्ष्मीपूजा गरेको
हे औंसीबार गाईतिहार -भैलो
हामी त्यसै आएनौं
बलि राजाले पठाए
हे औंसीबार गाईतिहार -भैलो
छानामाथि घिरौंला
के के दिन्छन् हेरौंला
हे औंसीबार गाईतिहार -भैलो
दिने भए सिदा देऊ
नदिने भए बिदा देऊ
हे औंसीबार गाईतिहार -भैलो
जसले दिन्छ मानो
उसको सुनको छानो

हे औँसीबार गाईतिहार -भैलो
जसले दिन्छ पाथी
उसको सुनको छाती
हे औँसीबार गाईतिहार -भैलो
जसले दिन्छ मुरी
उसको सुनको धुरी
हे औँसीबार गाईतिहार - भैला
माटो छुँदा अन्न होस्
ढुङ्गो छुँदा सुन होस्
हे औँसीबार गाईतिहार - भैला

*सञ्जय वराल र दशरथ वराल*
*चाँसु, तप्राङ*

## १५) देउसी

ए भन भन भाइ हो - देउसीरे
ए राम्ररी भन - देउसीरे
ए स्वर मिलाइकन - देउसीरे
ए झिलीमिली झिलीमिली - देउसीरे
ए केको झिलीमिली - देउसीरे
ए बत्तीको झिलिमिली - देउसीरे
ए वर्षै दिनको - देउसीरे
ए चाड तिहार - देउसीरे
ए मनाउन भनि - देउसीरे
ए आएका हामी - देउसीरे
ए रातो माटो - देउसीरे
ए चिप्लो माटो - देउसीरे
ए लड्दै पड्दै - देउसीरे
ए घुँडा ठोक्दै - देउसीरे
ए हामी त्यसै - देउसीरे

ए आएका होइनौं — देउसीरे
ए बलिराजाले — देउसीरे
ए पठाएर — देउसीरे
ए आएका हामी — देउसीरे
ए घरवेटी आमै — देउसीरे
ए छिटो गर्नोस् — देउसीरे
ए यहाँमात्रै होइन — देउसीरे
ए देसै संसार — देउसीरे
ए यसै घरमा — देउसीरे
ए लक्ष्मीले — देउसीरे
ए बासै गरून् — देउसीरे

*चूडामणि वराल र रामनाथ वराल*
*माझगाउँ, तप्राङ*

## १६ ) गोठाले गीत

दैलामुनि फूलबारी टम्मै छ
मनमा के छ भन्नेलाई सम्मै छ ।
(सिमसिम पानी रैछौ बेमानी)
दाजु बैदार भाइ कलम सिउरेको
मेरै रैछ करिम बिउरेको ।
(सिमसिम पानी रैछौ बेमानी)
हिजो मैले गरिन धरिम
आज मेरो विग्रियो करिम
(सिमसिम पानी रैछौ बेमानी)
करिमले छेउ लाउँदै गको छ
जस्ले जसो भने नि भको छ
(सिमसिम पानी रैछौ बेमानी)

*नैनाश्री गुरुङ, वर्ष ३७*
*गुरुङगाउँ, तप्राङ*

## १७) रत्यौली

दाजुभाइ दगुरे जन्त
रतेउलीमा भुल्या छ यो मन त
दाइ गयो म जान पाइन
फूल भरेको पुतली रेलैमा

भरे त बुहारी आउँछे
सासूलाई बोकेर डुलाउँछे ।

हेर आमा बालेर ज्योति
ल्याएँ मैले जुगजानी श्रीमती

*रमा वराल र मधु देवकोटा*
*पुँचेटोल, तप्राङ*

## १८) रत्यौली

कल्ले खाला अहिलेको कमाई
जानुपर्‍यो रेलको झ्याल समाई
गयौ बाबु डोलीमा चढेर
दूधको भारा सारीले तिरेर
भरे त बुहारी आउँछे
ए आमा भनेर बोलाउँछे
भरे त बुहारी आउँछे
सासुलाई बोकेर डुलाउँछे
पोत्नु पर्‍यो अर्काको भित्तो
जन्म दिने आमाको काख रित्तो

अझै पनि पुगेन धोका
रातो डोली चौंरी गाई त्यहीं रोक
कहाँमा राखौं आमा गौदानको गाई
कहाँमा राखौं आमा सीता माईलाई
गोठैमा राख बाबु गौदानको गाई
कोठैमा राख बाबु सीता माईलाई

बाबुले ल्याएको झोला
आमाले खोल्न होला कि नहोला
बाँसको जराको पानी
जानदेउ खेतलाई पसानी
उज्यालो भएकै छैन
झुक्यायो जुनतारा पापीले
रत्यौलीले जुलुम्मै पार्‍यो
घरमा गाली गर्छन् कि लौ मार्‍यो

*बसन्धरी वराल र पुर्णिमा वराल*
*किरिम डिल, तप्राङ*

## १९) **असारे गीत**

असारमा खाने दुधिलो मकै साउनमा खाने खीर
घरमा छैन सितलो बचन मनैमा छैन थिर
न भित्र बोक्रो न बाहिर खोक्रो गुलियो कसार
पूर्वको ढोका उघारी हेर्दा लागेछ असार
असारे मासको दवदवे हिलो छि मलाई घीन लाग्यो
पातली नानीलाई फरिया किन्दा छविसै रिन लाग्यो
छुपु र छुपु खेतै र रोपौं हातमा बीउ छउन्जेल
भलै र खाउँला भलै र लाउँला बाबाको जीउ छउन्जेल
आज र मैले घाँसै र काटैं खोलीको सिरिङे

हलीलाई लाउला कैटेको व्यथा बाउसेलाई भिरिङे
कस्की हौ छोरी कस्की हौ बुहारी
हातको पाँजो आलीमा राखी आउ खेलौँ जुहारी
झ्यालैमा बस्यो लामखुट्टे लाग्छ खोपीमा उपियाँ
सारीमा दिँदा चालमा पाउँछन् लउ कान्छी रूपियाँ
असारे मैना घाम चर्को धेरै खाउँ पानी खोपेर
म सानो देखी हे दाजु तिम्ले नबोल हेपेर
तिर्खामा लाग्यो धोकोमा थियो पानीमा खानको
देख्दामा सानी रहिछ्यौ नानी बेसारे पानको
हिलै र लाग्यो धुलै र लाग्यो कुसुमे साडीमा
हलीको टाउको मुसाले लग्यो खुर्सानी बारीमा
दुलाहाभन्दा मायालु नाठो हितैको परानी
हली है राजा खेताली रानी बाउसे खरानी

*लक्ष्मी गुरुङ र पार्वती बि.क.*

*चिप्ली,*

## २०) जेठे गीत

जेठै र मासाको यिनै चर्का घाम एकलै घैया गोडछु नि है
कहाँमा गए तिमरा ससूरा एकलै घैया गोड्छ्यौ नि है
सधैँका सभा हामरा ससुरा कैले पो घैया गोड्थे नि है।
कहाँमा गइन् तिमरी सासु एकलै घैया गोड्छ्यौ नि है
सधैँकी घर कुरूवा हामरी सासु केलैको घैया गोड्थिन् है।
कहाँमा गए तिमरा जेठाजु एकलै घैया गोड्छ्यौ नि है
जुवाडे बानी सधैँको तास खेल्ने कहाँको घैया गोड्थे नि है।
कहाँमा गइन् तिमरी जेठानी एकलै घैया गोड्छ्यौ नि है
सधैँकी भान्छा राख्छिन् जेठानी कहिले पो घैया गोड्थिन् र है।
कहाँमा गए तिमरा देवर एकलै घैया गोड्छ्यौ नि है
सधैँका पढाउने हामरा देवर कैले घैया गोडथे नि है।

कहाँमा गइन् तिमरी देवरानी एकलै घैया गोड्छ्यौ नि है
सधैँको दुधे बालक भन्छिन् कैले पो घैया गोड्थिन् नि है ।
कहाँमा गइन् तिमरी नन्द एकलै घैया गोड्छ्यौ नि है
सधैँमा स्कुल जाने कैले पो घैया गोड्थिन् नि है ।

*यमबहादुर ठकुरी र काइली ठकुरी*
*भुमरेटोल, तप्राङ*

## २१) दाँइ गीत

हो, हो, दाइँ बरादो हो हो ।
माली गाईको बाच्छो पुतली गाईको नाति
हिंड्न लाग्यो मेरो भाइ बरादो धान पराल माथि माथि
हो हो, असी मुरी झरूवा बार बीस रास
हो हो, दाइँ बरादो हो हो ।
मालदाम्ला फिँजारेर बाँध्यो नि मेरो भाइ बरादो
खुरले माडिदेऊ पुच्छरले डोलाइदेऊ
हो हो, दाइँ बरादो हो हो ।
मियाको गोरूको बाटुलो जुरी
आजका रासमा तीन सय मुरी
हो मेरा भाइ बरादो हो हो ।
छिटो गर बरादो धान पराल छुट्याइ सक आफ्नो काम
अनि पाउँछौ बरादो कामको माम
हो हो दाइँ बरादो हो हो ।

*नन्दप्रसाद बराल र हरिप्रसाद देवकोटा*
*माझगाउँ, तप्राङ*

## २२) झ्याउरे छन्दः

केटी : हा..., चलन छ बिहे गर्ने, झ्याउरे जिते टुङ्गो लाइदेऊ माया के गर्ने,
केटा : हा..., मर्दालाई के को डर, हारे हली बसौँला माया तिमरो घर ।

केटा : हे..., ठोक मादल झरेनि खरी, मन मिल्ने आरैछिन दौतरी ,

फूल फुल्यो बामरी, मेरो माया नाचिदेऊ राम्ररी ।

केटी : हे..., मेटिदैन करिम मेटेर, खुसी भाछु सोल्टीज्यू भेटेर,

फूल फुल्यो बामरी, मेरो माया नाचिदेऊ राम्ररी ।

हा..., हातै काट्यो चालिसे चुराले माया फाँट्यो गाउँघरका कुराले ।

हा..., घर त मेरो पातीले बारेको रून मलाई कर्मैले पारेको ।

*नरजङ्ग आले मगर र नन्दकली राना मगर*

*भुमरेटोल, तप्राङ*

## २३) झ्याउरे छन्दः

१.

हा.हा., सिक्लेसमा हिउँ पऱ्यो सेतै जता माया यो मन छ तेतै

हा.हा., सिक्लेस माथि बादलु बस्यो पानी झरी पर्नालाई, हो हो माया पानी झरी पर्नालाई

हा.हा., सिउँदामा खाली राखी छौ माया बुकी मैले भर्नलाई, हो हो माया बुकी मैले भर्नालाई

सिक्लेसमा हिउँ पऱ्यो सेतै जता माया यो मन छ तेतै

हा.हा., दैलोमा राम्रो लिप्दा र पोत्दा छानो राम्रो खरको, हो हो माया छानो राम्रो खरको

हा.हा., हितैको माया सम्झेर आएँ नठान है परको, हो हो माया नठान है परको ,

सिक्लेसमा हिउँ पऱ्यो सेतै जता माया यो मन छ तेतै

२.

हे, यो ज्यानलाई बिरसेउ कि कुन्नि चिच्याएर बोलाउँदा नसुन्नी,

बिरसेउ कि कुन्नि चिच्याएर बोलाउँदा नसुन्नी,

हे, बस्न मन छ यो ज्यानको आडैमा गोधूलीमा भेट्न आऊ है डाँडैमा

यो ज्यानको आडैमा गोधूलीमा भेट्न आऊ है डाँडैमा

३.

वैँस छँदा जाऊ भन्दा मानिनौ, अब तिम्लाई कसले लान्छ र,

४.

मेरो माया चौतारी पेटीमा मैले रमन घुम्दा नि भेटिँन

*नन्दराज गुरुङ र केशरी गुरुङ*

*गुरुङटोल, तप्राङ*

## २४) भजन

१.

जपिंदैँन हरि मनमा पीर नपरी

मनका हरि चिन बाहिर खोज्दै नहिड ।

२.

सन्जे जगाऊ भक्त आरती जगाऊ – २

आरतीको बेला भो भक्त हो हरि कीर्तन गाऊ

हरि हरि, आरतीको बेला भो भक्त हो हरि कीर्तन गाऊ – २

लेऊ हरि कै नाम भक्त जपन हरिकै नाम – २

हरि कीर्तन गाउँदा गाउँदै वैकुण्ठमा जाम

हरि हरि, हरि कीर्तन गाउँदा गाउँदै वैकुण्ठमा जाम – २

जय दूर्गामाता कीर्तन गाउँछौँ अब त ......

*मोहन वराल र नरहरि वराल*

*तम्चे, तप्राङ*

## २५) भजन

१.

रामलाई बनीवास भरतलाई रजाइँ

रामलाई सम्फेर है सीता नरोऊ वनमा

मैलै चिनिन कि रामकी सीता होइनौ कि

सीताका आँसुले बिन्द्रावनमा ताल पऱ्यो

मथुराको तातोपानी खान हुँदैन

गोकुल छाडी मथुरा जान हुँदैन ।
अघि अघि कृष्णजी पछि बलराम
नजाऊ कृष्ण मथुरा चर्को लाग्छ घाम
कृष्णजीको मुरली आधा डढेको
त्यही पनि राधिकालाई मन परेको
सोर सय गोपिनी जमुनामा थिए
ख्याल गरे कृष्णले सारी लुकाइ दिए ।
लेऊ कृष्ण सारी कति बसौँ जालैमा
लेऊ लेऊ सारी लैजाऊ तिम्रो मुरली ।

२.
कति सुहायो कति सुहायो
नागको माला बाघको छाला कति सुहायो ।
कति सुहायो कति सुहायो
महादेवलाई पार्वती कति सुहायो ।
उनै शिवजी उनै शिवजी
नागको माला बाघको छाला चन्द्रमाको टिको ।
शिवशङ्कर भोला भरे बाटामा
पार्वतीलाई भेटियो गौरी घाटमा ।
कैलाशमा शिवजी छन् छन त
दर्शन दिन्छन् दिंदैनन् जाऊ जान त ।
धूप, दीप नैवेद्य सबै वरितालाई
लाख बत्ती शिवलाई धर्म करितालाई
एकादशी तुलसी तिलको दान
हामलाई पनि वैकुण्ठ लैजाउ भगवान् ।

*डण्डीराज वराल र कृष्ण बहादुर क्षत्री*
*भेडिखर्का, तप्राङ*

## विश्लेषणमा नपरेका तर हाल चर्चित आधुनिक शैलीका गीतहरू :

१.

**<u>सालको पातको टपरी हुने</u>...,**

केटा : भाको एउटा जाले रुमाल फूल भरेको छैन ,
के लैजान्छौ सानु तिम्ले पिरतीमा बैना ।
ए हे बरै – २,
सालको पातको टपरी हुने, हे बरै नहुनी सल्लैको

केटी : तिम्रो माया कति छ कति हे बरै नलाऊ पछि हल्लैको
मुटु कहाँ बैना मार्‍यौ मै सोझीलाई जलाई
कलेजीमा झुपडी देऊ रुमाल नदेऊ मलाई
ए हे बरै – २,
सालको पातको टपरी हुने, हे बरै नहुनी सल्लैको

केटा : पानीको रिस गर्ने माछी कहाँ होला र सानु
डालीको रिस फूलले गरे मैले त के जानु
ए हे बरै – २,
सालको पातको टपरी हुने, हे बरै नहुनी सल्लैको

केटी : छेउमै छ नि लाली फूल प्याउली किन हेर्छौ
जुग काट्ने आशा छ मलाई मन किन फेर्छौ
ए हे बरै – २,
सालको पातको टपरी हुने, हे बरै नहुनी सल्लैको

*कुलेन्द्र वि.क. र विष्णु माझी*

२.

**<u>ढाँटे भए मरिजाम</u>...,**

केटी : पीरतीले सताएर रुम की हाँसुम भैच,
ए, सबले भन्छन हाम्रो जोडी राधाकृष्ण झैँ छ ।
ढाँटे भए मरिजाम
कहाँ गयो जुरेली किन गीत गाउँदैन,
तिम्रो जति मया त लालु मै किन होला कसैको लाग्दैन ।


केटा : तिम्रो माया बढ्यो बरै कलेजीको नित्ती,
ए, ऐ गालपारा पिरती पार्‍यो फिटिफिटि ।

ढाँटे भए मरिजाम
कहाँ गयो जुरेली किन गीत गाउँदैन,
तिम्रो जति मया त लालु मै किन होला कसैको लाग्दैन ।

केटी : मेरो माया झलमल हिँउचुलीको हिँउ झैँ ,
ए, जिन्दगीको धितो राखी मुटु पैँचो दिउ झैँ ।
ढाँटे भए मरिजाम
कहाँ गयो जुरेली किन गीत गाउँदैन,
तिम्रो जति मया त लालु मै किन होला कसैको लाग्दैन ।

केटा : हिजोआज मुटु पनि चल्न थाल्यो दुई ताल,
ए, भेट्दा खेरी हांस्यो बोल्यो छुट्दा खेरी उही ताल ।
ढाँटे भए मरिजाम
कहाँ गयो जुरेली किन गीत गाउँदैन,
तिम्रो जति मया त लालु मै किन होला कसैको लाग्दैन ।

*(विष्णु माझी र सन्दीप न्यौपाने )*




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# १२. सन्दर्भ कृति सूची

**क) पुस्तकहरू :**


१. अधिकारी, सबिताको, **लमजुङ भोर्लेटार क्षेत्रमा प्रचलित लोकगीत** (२०७०) शोधपत्र, नेपाली विभाग, पृ.ना. क्या. ।

२. गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, कास्की २०७४ ।

३. गुरुङ, हीरादेवीको, **पार्चे र नामार्जुङ गाउँका गुरुङ वस्तीमा प्रचलित लोक साहित्य** (२०७०) शोधपत्र, नेपाली विभाग, पृ.ना. क्या. ।

४. गौतम, शोभाकान्त (२०५४), **लुम्ले गा.वि.स.मा प्रचलित गीतको सङ्कलन, वर्गीकरण,** पोखराः नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

५. चापागााई, भुपेन्द्र (२०६३), **भुक क्षेत्रमा प्रचलित गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** पोखराः नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

६. जोशी, सत्यमोहन (२०४१), **हाम्रो लोक सस्कृति**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

७. तिमिल्सिना, डिल्लीराम र भण्डारी माधव (२०५५), **छन्द र अलङ्कार,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

८. थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१, **नेपाली लोकसाहित्यको विवेचन**, काठमाडौँ, पा.वि.के.,त्रि.वि.।

९. थापा धर्मराज र सुवेदी हंशपुरे (२०४१), **नेपाली लोक साहित्यको विवेचना**,

१०. न्यौपाने, कुसुमाकर, (२०७०), **नेपाली लोकगीत**, फिस्टेल पब्लिकेसन प्रा.लि., पोखरा ।

११. न्यौपाने, कुसुमाकर (२०४४), **पैयुँखोले लोकगीतको सङ्कलन**, काठमाडौँ : नेपाली केन्द्रीय विभाग ।

१२. न्यौपाने, कुसुमाकर, **पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन** ( २०६६) विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग ।

१३. पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन प्रा.लि.।

१४. पोखरेल, बालकृष्ण (२०४०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने. रा. प्रज्ञाप्रतिष्ठान ।

१५. पृथ्वी वाङ्मय, पोखराः नेपाली विभाग, पृ.ना. क्या. ( प्राय सबैजसो ) ।

१६. बन्धु, चूडामणि,(२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स ।

१७. बस्याल, जीवलाल (२०५३), **लोकगीत र लोकगीतका तत्त्वहरू** : मिर्मिरे,(वर्ष २५, अंक १२) ।

१८. भट्टराई, भरतमणि, **हंसपुर गा.वि.स.मा प्रचलित लोकगीतको संकलन र विश्लेषण** (२०६२) शोधपत्र, नेपाली विभाग, पृ.ना. क्या. ।

१९. मादी गाउँपालिका वस्तुगत विवरण, कास्की – २०७५ ।